सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१० साउन २०८२, शनिबार (26 July 2025, Saturday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १०४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ बागमतीमा आफ्नै मुख्यमन्त्री फेर्न कांग्रेस संसदीय दलमा अविश्वास प्रस्ताव

सभापति देउवाको 'ग्रिन सिग्नल'पछि बहुमत सांसदको मुख्यमन्त्री लामाविरुद्ध हस्ताक्षर

इन्द्र बानियाँका पक्षमा ३७ मध्ये २१ सांसद उभिए

■ मुख्यमन्त्री बहादुरसिंह लामा भन्छन्-

अविश्वास प्रस्ताव सामना गर्न तयार छु



गठबन्धनको सरकार भएकाले सहमतिअनुसार समयावधि सकिएको भए स्वाभाविक रूपमा राजीनामा दिनुपर्थ्यो र दिन्थें। तर, अहिले त्यस्तो अवस्था होइन। पार्टीकै साथीहरूले दलको नेता फेर्नुपऱ्यो भनेर अविश्वासको प्रस्ताव दर्ता गरेको थाहा पाएँ। यो ठुलो विषय भएन। अविश्वासको प्रस्ताव सामना गर्न तयार छु। गठबन्धन सरकार भएकाले काम गर्दा या छाड्दा पनि सहमतिअनुसार अघि बढ्नुपर्छ।

■ बागमती सभापति इन्द्र बानियाँ भन्छन्-

मुख्यमन्त्रीले नेतृत्व दिन सक्नुभएन



कांग्रेसले विश्वासका आधारमा लामाजीलाई दलको नेता बनाएको थियो। तर, उहाँले सोचेअनुरूप नेतृत्व प्रदान गर्न सक्नुभएन। प्रभावकारी काम गर्न नसक्दा अधिकांश साथीले उहाँमाथि विश्वास गर्ने वातावरण रहेन। त्यही कारण अविश्वासको प्रस्ताव दर्ता गर्नुपरेको हो। यसमा केन्द्रीय नेतृत्वको कुनै हस्तक्षेप हुँदैन। पार्टी सभापतिसँग विभिन्न विषयमा छलफल र परामर्श भएको छ, फेरि हुन्छ। विधानअनुसार निर्णय गर्न स्वतन्त्र छौं।

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेशमा सरकारको नेतृत्व गरिरहेको कांग्रेसमा उत्पन्न आन्तरिक विवाद मुख्यमन्त्री हेरफेरतिर उन्मुख भएको छ। मुख्यमन्त्री बहादुरसिंह लामा (तामाङ)लाई हटाउने उद्देश्यसहित कांग्रेसका प्रदेश सभा बहुमत सदस्यले संसदीय दलमै अविश्वास प्रस्ताव दर्ता गरेका छन्। असन्तुष्ट समूह लामालाई हटाएर प्रदेश सभापति इन्द्रबहादुर बानियाँलाई दलको नेता बनाउने तयारीमा छ। यसमा पार्टी सभापति शेरबहादुर देउवाले पनि 'ग्रिन सिग्नल' दिएका छन्। लामा गत वर्ष ९ साउनमा मुख्यमन्त्री भएका थिए।

■ हस्ताक्षर गर्न चार मन्त्रीले पनि दिए राजीनामा

■ सत्तासाझेदार एमालेले भन्यो-

कांग्रेसले मुख्यमन्त्री हेरफेर गरे पनि गठबन्धनमा फरक पर्दैन

लामालाई संसदीय दलको नेताबाट हटाउन कांग्रेसका २१ जना प्रदेश सभा सदस्यले संसदीय दलको कार्यालयमा अविश्वासको प्रस्ताव दर्ता गरेका छन्। उनीहरूले हस्ताक्षरपत्र संसदीय दलका सचिव कृष्णकुमार तामाङलाई बुझाएका छन्। पार्टी प्रदेश सभापतिसमेत रहेका प्रदेश सभा सदस्य इन्द्रबहादुर बानियाँको पहलमा अविश्वासको प्रस्ताव दर्ता भएको छ। यसमा चारजना मन्त्रीसमेत छन्।

हस्ताक्षरकर्ता सांसदहरूको नेतृत्व कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँले लिएका छन्। उनकै समन्वयमा संसदीय दलका ३७ मध्ये २१ जना सांसदले लामाविरुद्ध अविश्वास प्रस्तावमा हस्ताक्षर गरेका छन्। संसदीय दलको नेता परिवर्तनका लागि १९ जना आवश्यक हुने भए पनि २१ जना सदस्यले हस्ताक्षर गरेपछि नेता परिवर्तन सहज देखिएको छ। कांग्रेस विधानअनुसार मुख्यमन्त्री बन्न संसदीय दलको नेता हुनुपर्छ। कांग्रेस विधानअनुसार २५ प्रतिशत सांसदको हस्ताक्षरमा अविश्वासको प्रस्ताव दर्ता गर्न सकिने भए पनि ५० प्रतिशतभन्दा बढीको समर्थन प्राप्त भएको र अब नयाँ संसदीय दलको नेताको चयन प्रक्रिया अगाडि बढ्ने बताए। प्रदेश संसदीय दलको विधानको धारा १८ अनुसार अविश्वासको प्रस्ताव दर्ता भएपछि १५ दिनभित्र दलको बैठक बोलाउनुपर्ने प्रावधान छ। त्यहाँ लामाको परीक्षण हुनेछ।

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ सत्तामा साझेदारी, ठेक्कामा भागबन्डा

पासपोर्टको आठ अर्बको टेन्डर टुक्र्याएर प्याकेज १ एमाले र प्याकेज २ कांग्रेसलाई

■ 'प्रिन्टर'को संख्यामा पनि छलछाम, पासपोर्टको अभाव हुने जोखिम

नवराज मैनाली/नयाँ पत्रिका

६४ लाख थान ई-पासपोर्ट छपाइका लागि गरिएको बोलपत्र प्रक्रियामा शृंखलाबद्ध 'सेटिङ' भेटिएको छ। अनिवार्य प्राविधिक मापदण्ड उल्लंघन गर्दै राहदानी विभागले दुई जर्मन कम्पनीको बोलपत्र स्वीकृत गर्दा सार्वजनिक खरिद नियमावलीसमेत मिचिएको छ। त्यति मात्र होइन, सत्ता साझेदारी गरिरहेका कांग्रेस-एमालेले आठ अर्बभन्दा बढीको पासपोर्ट छपाइको टेन्डरमा पनि भागबन्डा गरेका छन्। टेन्डर टुक्र्याएर पासपोर्ट छपाइको ठेक्का दिइएको छ।

पासपोर्ट छपाइ गर्ने प्रिन्टर संख्यामा समेत 'टेक्निकल स्पेसिफिकेसन'मा उल्लेख गरिएभन्दा फरक प्रस्ताव स्वीकार गरिएको छ। प्रिन्टरको संख्याबारे बोलपत्रमा स्पष्ट रूपमा 'एन प्लस वान' प्रणाली अनिवार्य छ। जसअनुसार दुईवटा नियमित छपाइका लागि त्यसमध्ये कुनै बिग्रिएमा अर्को एउटा जगेडा प्रिन्टर चाहिने सर्त थियो।


पासपोर्ट छपाइको ठेक्का पाएको जर्मन कम्पनी भेरिडासले दुईवटा मात्र प्रिन्टरको प्रस्ताव गर्दा पनि स्वीकार गरिएको थियो। पछि मापदण्ड मिलाउन कम्पनीसँग 'बोनस'स्वरूप तेस्रो प्रिन्टर सित्तैमा दिने प्रतिबद्धता गराएर कागजात थप्न लगाइएको थियो। तर, यस आर्थिक प्रस्तावपत्रमा समावेश नभएकाले कानुनी रूपमा भेरिडास तेस्रो प्रिन्टर उपलब्ध गराउन बाध्य हुनेछैन।

ठेक्कासम्बन्धी कागजातअनुसार टेक्निकल स्पेसिफिकेसनको बुँदा नम्बर ४.२.१२ मा 'एन

» पृष्ठ २ मा क्रमशः

● सिद्धार्थ थापा भन्छन्-

हामीले प्रतिघण्टा आठ सयवटा पासपोर्ट छाप्ने दुई प्रिन्टर दिने प्रस्ताव गरेका छौं। साथै एउटा प्रिन्टर सित्तैमा दिने पनि प्रतिबद्धता छ, त्यसकारण छपाइमा कुनै समस्या हुँदैन। यो ठेक्कालाई राजनीतिक रूपमा जोड्न मिल्दैन। हामीले पारदर्शी रूपमा प्रतिस्पर्धा गरेर ठेक्का पाएको हो, ठेक्का नपाउने कम्पनीले अनावश्यक विवाद गरिरहेको छ।




थापाले एउटा प्रिन्टरले प्रतिघण्टा आठ सय पासपोर्ट छाप्ने दाबी गरे। तर, उनका वकिलले सार्वजनिक खरिद पुनरावलोकन समितिमा पेस गरेको बहस नोटमा भने ५-६ सय प्रति मात्र छाप्न सक्ने स्वीकार गरेका छन्।

■ ६ अर्ब ११ करोडको ठेक्का कांग्रेस र एक अर्ब ५५ करोडको ठेक्का एमालेका ठेकेदारलाई



सिद्धार्थ थापा
राहदानी छपाइको मूल ठेक्का (प्याकेज २) पाउने जर्मन कम्पनी भेरिडासका नेपालका प्रतिनिधि



मनिन्द्रकुमार मल्ल
प्याकेज १ को ठेक्का पाउने जर्मन कम्पनी म्युहलबाउर आइडी सर्भिसका नेपालका प्रतिनिधि

काठमाडौं/ सत्ता साझेदारी गरिरहेका कांग्रेस-एमालेले पासपोर्ट छपाइको टेन्डरमा पनि भागबन्डा गरेका छन्। बोलपत्रमा शृंखलाबद्ध मिलेमतो देखिँदा सत्तासाझेदार दलनिकटका ठेकेदार (ठेक्का पाउने जर्मन कम्पनीका नेपाल एजेन्ट)ले टुक्र्याएर ठेक्का पाउनु पनि सन्देहपूर्ण देखिएको छ। टेन्डरलाई प्याकेज १ र प्याकेज २ गरी टुक्र्याएर ठेक्का दिइएको छ।

प्याकेज १ को ठेक्का पाउने जर्मन कम्पनी म्युहलबाउर आइडी सर्भिसका नेपालका प्रतिनिधि व्यवसायी मनिन्द्रकुमार मल्ल हुन्। उनी एमालेनिकट भएर ठेक्कापट्टामा आबद्ध छन्। उनले पासपोर्टको सिस्टम तयार गर्ने एक अर्ब ५५ करोडको ठेक्का पाएका छन्।

राहदानी छपाइको मूल ठेक्का भने भेरिडासले पाएको छ। जसको नेपालका प्रतिनिधि सिद्धार्थ थापा हुन्। राष्ट्रपति रामचन्द्र पौडेलका सल्लाहकार रहेका सुनील थापाका छोरा सिद्धार्थको परराष्ट्रमन्त्री आरजु देउवालगायत कांग्रेस नेताहरूसँग निकटता छ। उनले ६ अर्ब ११ करोड रुपैयाँमा ठेक्का

» पृष्ठ २ मा क्रमशः

■ टेन्डरको विवाद चलिरहँदा परराष्ट्रमन्त्री राणा जर्मनीमा



नेपालमा पासपोर्ट छपाइको ठेक्कासम्बन्धी विवाद चलिरहँदा परराष्ट्रमन्त्री आरजु राणा देउवा भने जर्मनी पुगेकी थिइन्। खाद्य तथा कृषि संगठन (एफएओ)को सम्मेलनमा भाग लिन असार दोस्रो साता इटाली पुगेकी उनले जर्मनीको बर्लिनसमेत पुगेर त्यहाँका विदेशमन्त्री डा. जोहान डेविड वेडफुलसँग भेटवार्ता गरेकी थिइन्। सरकारको समेत स्वामित्व रहेका दुई जर्मन कम्पनीले पासपोर्ट छपाइको ठेक्का पाएका छन्। पासपोर्टको ठेक्कामा परराष्ट्रमन्त्री राणाले सुरुदेखि नै चासो राख्दै आएको राहदानी विभाग स्रोत बताउँछ। यस विषयमा प्रतिक्रिया लिन बिहीबार र शुक्रबार पटकपटक फोन गर्दा पनि मन्त्री राणा सम्पर्कमा आउन चाहिनन्। नयाँ पत्रिकाले गरेको 'टेक्स्ट मेसेज'को समेत उनले जवाफ फर्काइनन्।

■ विद्याको विद्रोह

ओलीको निर्णय अस्वीकार, राजनीतिक लडाइँको उद्घोष

नयाँ पत्रिका

पूर्वराष्ट्रपति विद्या भण्डारीले आफूलाई राजनीतिक रूपमा निष्क्रिय गराउने एमाले नेतृत्वको प्रयास संविधान, ऐन-कानुन र पार्टीको लोकतान्त्रिक मूल्य-मान्यताविपरीत रहेको दाबी गर्दै त्यसको प्रतिरोध गर्ने योजना सुनाएकी छिन्। पार्टी सदस्यता खारेज गर्ने एमाले केन्द्रीय कमिटीको कदमलाई उनले आवेग र उत्तेजनामा गरिएको अपरिपक्व निर्णय भन्दै आफ्नो सक्रिय राजनीतिलाई कसैले रोक्न नसक्ने चुनौती दिइन्।

एमाले पूर्वउपाध्यक्षको हैसियतमा शुक्रबार विशेष पत्रकार सम्मेलनमा देखापरेकी विद्या शालीन, तर चुनौतीपूर्ण शैलीमा प्रस्तुत भइन्। एमाले अध्यक्ष केपी ओलीले केन्द्रीय कमिटीबाट राजनीति प्रवेशमै निषेधको

» पृष्ठ २ मा क्रमशः



■ पार्टी सदस्यता नवीकरण नगर्ने 'हुलहुज्जत र आवेगको निर्णय' मान्य नहुने भन्दै विद्याले गरिन् राजनीतिक लडाइँमा साथ दिन पार्टीपंक्तिलाई आह्वान

■ पत्रकार सम्मेलनमा विद्याले भनिन्-

केही मुठीभर व्यक्तिहरूले हुलहुज्जतका भरमा र उत्तेजनामा आएर नवीकरण रोक्न मिल्दैन

● आवेग र उत्तेजनाका भरमा गरिएका यस्ता निर्णयले सत्यलाई अस्थायी रूपमा भ्रमित तुल्याउन सकिए पनि वास्तविकतालाई सधैं छोप्न सकिँदैन। विषद् छलफल गरीकन विवेकसम्मत ढंगले निर्णय लिनुपर्दछ भन्ने जबजको पार्टी निर्माणसम्बन्धी अवधारणाको मर्म पनि यही हो। पार्टी निर्माणसम्बन्धी जनवादी केन्द्रीयताको वैज्ञानिक सिद्धान्त प्रतिकूल हुने गरी गरिएको निर्णय वैध र परिपक्व हुने सक्दैन।

● राष्ट्रपतिको कार्यकाल सफलतापूर्वक पूरा गरिसकेपछि बाँकी जीवन पार्टीमै व्यतीत गरेर देश र जनताको हितमा भूमिका खेल्ने सोच राखेर विधिपूर्वक नै मातृ पार्टी एमालेको सदस्यता नवीकरण गरेकी हुँ। तर, त्यसलाई केही मुठीभर व्यक्तिहरूले हुलहुज्जतका भरमा र उत्तेजनामा आएर नवीकरण रोक्न मिल्दैन। पार्टीका आफ्नै प्रक्रिया हुन्छन्। पार्टी त प्रणालीमा चल्छ। कसलाई कति वेला के मन लाग्छ, त्यतिवेलै त्यही गर्नु राम्रो विषय होइन।

झ्याँनयाँ

दिल्लीका
दृश्यहरू



● **राजु स्याङ्तान**

दिल्लीमा सबथोक छ, तर सबथोक लापता छ। बोल्दैबोल्दै मान्छे लापता हुन्छ, हिँड्दाहिँड्दै बाटै लापता हुन्छ।



बहिनी पुष्पलताको स्मरणमा **पुष्पलाल**

माइला दाइ भन्नुहुन्थ्यो-

ठुलो दाइको सपना पूरा गर्नु छ



माइला दाइले भनेअनुसार नै मैले एउटा छोरालाई डाक्टर र अर्को छोरालाई इन्जिनियर बनाएँ। तर, छोराहरू डाक्टर र इन्जिनियर बनेको दाइलाई देखाउन पाइनँ।

हिमाल सफाइमा जीवन समर्पण



● **पूर्णकुमार (पिके) शेर्पा**
सगरमाथा आरोही

मेरो जीवन प्रकृतिलाई समर्पण गरिसकेँ। 'प्राण' रहुन्जेल प्रकृति जोगाउने 'प्रण' गरिरहन्छु। अझै धेरै गर्न बाँकी छ।

नेपालमै पहिलोपटक 'च्याफ्टिङ स्कुल'

जलस्रोतसँग सम्बन्धित आपत्कालीन उद्धारमा खटिने दक्ष जनशक्ति उत्पादन, च्याफ्टिङसम्बन्धी सैद्धान्तिक तथा व्यावहारिक ज्ञान दिइने, शैक्षिक अध्ययन तथा अनुसन्धान प्रवर्द्धनका साथै जलपर्यटनलाई आयआर्जनसँग जोड्ने उद्देश्यले विद्यालय सञ्चालनको तयारी

शिवहरि घिमिरे/नयाँ पत्रिका

सिन्धुपाल्चोकको बलेफी गाउँपालिका-५ चनौटेस्थित भोटेकोशी नदीकिनारमा नेपालमै पहिलोपटक 'च्याफ्टिङ स्कुल' सञ्चालन हुने भएको छ। जलस्रोतसँग सम्बन्धित आपत्कालीन उद्धारमा खटिने दक्ष जनशक्ति उत्पादन, च्याफ्टिङसम्बन्धी सैद्धान्तिक तथा व्यावहारिक ज्ञान प्रदान, शैक्षिक अध्ययन तथा अनुसन्धान प्रवर्द्धनका साथै जलपर्यटनलाई आयआर्जनसँग जोड्ने उद्देश्यले विद्यालय सञ्चालनको तयारी गरिएको हो।

पर्यटन विभागले भोटेकोशी नदीकिनारको भौगोलिक र भौतिक बनावट च्याफ्टिङ तालिमका लागि उपयुक्त रहेको ठहर गर्दै उक्त स्कुलमा लगानी गरेको छ। हाल नदीनजिकै झन्डै २० रोपनी क्षेत्रफलमा फैलिएको परिसरमा करिब १३ करोड रुपैयाँको लागतमा आवश्यक संरचना निर्माण भइसकेको छ। आगामी असोजदेखि सञ्चालनमा ल्याइने विद्यालयमा कक्षाकोठा, प्रशिक्षण हल,

» पृष्ठ २ मा क्रमशः

■ भोटेकोशी नदीकिनारमा १३ करोडको संरचना तयार





सिन्धुपाल्चोकको बलेफी गाउँपालिका- ५ चनौटेस्थित भोटेकोशी नदीकिनार क्षेत्रमा च्याफ्टिङ स्कुल सञ्चालनका लागि बनेको संरचना।

यहाँ ६ महिनासम्मको कोर्स सञ्चालन गरिनेछ। भर्ना हुन दुई वर्षदेखि च्याफ्टिङ तथा जलाशय क्षेत्रमा काम गरेको हुनुपर्नेछ। पहिलो चरणमा १६० विद्यार्थी भर्ना लिइनेछ। आगामी असोजदेखि सञ्चालनमा ल्याइने लक्ष्य रहेको विद्यालयमा कक्षाकोठा, प्रशिक्षण हल, पौडीपोखरीसहित च्याफ्टिङ तालिमका लागि आवश्यक अन्य पूर्वाधार तयार भइसकेका छन्।

तीन तहबिच समन्वय नहुँदा सञ्चालनबारे अझै अन्योल

नेपाल पर्यटन तथा होटेल व्यवस्थापन समिति (नाथम)ले 'नेसनल ह्वाइट वाटर स्कुल बलेफी' कार्यविधि पास गरिसकेको छ। कार्यविधिकै आधारमा च्याफ्टिङ स्कुल सञ्चालक समिति बनेको छ। तीन तहका सरकारबिच नै समन्वयको कमी हुँदा सञ्चालनबारे अन्योल छ। पालिका, प्रदेश सरकार, स्थानीय व्यवसायी र नाथमबिच शैक्षिक संरचना कसले सञ्चालन गर्ने भन्नेबारे विवाद छ। पालिका, बागमती सरकार र स्थानीय व्यवसायीले सञ्चालनका लागि माग गरिरहेका छन्। तर, च्याफ्टिङ तथा पर्यटक क्षेत्रसम्बन्धी शैक्षिक क्रियाकलाप गर्दै आइरहेको आधिकारिक निकाय नाथम यो स्कुल आफैं सञ्चालन गर्न चाहन्छ। 'यस्तो स्कुल नै बनाएर दक्षिण एसियामा च्याफ्टिङको शैक्षिक कार्यक्रम सञ्चालन गरिएको छैन। त्यसैले नेपालमा पहिलोपटक बनेको यस्तो शैक्षिक कार्यक्रम व्यवस्थित र प्रभावकारी हुनुपर्छ,' नाथमका सूचना अधिकारी ज्ञानेन्द्रराज पण्डितले भने, 'च्याफ्टिङ तथा पर्यटन व्यवसायसँग सम्बन्धित शैक्षिक कार्यक्रम गर्ने मुख्य निकाय नाथम नै हो, तर कसले चलाउने भन्नेमा अन्योल छ।'

इरानमा जेलमुक्त भएका पाँच नेपाली स्वदेश फर्किए

नयाँ पत्रिका

इरानको अध्यागमन कार्यालयको थुनामा रहेर हालै रिहा भएका पाँच नेपाली बिहीबार नेपाल आइपुगेका छन् । इजरायल-इरान युद्धअघि नै थुनामा रहेका उनीहरू युद्धपछि रिहा भएका थिए । उनीहरूलाई युद्धकै बिचमा रिहा गरेर स्वदेश फर्काउने कूटनीतिक प्रयास भए पनि सफल भएको थिएन ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले तेहरानस्थित नेपाली अवैतनिक वाणिज्यदूत र अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आइएलओ)को सहयोगमा उनीहरू काठमाडौं आइपुगेको बताए । उनीहरूले एकतर्फी हवाई खर्च व्यहोरेर नेपालीलाई पठाएका छन् । स्वदेश फिर्ता भएकामा महेश डाँगी, बालकृष्ण खड्का, पुस्कर खत्री, मदन डाँगी र गोविन्द डाँगी छन् । जेलमुक्त भएपछि उनीहरू तेहरानको एउटा सेल्टरमा बस्दै आएका थिए । उनीहरू इरानको अध्यागमन कानुन उल्लंघन गरेको अभियोगमा पुर्पक्षका लागि जेलमा थिए ।

दोहास्थित नेपाली दूतावासले उनीहरूलाई स्वदेश आउन आवश्यक ट्राभल डकुमेन्टको बन्दोबस्त गरेको थियो । इजरायलले हमला गरेसँगै भएको युद्धअघि इरानमा जम्मा १६ नेपाली नागरिक थिए । युद्धकै क्रममा इरानबाट भारतीय सहयोगमा नौ नेपाली स्वदेश फर्किसकेका छन् । अहिले युद्ध रोकिएको अवस्थामा इरानमा स्थिति सामान्य भएको परराष्ट्र प्रवक्ता क्षेत्रीले बताए ।

३२ लाख घुस काण्डमा एमालेकै सांसद साहले मागे भूमि व्यवस्थामन्त्री अधिकारीको राजीनामा

कमलराज भट्ट/नयाँ पत्रिका

सत्तारूढ दल एमालेकै सांसदले कास्की लिचीघारीको १३५ रोपनी जग्गा प्रकरणमा ३२ लाख 'घुस डिल'मा मुछिएका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीलाई बर्खास्त गर्न माग गरेका छन् । शुक्रबार प्रतिनिधिसभामा बोल्दै एमालेका किरणकुमार साहले मन्त्री अधिकारी अझै किन पदमा भनेर प्रश्न उठाए ।

चौतर्फी आलोचना हुँदा पनि नेतृत्वले अधिकारीको संरक्षण गरिरहेको वेला सांसद साहले नियतमाथि पनि प्रश्न उठाएका छन् । 'सरकार भन्छ-भ्रष्टाचारीको अनुहार हेर्दिनँ, सुशासनमा प्रतिबद्ध छौँ । तर, म प्रश्न गर्छु- कास्की लिची बगैँचा काण्डमा मुछिएका मन्त्रीहरू किन अझै पदमा छन् ?' उनले सोधे, 'मान्छे बेचबिखनमा मुछिएका (मन्त्री)हरूलाई किन सम्मानसहित स्वागत गरिन्छ ? यो मौनता, सरम, लाज पनि हराएको शासन हो कि भ्रष्टाचारको सुरक्षित शासन हो ?'

यसअघि नै एमाले कास्कीले मन्त्री अधिकारीलाई हटाउन पार्टी नेतृत्वको ध्यानाकर्षण गराएको छ । एमाले कास्कीले पुष्पलाल स्मृति दिवसको तयारीका लागि गत शनिबार राखेको जिल्ला भेलामा जिल्ला अध्यक्ष बैनबहादुर अधिकारी क्षेत्री र केन्द्रीय सदस्यसमेत रहेका जिल्ला इन्चार्ज कृष्ण थापाले लिचीघारी जग्गा मामिलामा जोडिएका भूमि व्यवस्थामन्त्री अधिकारीले राजीनामा दिनुपर्ने र पार्टीले छानबिन गरी कारबाही गर्नुपर्ने एजेन्डा उठाएका थिए ।

कास्की लिचीघारीको जग्गा मामिलामा ७८ लाख घुस डिलको अडियो बाहिरिएपछि सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले राजीनामा दिएका छन् । उनीमाथि अख्तियारले थप छानबिन गरिरहेको छ । यही प्रकरणमा भूमि व्यवस्थामन्त्री अधिकारीले ३२ लाख घुस लिएको दाबीसहितको नयाँ अडियो आउँदा र निलम्बनका लागि आफ्नै कार्यालयमा उजुरी पर्दा पनि प्रधानमन्त्री केपी ओलीले बेवास्ता गरेका छन् । मन्त्री पदमा रहेर घुस खानु भ्रष्टाचारजन्य अपराध भएको भन्दै अधिकारीलाई तत्काल निलम्बन र कारबाहीको माग गर्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा उजुरी पनि परेको छ । अडियोमा मन्त्री अधिकारी, उनका छोरा र सचिवालय पनि जोडिएका छन् ।

माओवादीका अमनलाल मोदीले लोकतन्त्रमा जवाफदेहिता जरुरी रहेको भन्दै गम्भीर प्रश्नमा सरकार भागिरहेको बताए । 'मन्त्रीहरूमाथि घुस काण्डमा प्रश्न उठिरहेको छ । विभिन्न अडियो काण्ड देखिसकेका छौँ । न फिर्ता बोलाइएको छ । न निलम्बन भएको छ, न कारबाही गरिएको छ,' उनले भने । विभिन्न काण्डहरूको छानबिन गर्ने लेखा समितिले पनि सरकारको छायाका रूपमा काम गरिरहेको भन्दै नेतृत्वमाथि प्रश्न उठाउँदा मार्गप्रशस्त नगरेकोमा असन्तुष्टि जनाए ।

एमालेका गोकुल बाँस्कोटाले मन्त्रीहरूको कार्यशैलीप्रति असन्तुष्टि जनाए । काम देखाउन नक्कली रिपोर्ट बनाउने कामबाट मन्त्री मुक्त हुनुपर्ने उनको भनाइ थियो । माओवादीकी उर्मिला माझीले प्रधानमन्त्रीलाई हेलिकोप्टर चढेर होइन जमिनमा टेकेर मधेश जान चुनौती दिइन् ।

समितिको म्याद सात दिन थप

५० भन्दा बढी व्यक्तिसँग सोधपुछ, छलफल गर्दै तथ्य र राय-सुझाव संकलन गरेको समितिले प्रतिवेदन लेखन कार्य सुरु गरेको छ । प्रधानमन्त्री केपी ओली, कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको पनि राय लिने तयारी छ । प्रतिनिधिसभाले संघीय निजामती सेवा विधेयकको प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा गठित संसदीय छानबिन विशेष समितिको कार्यावधि सात दिन थपेको छ । समिति आफैँले समय मागेपछि संसद्ले कार्यावधि थप गरेको हो ।

'समितिबाट सात दिनको कार्यावधि थप गर्न माग भई आएकाले उक्त समितिको कार्यावधि सात दिन थप गर्न सभाको सहमतिका लागि प्रस्ताव प्रस्तुत गर्दछु,' सभामुख देवराज घिमिरेको प्रस्ताव थियो । उनले राखेको म्याद थपसम्बन्धी प्रस्तावलाई सभाले सर्वसम्मत स्वीकृत गरेसँगै ११ साउनसम्म कार्यावधि भएको समितिले १९ साउनसम्म काम गर्न पाउनेछ ।

कांग्रेस सहमहामन्त्री तथा समिति सभापति जीवन परियार नेतृत्वको सात सदस्यीय समितिमा सुशीला थिङ, ईश्वरी घर्ती, नारायणप्रसाद आचार्य, माधव सापकोटा, गणेश पराजुली र रोशन कार्की सदस्य छन् । २३ असारमा २१ दिनको समय पाएर गठन भई २४ असारबाट काम थालेको विशेष समितिले समय अपुग भएको भन्दै सात दिन थप्न माग गरेको थियो । समिति सभापति परियारले प्रतिवेदन लेखन कार्य सुरु भएको र १९ साउनमा प्रतिवेदन बुझाइने बताए । 'प्रतिवेदन लेखन कार्य अब सुरु हुँदै छ । त्यसैका लागि हो । प्रतिवेदन लेखन कार्यलाई पूर्णता दिनलाई समय थपियो । थपिएको समयभित्रै प्रतिवेदन बुझाउँछौँ,' उनले भने ।

सभापति परियारका अनुसार संघीय निजामती विधेयकको दफा ८२ (४) र (५) को कुलिङ अफ पिरियडसम्बन्धी विरोधाभास प्रावधानबारे सोधपुछको काम सकिसकेको छ । समितिले अब प्रतिवेदन लेखनको काम थालेको छ । प्रतिवेदन लेखनका क्रममा शीर्ष नेतृत्व प्रधानमन्त्री, कांग्रेस सभापति र माओवादी अध्यक्षको धारणा लिने समितिको तयारी छ । समितिले ५० भन्दा बढी व्यक्तिसँग सोधपुछ, छलफल गर्दै तथ्य र राय-सुझाव संकलन गरेको छ ।

समितिले कार्यविधिबमोजिम सरोकारवालासँग छलफल र सोधपुछ गरेर राय-सुझाव लिने काम गरेको परियारले बताए । 'राज्य व्यवस्था समिति, उपसमितिका सदस्यहरू, सभापति, मन्त्रीहरू, सचिव, मुख्यसचिव, महासचिव, सरोकारवाला विज्ञलगायतसँग छलफल तथा राय-सुझाव लिएका छौँ,' उनले भने । संघीय निजामती विधेयकको दफा ८२ (४) को अवकाशप्राप्त वा राजीनामा दिएका कर्मचारीले दुई वर्षसम्म कुनै पनि संवैधानिक वा सरकारी नियुक्ति नपाउने कुलिङ अफ पिरियडको प्रावधानलाई निष्प्रभावी बनाउने गरी 'संवैधानिक वा कूटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्तिबाहेक' भन्ने व्यवस्था उपदफा (५) मा परेपछि प्रतिनिधिसभाले विशेष समिति गठन गरेर छानबिन गरिरहेको छ ।

सभापति देउवाको...

पृष्ठ १ बाट क्रमशः

लामाविरुद्ध हस्ताक्षर गर्ने २१ सांसदमध्ये चारजना मन्त्रीसमेत थिए । उनीहरूले शुक्रबार नै मुख्यमन्त्रीलाई ह्वाट्सएपबाट राजीनामा पठाएर अविश्वासको प्रस्तावमा हस्ताक्षर गरेका छन् । राजीनामा दिनेमा आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछाने, संस्कृति तथा पर्यटनमन्त्री विमल ठकुरी, युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जन र सहकारी तथा गरिबी निवारणमन्त्री मदुकुमार श्रेष्ठ छन् ।

हस्ताक्षरकर्तामा चार मन्त्रीबाहेक बानियाँ, शिवराज अधिकारी, कञ्चनचन्द्र बादे, दीपेन्द्र श्रेष्ठ, पुकार महर्जन, विन्दु रायमाझी पौडेल, यमुनादेवी श्रेष्ठ, माया श्रेष्ठ, उर्मिला नेपाल केसी, शान्ति ढकाल, प्रभात तामाङ, छिरिङ दोर्जे लामा, मीना पराजुली, याङ्किला शेर्पा, सुरेश श्रेष्ठ, श्रीराम लामिछाने र सुना परियार छन् ।

अविश्वास प्रस्तावमा मुख्यमन्त्री हुँदा वा विपक्षी दलको नेता हुँदा उनको भूमिका प्रभावकारी नभएको आरोप छ । 'मुख्यमन्त्री लामाको नेतृत्वमा रहँदा न प्रतिपक्षको भूमिका प्रभावकारी रहन सक्यो, न त सरकारको नेतृत्व गर्दा परिणाम देखियो । यसले पार्टीको छवि गम्भीर रूपमा धूमिल भएको छ,' प्रस्तावमा भनिएको छ, 'उहाँको नेतृत्वमा प्रमुख प्रतिपक्षका रूपमा हाम्रो भूमिका सशक्त हुन नसकेको पनि महसुस गरेका छौँ । साथै, उहाँ अर्थमन्त्री रहँदा बजेट निर्माणमा हामीले गर्न सक्नेजति गर्न पनि सकेनौँ । फलस्वरूप कांग्रेस बागमती प्रदेशका १३ वटै जिल्लाका पार्टीका साथीहरूमा नैराश्यता छाउनुको साथै जनतामा प्रदेश संरचनाप्रति वितृष्णा पैदा भएको छ ।'

लामामाथि कांग्रेसकै नेतृत्वमा सरकारको बजेटसमेत प्रभावकारी कार्यान्वयन गर्न नसकेको आरोप छ । 'राजस्व संकलन र खर्चको स्थिति नाजुक छ, प्रदेशका जनताले महसुस हुने गरी कुनै सेवा पाएका छैनन् । त्यति मात्र नभई गत वर्ष असोज ११ देखि १३ सम्म आएको अविरल वर्षा र बाढीबाट पीडितहरूले अझै राहत पाएका छैनन् । पुनर्निर्माणले प्राथमिकता पाउन सकेको छैन,' प्रस्तावमा भनिएको छ ।

प्रदेशमा मुख्यमन्त्री बन्न कांग्रेसमा संसदीय दलको नेता बन्नुपर्ने व्यवस्था रहेको छ । लामालाई संसदीय दलबाट हटाउन र मुख्यमन्त्री परिवर्तन गर्न संसदीय दलमा अविश्वासको प्रस्ताव दर्ता गरिएको कांग्रेस प्रदेश सभा सदस्य श्रीराम दाहालले बताए ।

आफूहरूको प्रस्तावमा पार्टी सभापति शेरबहादुर देउवाको पनि समर्थन रहेको संस्कृति तथा पर्यटनमन्त्रीबाट राजीनामा दिएका विमल ठकुरीले बताए । पार्टी शीर्ष नेतृत्वबाटै मुख्यमन्त्री लामाको विकल्प खोजिएको उनको भनाइ छ । 'मुख्यमन्त्री बहादुरसिंह लामाको कार्यशैलीप्रति केन्द्रीय नेतृत्वमा पनि असन्तुष्टि थियो, उहाँको विकल्पको विषयमा पार्टी सभापतिको पनि समर्थन छ,' उनले भने ।

मन्त्रीहरू ठकुरी, महर्जन र श्रेष्ठले ह्वाट्सएपबाट मुख्यमन्त्रीलाई राजीनामा बुझाएका छन् भने कानुनमन्त्री सुरज लामिछानेले मुख्यमन्त्री लामालाई काठमाडौंमै भेटेर राजीनामा दिएका छन् । सांसद दाहालले अझै एकजना मन्त्रीसहित थप तीनजना सांसदले अविश्वासको प्रस्तावमा सघाउने दाबी गरे ।

कांग्रेस बागमती प्रदेश सभापतिसमेत रहेका प्रदेश सांसद इन्द्रबहादुर बानियाँले प्रदेश संसदीय दलका नेता लामाले सही नेतृत्व दिन नसकेकाले अविश्वास प्रस्ताव दर्ता गरेको बताए । यसमा केन्द्रीय नेतृत्वको कुनै हस्तक्षेप नरहेको नेता बानियाँको दाबी छ ।

मुख्यमन्त्री लामाले अविश्वासको प्रस्ताव फेस गर्न तयार रहेको बताएका छन् । मुख्यमन्त्री लामाले गठबन्धन सरकार भएकाले सहमतिअनुसार अघि बढ्नुपर्ने बताए ।

बागमती प्रदेशको सत्तासाझेदार एमालेका प्रमुख सचेतक मधुसूदन पौडेलले कांग्रेसभित्रको आन्तरिक विषयले गठबन्धनमा फरक नपर्ने प्रतिक्रिया दिए ।

पासपोर्टको...

पृष्ठ १ बाट क्रमशः

प्लस वान'को व्यवस्था छ । पासपोर्टको सेवा संवेदनशील भएकाले एउटा जगेडा प्रिन्टर व्यवस्था गर्नुपर्ने सर्त राखिएको थियो । घण्टामा एक हजारका दरले पासपोर्ट छाप्नुपर्ने हुन्छ । हालसम्म घण्टामा एक हजारका दरले पासपोर्ट छाप्ने प्रिन्टर नै निर्माण नभएको जानकारहरू बताउँछन् । यस्तो अवस्थामा कम्तीमा दुईवटा प्रिन्टर नियमित छपाइमा र एउटा जगेडाका लागि राख्नुपर्ने हुन्छ । तर, भेरिडासले दुईवटा मात्र प्रिन्टरको प्रस्ताव गर्दा पनि स्वीकार गरेको देखिन्छ । सर्तअनुसार छपाइ नगरेको जरिवाना हुने प्रावधान हेरेर भेरिडास स्वीकार गरिएको छ ।

शंकाको सुविधा दिएर योजनाबद्ध रूपमा ठेक्का दिएपछि राहदानी छपाइको निर्णय विवादमा परेको हो । यससम्बन्धी विवादमा विभागले सार्वजनिक खरिद पुनरावलोकन समितिमा पठाएको जवाफमा 'बोलपत्र कागजातमा उल्लेख भएबमोजिम पेनाल्टी लागू हुने भएकाले कार्यान्वयनको चरणमा यसको सुनिश्चितता गरिने नै हुँदा बोलपत्रमा भेरिडासको प्राविधिक रूपमा अपुग वा अयोग्य नहुने देखी सारभूत रूपमा सफल नै मानिएको' भनिएको छ ।

यस्तो निर्णयले भावी दिनमा पासपोर्ट छपाइ नै प्रभावित हुन सक्ने विभागका अधिकारीको चिन्ता छ । बोलपत्रको प्रावधानअनुसार दिनमा ६ हजार पासपोर्ट छाप्नुपर्ने हुन्छ । एउटा प्रिन्टर दिनमा ६ घण्टा चलाउने र एउटाले प्रतिघण्टा ५-६ सय पासपोर्ट छाप्ने क्षमताको प्रिन्टर दिन लागिएको छ । अतिरिक्त प्रिन्टरको ग्यारेन्टी नभएकाले एउटा प्रिन्टर बिग्रनेबित्तिकै समस्या आउने जोखिम छ ।

भेरिडासका स्थानीय प्रतिनिधि सिद्धार्थ थापा भने आफूहरूले जगेडा प्रिन्टरसहितको व्यवस्था गर्ने दाबी गर्छन् । 'हामीले प्रतिघण्टा आठ सयवटा पासपोर्ट छाप्ने दुई प्रिन्टर दिने प्रस्ताव गरेका छौँ,' उनी भन्छन्, 'साथै, एउटा प्रिन्टर सित्तैमा दिने पनि प्रतिबद्धता छ, त्यसकारण छपाइमा कुनै समस्या हुँदैन ।' थापाले एउटा प्रिन्टरले प्रतिघण्टा आठ सय पासपोर्ट छाप्ने दाबी गरे पनि उनका वकिलले सार्वजनिक खरिद पुनरावलोकन समितिमा पेस गरेको बहस नोटमा भने ५-६ सय प्रति मात्र छाप्न सक्ने स्वीकार गरेका छन् ।

भेरिडासले आर्थिक प्रस्तावमा १२ लाख युरोका दरले दुईवटा प्रिन्टरको प्रस्ताव गरेको छ । प्राविधिक मूल्यांकनमा पास भएको अर्को कम्पनी आइडिमियाले भने नौ लाख अमेरिकी डलरका दरले तीनवटा प्रिन्टरको प्रस्ताव गरेको थियो । आर्थिक मूल्यांकनमा कम हुनका लागि र तेस्रो प्रिन्टर बाध्यकारी नहुन भेरिडासलेले चलाखी गरेकोमा राहदानी विभागले यसलाई स्वीकार गरेको देखिन्छ । एउटै प्रिन्टरको मूल्य करिब १७ करोड रुपैयाँ पर्ने भएकाले यसमा ठुलो चलखेल देखिएको छ ।

विवादित बनेको यो ठेक्का जर्मन कम्पनीद्वय म्युहलबाउर आइडी सर्भिस र भेरिडासलाई टेन्डर दिलाउनका लागि सर्भरसम्बन्धी प्रावधानमा पनि विशेष निर्णय गरिएको छ । टेक्निकल स्पेसिफिकेसनमा 'ब्लेड सर्भर'को प्रावधान राखिएकोमा दुवै जर्मन कम्पनीले पुरानो प्रविधिको र सस्तो पर्ने 'र्‍याक सर्भर'को प्रस्ताव गरेका छन् । तर, पनि विशेष निर्णय गरेर त्यसलाई स्वीकार गरिएको छ । जबकि क्षमता र मूल्य दुवैका दृष्टिकोणले यी दुई सर्भरमा ठुलो भिन्नता छ ।

आइडिमियाले एउटै सर्भरको मूल्य एक लाख १० हजार डलर प्रस्ताव गरेकोमा जर्मन कम्पनीद्वय आइडी सर्भिस र भेरिडासले २२ हजारका दरले प्रस्ताव गरेका छन् । कमसल सर्भर भएकाले उनीहरूले सस्तो मूल्य प्रस्ताव गरी त्यहीअनुसार ठेक्का पाएका हुन् ।

विभागका एक अधिकारीका अनुसार हाल राहदानी छपाइमा 'र्‍याक सर्भर' प्रयोग हुँदै आएको छ । सो सर्भरका कारण सेवा प्रोसेसिङ क्षमता अपेक्षित छिटो छैन । वेला-वेला सर्भरमा समस्या आउने गरेको छ । सोही आधारमा नयाँ टेन्डरमा 'ब्लेड सर्भर' अनिवार्य गरिएको थियो । तर, बोलपत्र स्वीकार गर्दा 'र्‍याक सर्भर'ले पनि काम गर्ने भन्दै दबाबका भरमा निर्णय गरिएको थियो ।

विभागले गठन गरेको प्राविधिक उपसमितिले सर्भरलगायत विभिन्न ६६ वटा प्राविधिक विषयमा जर्मन कम्पनीको प्रस्तावमा बोलपत्रका प्रावधान नमिलेको औँल्याएको थियो । १२ सदस्यमध्ये ६ जनाले जर्मन कम्पनी प्राविधिक रूपमै अयोग्य हुने निष्कर्ष निकालेका थिए । सोही कारण उपसमितिले सो विषयमा निर्णय दिन सकेको थिएन ।

उपसमितिले निर्णय नगरेपछि विभागका निर्देशक सुनीलकुमार केसीको अध्यक्षतामा अर्को समिति गठन गरी स्वीकार गर्ने विवादास्पद निर्णय भएको थियो । प्राविधिक मूल्यांकन उपसमितिले सर्भरलगायत विषयमा अनुत्तीर्ण मानेको कम्पनीलाई मूल समितिबाट योग्य ठहराउने निर्णय ठेक्का विवादको मूल प्रश्न हो । यो विषयमा विभागभित्रै पनि विवाद छ ।

ठेक्का पाउने कम्पनीले पेस गरेको टेन्डर डकुमेन्टमा पनि 'पार्सियल्ली कम्प्लयान्ट' अर्थात् आंशिक रूपमा मात्र अनुरूप भनेर पेस गरेको छ । सार्वजनिक खरिदका विज्ञहरूका अनुसार यस्ता विषयमा कि बोलपत्रमा उल्लेख भएअनुसारको 'अनुरूप भन्ने' हुन्छ कि 'अनुरूप छैन भन्ने' हुन्छ । तर, यो ठेक्कामा 'आंशिक रूपमा अनुरूप' भन्ने कम्पनीलाई छानिएको छ ।

विभागका एक अधिकारीका अनुसार 'ब्लेड सर्भर'को क्षमता १० युनिट फर्म फ्याक्टर हुनेमा र्‍याक सर्भरको दुई युनिट मात्र हुने भएकाले स्विचिङ सिस्टम नै सुस्त हुन्छ । 'यसले राहदानीको काम गर्न ढिलाइ हुन सक्छ,' ती अधिकारीले भने ।

यस टेन्डरमा अर्को विवादित विषय विदेशी विनिमयदरको मूल्यांकनसम्बन्धी छ । सामान्यतया आर्थिक प्रस्ताव खोलिएको मितिको विनिमयदरअनुसार मूल्यांकन हुनेमा प्राविधिक प्रस्ताव खोलिएको दिनको विनिमयदरलाई आधार बनाएर मूल्यांकन गरिएको छ । ९ फागुन ०८१ मा प्राविधिक र १४ जेठ ०८२ मा आर्थिक प्रस्ताव खोलिएको थियो । १४ जेठको विनिमयदरअनुसार मूल्यांकन गर्दा आइडिमियाको प्रस्ताव सस्तो पर्ने भएपछि ९ फागुनको मितिअनुसार निर्णय गरिएको छ । जर्मन कम्पनीले युरोको प्रस्ताव गरेकोमा फ्रेन्च कम्पनीले अमेरिकी डलरमा प्रस्ताव गरेको थियो । फागुनको तुलनामा जेठमा युरोको दररेट एक युरोमै १० रुपैयाँभन्दा धेरै बढेको थियो भने अमेरिकी डलरको सटही दर भने एक रुपैयाँ घटेको थियो । सोही कारण फागुनको विनिमयदरअनुसार आर्थिक मूल्यांकन गरिएको हो ।

सार्वजनिक खरिद नियमावलीमा बोलपत्र खोल्ने दिनमा राष्ट्र बैंकले तोकेको विदेशी विनिमयदरको बिक्रीदरअनुसार मूल्यांकन गर्नुपर्ने प्रावधान छ । बोलपत्र खोल्ने दिन भन्नाले सामान्यतया आर्थिक प्रस्ताव खोल्ने दिन भनेर बुझिन्छ । सार्वजनिक खरिद नियमावलीमा रहेको अस्पष्ट प्रावधानमा खेलेर देशलाई नै घाटा हुने गरी निर्णय गरिएको छ ।

नियमावलीमा यससम्बन्धी प्रस्ट प्रावधान नभएपछि त्यसमा खेलेर प्राविधिक प्रस्ताव खोल्ने दिनअनुसारको दररेटमा मूल्यांकन गरिएको छ । तर, ठेकदार कम्पनीको स्वार्थ केन्द्रमा राखेर राहदानी विभागले मूल्यांकन निर्णय गरेपछि ६४ लाख थान राहदानी छपाइको टेन्डर विवादमा परेको हो । यसले लागतसमेत बढाएपछि विभागले राज्यलाई भन्दा विदेशी व्यापारीलाई केन्द्रमा राखेर निर्णय गरेको आरोप लागेको छ । यस विषयमा शुक्रबार नयाँ पत्रिकामा समाचार प्रकाशित भएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत प्रारम्भिक छानबिन थालेको छ ।

नेपालमै पहिलोपटक...

पृष्ठ १ बाट क्रमशः

पौडीपोखरीसहित र्‍याफ्टिङ तालिमका लागि आवश्यक अन्य पूर्वाधार तयार भइसकेका छन् ।

'वाटर रेस्क्यु कसरी गर्ने, यसलाई पर्यटन र आयआर्जनसँग कसरी जोड्न सकिन्छ र पानीभित्र आधारित साहसिक खेलहरूमा केन्द्रित कोर्स तयार भइरहेको छ,' सिन्धु पर्यटन व्यवसायी संघका अध्यक्ष नारायणकाजी श्रेष्ठले भने, 'यो कोर्स विद्यालयस्तरका विद्यार्थीका लागि पनि उपयुक्त हुने गरी डिजाइन गरिएको छ । केन्द्र सरकारको बजेटमा संरचना निर्माण भइसकेको छ । अब असोजदेखि बेसिक र एडभान्स तहका कोर्स सञ्चालनमा ल्याइन्छ ।' श्रेष्ठका अनुसार रिभरगाइड र सम्बन्धित विज्ञहरूले तालिम सञ्चालन गर्नेछन् । प्रशिक्षणका लागि आवश्यक पाँचवटा कक्षाकोठा र एउटा सम्मेलन हलसहितका पूर्वाधार निर्माण भइसकेको उनले बताए ।

पछिल्लो समय र्‍याफ्टिङ तथा जलपर्यटनसम्बन्धी पेसामा युवाहरू बढी आकर्षित छन् । खोलाआसपासका माझी समुदाय तथा स्थानीयलाई आधिकारिक कक्षा सञ्चालन गरेर शैक्षिक प्रमाणपत्र दिँदा यसले र्‍याफ्टिङ तथा जलपर्यटनको विकासमा लाग्ने नेपाल पर्यटन तथा होटेल व्यवस्थापन समिति (नाथम)का सूचना अधिकारी ज्ञानेन्द्रराज पण्डितले बताए । 'र्‍याफ्टिङ क्षेत्रमा स्थानीय मानिस बढी सक्रिय छन्, उनीहरूलाई तालिम तथा शैक्षिक ज्ञान दिएर दक्ष बनाउँदा यो पेसा नै भरपर्दो बन्छ,' उनले भने, 'सिन्धुपाल्चोकमा बनेको संरचनामा युवाहरूलाई तालिम तथा शैक्षिक योग्यता दिन्छौँ ।'

स्थानीय सरकार, सरोकारवालाले पनि उक्त शैक्षिक कार्यक्रम सञ्चालनका लागि सहयोग गर्नेछन् । र्‍याफ्टिङ स्कुलमा मुख्यतः ६ महिनासम्मको कोर्स सञ्चालन गरिनेछ । तर, यहाँ भर्ना हुनका लागि दुई वर्षदेखि र्‍याफ्टिङ तथा जलाशय क्षेत्रमा काम गरेको भने हुनुपर्नेछ ।

जलसम्बन्धी खेल र र्‍याफ्टिङको हब बनाउने गरी यो क्षेत्रमा एकेडेमिक कक्षा सञ्चालन गर्न लागिएको हो । कक्षा सञ्चालन भइसकेपछि पहिलो चरणमा १६० जना विद्यार्थी भर्ना लिइनेछ । भोटेकोशी क्षेत्रमा पानीसँग सम्बन्धित थुप्रै पेसा-व्यवसाय गर्न सकिने भएकाले यस योजनामा काम भइरहेको संघका अध्यक्ष श्रेष्ठले बताए ।

कोर्स सञ्चालनका लागि 'नेसनल ह्वाइट वाटर स्कुल बलेफी' कार्यविधि बनेको छ । नाथमले कार्यविधिकै आधारमा सञ्चालन समितिसमेत बनाइसकेको छ । सञ्चालन समितिमा नाथम, पर्यटन विभाग, स्थानीय सरकार, पर्यटन व्यवसायीलगायत छन् । सरकारी संरचना र नाथमले नै कक्षा सञ्चालन गर्ने भएकाले यो कोर्स तुलनात्मक सस्तो हुनेछ । सञ्चालनमा आउन लागेको र्‍याफ्टिङ स्कुलको पाठ्यक्रम डिजाइनकै चरणमा छ ।

र्‍याफ्टिङ कोर्स अध्ययनको लागि भिन्दै स्थायी संरचना बनेको पहिलोपटक हो । यद्यपि, नाथम, नेपाल एसोसिएसन अफ र्‍याफ्टिङ एजेन्ट (नारा), नेपाली सेना र नेपाल प्रहरीले केही तालिम सञ्चालन भने गर्दै आइरहेका छन् । नयाँ स्कुलले नियमित रूपमा र्‍याफ्टिङ जनशक्ति उत्पादन गर्नेछ । 'आजभन्दा ५० वर्ष पहिलेदेखि नेपाल र्‍याफ्टिङ सुरु भएको थियो, तर यससम्बन्धी अध्ययन, अनुसन्धान र यसलाई पर्यटन व्यवसायमा व्यवस्थित गर्न सकिएको छैन,' नाथमका सूचना अधिकारी पण्डितले भने, 'अब हामीले सिन्धुपाल्चोकको भोटेकोशी क्षेत्रमा यससम्बन्धी अध्ययन, अनुसन्धान र थुप्रै जलपर्यटनका कार्यक्रमहरू सञ्चालन गर्छौं ।'

र्‍याफ्टिङ आफैँमा साहसिक र जोखिमपूर्ण व्यवसाय मानिन्छ । नाराका अनुसार हाल नेपालमा झन्डै सात हजार र्‍याफ्टिङ गाइड छन् । तालिम लिएका अधिकांश विदेश जाने हुँदा दक्ष जनशक्तिको अपुग छ । कतिपय ६ महिना नेपाल ६ महिना विदेशमा काम गर्छन् । नेपालमा हिउँदमा बस्ने र बर्खाका वेला र्‍याफ्टिङ तथा रिभरगाइड बनेर विदेश जान्छन् । हाल जापान, स्पेन, इटाली फ्रान्समा रिभरगाइडको माग बढ्दो छ । पछिल्लो समय दुबई, कतार, मलेसियाजस्ता देशहरूले कृत्रिम खोला बनाएरसमेत र्‍याफ्टिङ व्यवसाय गरिरहेका छन् । 'मुख्यतः तलब पनि बढी हुने भएकाले नेपालमा तालिम लिएका विदेश जान्छन्,' नाथमका सूचना अधिकारी पण्डितले भने, 'नेपालमा ४० हजार कमाउँछन् । तर, तिनै रिभरगाइड विदेश गएर तीनदेखि १० लाख रुपैयाँसम्म कमाउँछन् ।'

६ अर्ब ११ करोडको...

पृष्ठ १ बाट क्रमशः

पाएका थिए । ६ अर्ब ११ करोडमा ठेक्का दिइए पनि युरोमा भुक्तानी दिनुपर्ने भएकाले त्यसको लागत आठ अर्बभन्दा धेरै पर्ने अवस्था छ । सम्झौता भएको दररेटभन्दा अहिले एक युरोकै दररेट १७ रुपैयाँ धेरै भइसकेको छ ।

थापा भने राजनीतिक परिवारको व्यक्तिका रूपमा यो ठेक्कालाई जोड्न नहुने बताउँछन् । पारदर्शी रूपमा प्रतिस्पर्धा गरेर आफूले ठेक्का पाएको र ठेक्का नपाउने कम्पनीले अनावश्यक विवाद गरेको उनको भनाइ छ ।

मिलेमतोमा ठेक्का दिएको आरोप लगाउँदै १५ वर्षदेखि नेपालको पासपोर्ट छापिरहेको आइडिमियाले विभिन्न निकायमा उजुरी गरेको छ । कम्पनीले दुवै ठेक्का पाएको खण्डमा क्रस प्याकेज छुटको प्रस्ताव गरेको थियो । एउटै 'ब्लेड सर्भर'ले काम गर्ने भएकाले लागत कम पर्ने भन्दै उसले छुटको प्रस्ताव गरेको थियो । जसअनुसार आफ्नो आर्थिक प्रस्ताव जर्मन कम्पनीको भन्दा २८ करोड ९५ लाख सस्तो हुने उनको दाबी थियो । त्यो दाबीसहित उसले सार्वजनिक खरिद पुनरावलोकन समितिमा पुनरावेदन गरेकोमा समितिले विभागकै निर्णय सदर गरेको थियो । त्यसविरुद्ध कम्पनी सर्वोच्च गएकोमा पुनरावेदन नै दरपिठ भएको थियो । दरपिठविरुद्ध पनि अर्को रिट दायर भएको छ ।

अर्कोतर्फ एउटै ठेक्का दुईवटा कम्पनीले पाउँदा भविष्यमा समस्या आउन सक्नेसमेत जोखिम छ । अहिले आइडिमियासँग पासपोर्टसम्बन्धी डाटा छ भने छपाइको काम अर्को कम्पनी भेरिडासले गर्ने भएकाले यसमा समस्या आउन सक्ने जोखिम छ ।

उता, राहदानी विभागले भने सबै कानुनी प्रक्रिया पूरा गरेर नै पासपोर्ट छपाइको ठेक्का दिएकाले यसमा समस्या नआउने दाबी गरेको छ । विभागले शुक्रबार पत्रकार सम्मेलन गरी दुई जर्मन कम्पनीसँग छिट्टै सम्झौता गरिने र त्यसको २१० दिनपछि ती कम्पनीले छपाइ सुरु गर्ने जनाएको छ । विभागका महानिर्देशक तीर्थराज अर्यालले सार्वजनिक खरिद नियमावलीअनुसार नै ठेक्का दिइएको र यस विषयमा सार्वजनिक अनुगमन कार्यालयबाट समेत प्रस्ट भइसकेकाले कुनै विवाद नभएको बताए ।

ओलीको निर्णय...

पृष्ठ १ बाट क्रमशः

निर्णय गराएपछि पूर्वराष्ट्रपति विद्याले उनीसँग निर्णायक अन्तर्संघर्ष गरेरै 'अवैध र अपरिपक्व' निर्णय सच्याउने सन्देश दिएकी छिन् । आफ्नो राजनीतिक लडाइँमा साथ दिन उनले पार्टीपंक्तिलाई पनि आह्वान गरेकी छिन् ।

पार्टी सदस्यता नवीकरण नगर्ने केन्द्रीय कमिटी बैठकको मंगलबारको निर्णयको प्रतिक्रियामा पहिलोपटक शुक्रबार पत्रकार सम्मेलनमार्फत धारणा सार्वजनिक गर्दै पूर्वराष्ट्रपति विद्याले निर्णयप्रति गहिरो असन्तुष्टि राख्दै यस्तो निर्णय वैध र परिपक्व मान्नै नसकिने चेतावनी दिइन् ।

'नेपालको संविधान, ऐन-कानुन र पार्टीको लोकतान्त्रिक मूल्य-मान्यतासमेतलाई नजरअन्दाज गरेर राजनीतिमा संलग्न हुन पाउने मेरो संवैधानिक अधिकार र स्वतन्त्रतालाई संकुचन वा नियन्त्रण हुने गरी गरिएका अपरिपक्व निर्णयले मलाई दुःखी तुल्याएको छ । यसप्रकारका निर्णयले पार्टीको साख र प्रतिष्ठालाई गिराउनेछ,' उनले भनिन्, 'आवेग र उत्तेजनाका भरमा गरिएका यस्ता निर्णयले सत्यलाई अस्थायी रूपमा भ्रमित तुल्याउन सकिए पनि वास्तविकतालाई सधैँ छोप्न सकिँदैन । विषद् छलफल गरीकन विवेकसम्मत ढंगले निर्णय लिनुपर्दछ भन्ने जबजको पार्टी निर्माणसम्बन्धी अवधारणाको मर्म पनि यही हो । पार्टी निर्माणसम्बन्धी जनवादी केन्द्रीयताको वैज्ञानिक सिद्धान्त प्रतिकूल हुने गरी गरिएको निर्णय वैध र परिपक्व हुनै सक्दैन ।'

निकटस्थहरूसँगको परामर्श र आन्तरिक तयारीपछि आगामी कदमबारेसमेत धारणा सार्वजनिक गर्दै विद्याले पार्टी सदस्यता नवीकरण नगर्ने हुलहुज्जत र आवेगको निर्णय मान्य नहुने बताइन् । उनले ओलीको नाम त लिइनन्, तर उनको 'स्वेच्छचारी' निर्णयमाथि भने प्रश्न उठाइन । 'राष्ट्रपतिको कार्यकाल सफलतापूर्वक पूरा गरिसकेपछि बाँकी जीवन पार्टीमै व्यतीत गरेर देश र जनताको हितमा भूमिका खेल्ने सोच राखेर विधिपूर्वक नै मातृ पार्टी एमालेको सदस्यता नवीकरण गरेकी हुँ । तर, त्यसलाई केही मुठीभर व्यक्तिहरूले हुलहुज्जतका भरमा र उत्तेजनामा आएर नवीकरण रोक्न मिल्दैन,' भण्डारीले चेतावनीयुक्त शैलीमा भनिन्, 'पार्टीका आफ्नै प्रक्रिया हुन्छन् । पार्टी त प्रणालीमा चल्छ । कसलाई कति वेला के मन लाग्छ, त्यतिवेलै त्यही गर्नु राम्रो विषय होइन ।'

उनले आफूले ४५ वर्षअघि तत्कालीन जननेता मदन भण्डारीबाट शपथ खाएर पार्टी कामकै सिलसिलामा विराटनगरमा लिएको पार्टी सदस्यता कसैले समाप्त पार्न नसक्ने पनि बताइन् । '४५ वर्षअघि जननेता मदन भण्डारीले विराटनगरमा सदस्यता दिएर मलाई शपथ खुवाउनुभएको हो र त्यतिवेला उहाँ कोशी र सगरमाथा अञ्चल इन्चार्ज हुनुहुन्थ्यो,' उनले भनिन्, 'त्यसैले अहिले कसैलाई लाग्यो भन्दैमा मेरो सदस्यता खान सक्छजस्तो लाग्दैन ।'

आफूले पार्टी निर्णय मानेर राष्ट्रपतिको जिम्मेवारीमा गएको र फर्किएर विधिपूर्वक एमालेको परिवारमा पुनः जोडिएको भन्दै उनले पार्टी सदस्यता परित्याग गरेकाले राष्ट्रपतिजस्तो एकताको प्रतीक भइसकेको व्यक्तिले पुनः नवीकरण गर्न नमिल्ने निर्णयको आफ्नै शैलीमा प्रतिवाद पनि गरिन् । 'पार्टीको निर्णय मानेर मैले राष्ट्रपतिमा शपथ खाएकी हुँ । पार्टी नै छोडेर, परित्याग गरेर त्यहाँ गएको होइन, पार्टीको निर्णयअनुसार जिम्मेवारी पूरा गर्न गएका कारण फर्किएपछि पार्टीको विधिमै रहेर दुई वर्षअघि नवीकरण गरेकी हुँ । अहिले नेकपा एमालेकै परिवारमा आबद्ध छु,' पूर्वउपाध्यक्षका रूपमा प्रेस विज्ञप्ति सार्वजनिक गरेकी उनले भनिन्, 'जननेता मदन भण्डारीले समृद्ध नेपाल : सुखी नेपाली कसरी बनाउन सकिन्छ भनेर जनताको बहुदलीय जनवादको जुन कार्यक्रम ल्याउनुभएको छ, त्यसको आदर्श र मर्मलाई हामीले कार्यान्वयन गर्नुपर्छ । कतिपय पार्टीका आन्तरिक मामिला हुन्छन्, पार्टीले छलफल गर्ला ।'

विद्याले आफू पार्टीको सिद्धान्त र मूल्य-मान्यताअनुसार शान्तपूर्वक कुरा राखिरहेकोतर्फ ध्यानाकर्षण गराएर आफू अडानमा अविचलित रूपमा प्रस्तुत हुने भन्दै पार्टी निर्माणमा सक्रिय बन्न एमाले पंक्तिलाई अपिल पनि गरिन् । 'यो पार्टी बनाउन मलगायत हजारौँ नेता-कार्यकर्ता र सदस्यको रगत, पसिना, मिहिनेत लागेको छ । यो कुरा म यहाँ कुनै भावनामा बगेर गरिरहेको छैन । बरु हाम्रो पार्टीका असल परम्परा, मूल्य एवं आदर्शलाई आधार मानेर बहुत शान्त र गम्भीर भएर म यी कुराहरू राखिरहेको छु । यस आधारमा जबजले अगाडि सारेको पार्टी निर्माणसम्बन्धी अवधारणाको निष्ठापूर्वक रक्षा गर्न म देशभरका सबै एमाले पंक्तिमा आग्रह गर्दछु । मेरो यो आग्रह र संकल्प अन्तरात्माको आवाज हो, आफ्नो निर्णयबाट म विचलित हुनेछैन । त्यसैले, म सम्पूर्ण पार्टी पंक्तिलाई निर्धक्क, ढुक्क र दृढ भएर पार्टीका मूल्यहरूलाई आत्मसात् गर्दै पार्टी निर्माणमा सक्रिय हुनसमेत हार्दिक आह्वान गर्दछु,' उनले भनिन् ।

एमाले अध्यक्ष ओलीसँग पार्टी कार्यालय च्यासलमा सदस्यता नवीकरणबारे सौहार्दपूर्ण कुराकानी भएको स्मरण गर्दै उनले विवादमा पार्नुपर्ने विषय नै नभएको प्रस्ट्याइन् । 'मेरो पार्टी सदस्यताको विषयमा पार्टी केन्द्रीय कमिटी बैठकको अघिल्लो दिन नेकपा (एमाले)को केन्द्रीय कार्यालयमा पार्टी अध्यक्ष तथा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली र मेराबिचमा सौहार्दपूर्ण वातावरणमा छलफलसमेत भएको थियो । त्यसो त यसभन्दा पहिले पनि पार्टी सदस्यता नवीकरण र पार्टीमा मेरो जिम्मेवारीको विषयमा पार्टीका नेताहरूसँग पटक-पटक कुरा हुँदै आएको थियो,' उनले विज्ञप्तिमा भनेकी छिन्, 'मैले पार्टी अध्यक्षसँगको पछिल्लो भेटमा आफूले विधिसम्मत ढंगले पार्टी सदस्यता नवीकरण गरेको र यसकै आधारमा पार्टीमा आबद्ध भएर कार्य गर्ने विषयमा समेत छलफल गरेको थिएँ । यसको भोलिपल्ट पार्टी केन्द्रीय कमिटीले मेरो सदस्यता नवीकरण नगरेको कुरा पार्टीले गरेका निर्णयहरूबारे जारी गरेको विज्ञप्तिबाट थाहा पाएँ । वास्तवमा मेरो पार्टी सदस्यता नवीकरण भइसकेकाले यसलाई विवादमा पार्नुपर्ने विषय नै होइन ।'

आफूमा कुनै पदप्रति लालसा, महत्त्वाकांक्षा र आसक्ति नभएको भन्दै उनले देश र जनताको सेवामा लाग्ने उद्देश्यले मात्र राष्ट्रपतिबाट अवकाशपछि राजनीतिमा फर्किएको बताइन् । 'म एक राजनीतिक व्यक्ति भएकाले नै राष्ट्रपति निर्वाचित भएको र राष्ट्रपतिको जिम्मेवारी पूरा गरेर राजनीतिक दलमा आबद्ध बनी देश र जनताको सेवा गर्ने संकल्प गर्नु कुनै अनौठो र आश्चर्य मान्नुपर्ने विषय होइन । यो संवैधानिक अधिकार मात्र होइन, बरु म राजनीति गरेर, पार्टीको नेता भएर नै राष्ट्रपतिमा निर्वाचित भएको हुँ र आफ्नो बाँकी जीवन पनि राजनीतिमा लगाएर नै देश र जनताको सेवामा समर्पित हुने निर्णयमा पुगेको हुँ', उनले भनिन्, 'कुनै पदप्रति लालसा, महत्त्वाकांक्षा र आसक्ति ममा छैन । किनकि, मैले राष्ट्रकै सर्वोच्च पदमा पुगेर इतिहासमा आफ्नो नाम दर्ज गरिसकेकै छु । मेरो उद्देश्य भनेको पार्टीको सदस्य बन्ने, पार्टीलाई सबल, सुदृढ र एकताबद्ध बनाउने र राजनीतिमार्फत देश र जनताको सेवा गर्ने नै हो । अनि मुलुक र जनतालाई समृद्ध र सुखी बनाउने अभियानलाई अगाडि बढाउने नै हो ।'

UAE मा बैदेशिक रोजगार | कम्पनी : WESTERN BAINOONA GROUP FOR GENERAL CONTRACTING L.L.C शहर : UAE

पूर्व स्वीकृत मिति : २०८१/२/२३ चलानी नं. ६०२२०६४० LT. No.: 305746 पुनः विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना/ बस्ने सुविधा	करार अवधि
1.	Road Maint. Labour	93	0	स. काममा दक्ष	800	२९,५३७	क.नि. अनुसार	८ घण्टा	६ दिन	क. नि. अनुसार	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ साउन १७ गते (2 Aug. 2025) मा हुने छ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/ कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पिङ कति लाग्ने र कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदारले व्यहोर्ने	बिमा हुने/ प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	रोजगारदाताले व्यहोर्ने	कामदारले व्यहोर्ने	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	रु. १०,०००/- कामदारले तिर्ने

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १. आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४. विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, तथा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

Rainbow Overseas Pvt. Ltd.
Nepal Govt. Labour Lic No 352/ 059/060, Mitrapark-07, Chabahil KTM, Nepal
Phone : 01- 5910277 / 5910278, 9801199802 / 9801199803

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्याँ नयाँ
शनिबार १० साउन ०८२
nayapatrikaofficial @nayapa trika

दिल्लीका दृश्यहरू

दिल्लीमा सबथोक छ, तर सबथोक लापता छ।
बोल्दैबोल्दै मान्छे लापता हुन्छ, हिँड्दाहिँड्दै बाटै लापता हुन्छ।



दिल्लीको सोमबजारस्थित महाराणाप्रताप पार्कमा समूह-समूहमा तास खेल्दै

दिल्लीबाट फर्केपछि



● राजु स्याङ्तान

जटिल रोगको निदान खोज्दै सोमबजार पुगेका नेपालीलाई सबै दोकान चाहार्दै हिँड्ने न फुर्सद छ, न जाँगर। कतिलाई भाषाकै समस्या पर्छ। हरेक दिन कोही न कोही नेपालीलाई गीतले तानेर बुढो दोकानदारको अघि उभ्याउँछ। सरसामान किनेर नेपाली फर्किन्छ। आउँदा-जाँदा नेपालीले नमस्ते गर्छ, बुढो दोकानदार मुसुक्क हाँस्दै नमस्ते फकाउँछ।

एक दिन अर्को नेपालीले देख्छ- बुढो दोकानदारलाई कुनै नेपालीले नमस्ते गरिरहेको छ। उसलाई बोलाएर सोध्छ, 'अन्डा कतिमा लिनुभयो ?' उसले भन्छ, 'एक क्रेटको ३२० मा।' अर्को नेपालीले भन्छ, 'उ त्यो पसलमा २६० मा दिन्छ।' बल्ल थाहा पाउँछ, त्यो गीत थिएन, दोकानदारको ट्रिक थियो।

सङ्गीतज्ञहरू भन्थे, 'गीतले लुट्छ।' हो रहेछ। हेर्नुस् त कसरी लुटेको ? संगीतको चरम दुरुपयोग योभन्दा अरू के हुन सक्ला ! भुक्तभोगीले दोकानदारको पोल खोलिदिन्छ, 'त्यो बुढो पहिला सुनौली बोर्डरमा दोकान चलाएर बस्थ्यो रे। त्यहीँ सिकेको रे नेपाली भाषा।' त्यसपछि त्यो नेपाली बुढोकोमा जान छोड्छ। फोकटमा नमस्ते गरेकोमा आफैँलाई धिक्कार्छ।

त्यो बुढो दोकानदारको पनि कम्ता दुःख छैन। उमेर हेर्दा लाग्छ, ऊ यतिवेला गुलाम अलि, मेहदी हसन, किशोर कुमार र लता मंगेशकरका गीत गजल सुन्दै बस्नुपर्ने हो। अथवा, कुनै कृष्ण भजन, हनुमान चालिसा रट्दै बस्नुपर्ने हो। तर, के गर्नु, मजबुरी छ।

फेरि अर्को साँझ। सोमबजारको कोलाहलबिच अर्को नेपालीको कानमा ठोकिन्छ, 'म त ढलैं ढलैं ढलैं....।'

■ त्यो पोर्क दोकान

बंगुरको मासु खोज्दै सोमबजारको एउटा गल्लीमा पुगेँ। पोर्क दोकानदार रिसाहा मुडमा रहेछ। खुँडा आकारको हतियार थियो, उसको हातमा। पसिना खलखली बगाउँदै झ्यामझ्याम मासु काटिरहेको थियो। अटेरी भिँगाको झुन्ड मासुवरपर भुनभुनाइरहेको थियो। 'मैं कितनी बार कह चुकी हूँ, नहीं मिलेगा,' उसले एकजना दुब्लो मान्छेलाई हर्काँदै भन्यो। अचानोको ठिक सामुन्ने उभिएको थियो ऊ। दोकानदार अचानोको पछिल्तिर गद्दाजस्तो अग्लो ठाउँमा बसेको थियो। मासु काट्दा हतियारको टुप्पा ती निरीह देखिने मान्छेको नाक सामुन्ने पुथ्र्यो।

अगाडि उभिनेलाई नियालेँ। हाडछाला मात्रै छ ज्यानमा। त्यो ज्यानमा कतै छैन देशी सराबको नशा। देखिन्छ सिर्फ गरिबीको अभिछिन्न दशा। कुर्कुच्चातिर प्वाल परेको चप्पल लगाएको छ। फाटेको जाँघे कट्टु कम्बरमा जसोतसो अल्झिएको छ। काँधमा मैलो न मैलो गम्छा छ। कुमतिर सिमेन्टी या बालुवाको धुलोजस्तो केही टाँसिएको छ। उसको उमेर जाँच्न कठिन छ। हेर्दा ५० आसपासको लाग्छ। तर, उसको उमेर गरिबीले चुसेर १० वर्ष बुढो देखाएको पनि हुन सक्छ।

पोर्क दोकानदारलाई उसले मागेको रहेछ- जम्मा २० रुपैयाँको मासु। मासुको भाउ छ, तीन सय २० रुपैयाँ किलो। २० रुपैयाँको मासु जुरेलीको टाउको जत्रो पनि आउँदैन। तर, ऊ २० रुपैयाँको मासु किन्न विवश छ। सायद ऊ भोकले रन्थनिएको थियो, आँत सुकेर हरहर भएको थियो। मासु खान नपाएको धेरै हप्ता वा महिना भएको थियो। बालबच्चा र श्रीमतीलाई झोल हालेर आज मासु खुवाउँछु भन्ने गुरुयोजनामा थियो। उसको यस्तो पनि योजना हुन सक्छ, ज्यान साह्रै दुख्यो, दर्द कम भएन। आज २० रुपैयाँको मासुसँग देसी दारु दन्काउने हो। तर, उसले २० रुपैयाँको मासु पाएन। सपनाहरू टुटेकै त थिए। यसपटक पनि त्यस्तै भयो। खुँडाजस्तो हतियार चलाउँदै पोर्क दोकानकारले भाग् भन्दै हकाऱ्यो। त्यसपछि उसले बस् यति बिन्ती गऱ्यो, 'दे दो ना साहुजी।' निष्ठुरी पोर्क दोकानदारलाई झिँझ्याए लाग्यो। उसको रगत उम्लियो, माथा गरम भयो। र, उसले अन्तिमपटक भाग भन्दै फेरि हकाऱ्यो। मजदुरजस्तो देखिने मान्छे गल्लीमा ओझेल पऱ्यो।

■ तास सम्मेलन

सोमबजार नजिकै छ, महाराणाप्रताप पार्क। रुख र हरियो दुबोले ढाकेको पार्कमा बिहान ५ बजेदेखि नै भिड लाग्छ। योगा, ध्यान गर्नेहरू एकातिर, ब्याडमिन्टन खेल्नेहरू अर्कोतिर। कुकुर डुलाउन आउनेदेखि शरीरको बोसो पगाल्न आउनेको भिडले पार्क गुल्जार बन्छ। मान्छेको हाहाहुहु बढेपछि चराहरूको चिरबिराहट हराउँछ। दौडिनेहरू आपसमा भन्छन्, 'राम राम भैया, कैसे हो ?' उताबाट उत्तर आउँछ, 'सब् कुछ ठिक हे भैया।' माहोल हेर्दा यस्तो लाग्छ, सबै खुसी छन्। दुनियाँ सब ठिकठाक छ।

जब घडीले बिहानको ८ बजाउँछ, अनि सुरु हुन्छ पार्कको नयाँ स्वरूप। एकजना बुज्रुकले फरमान जारी गर्छ, 'सबलोग इधर आजाओ।' पहिलो दिन जानेहरू अलमल पर्छन्। ती बुज्रुकले त्यहीँ पुगेर झाँको झार्छ र लिएर जान्छ समूहमा। सबैलाई आत्मसपर्मणको शैलीमा हात खडा गराउँछ। त्यसपछि ताली बजाउँदै सुरु हुन्छ गन्ती, राम राम एक, राम राम दो, राम राम तीन...। राम नाम जप्ने क्रम १०८ पटकसम्म चल्छ। गन्ती सकिएपछि भन्न लगाइन्छ, जय श्री राम।

ज्यान तन्काउन पार्क घुम्नेहरू कोही बुद्धिस्ट हुन्छन्, कोही मुस्लिम, कोही जैन मार्गी हुन्छन्, कोही नास्तिक। तर, सबैलाई फेरि भन्न लगाइन्छ, 'जय श्री राम।'

बिहानको कथा यही सकिन्छ, अब सुरु हुन्छ बेलुकीको कथा।

घाम ओरालो लागेपछि पार्कमा जम्मा हुनेको भिड क्रमशः बढ्छ। रुखको शीतल खोज्दै मानिसहरू पाँच-सातजनाको समूहमा विभाजित हुन्छन्। यस्ता समूह पाँच, १० हुँदै पचासौँ बन्छन्। परबाट हेर्दा लाग्छ, यहाँ कुनै पार्टीको महाधिवेशन जारी छ। र, यहाँ पार्टीको विधान प्रतिवेदनमा समूह छलफल हुँदै छ। तर, कहाँको हुनु त्यस्तो। नजिक जाँदा देखिन्छ, सबैजना तासमा मस्त छन्। देश दुनियाँ भाडमैं जाओस्। सत्तामा भाजपा उक्लियोस् कि कंग्रेस। नरेन्द्र मोदीले जेसुकै भनोस्, राहुल गान्धी जहाँसुकै पुगोस्। दुनियाँको सबसे बडा लोकतान्त्रिक मुलुकमा सबसे बडा तास सम्मेलन राति अबेरसम्म चलिरहन्छ। तास सम्मेलनमा ठुला व्यापारीदेखि रिक्सा चालकसम्म पुग्छन्। तर, सँगै खेल्दैनन्। तासले पनि वर्ग छुट्याउँछ, धनी तासेको टिलिक्क टल्किने नयाँ तास, गरिब तासेको सत्यात्त खुइलिएको थोत्रो तास। तास खेल्दाखेल्दै कसैको माथा गरम हुन्छ। 'मा....द्, पहेले पैसे निकालो,' बुरुक्क उफ्रँदै कोही कराउँछ। जुरुक्क उठि पनि हाल्छ। अनि फेरि खेल्न बस्छ।

तास सम्मेलनमा भाजपाका नेतादेखि माओवादी नेतासम्म पुग्छन्। तर, संयोग मान्नुपर्छ, सबैभन्दा ठुलो भुँडी माओवादी नेताकै हुन्छ। उता झारखण्ड, छत्तीसगढतिर माओवादी छापामारको शरीर ढल्दा यता पार्कमा भुँडे माओवादीको हातबाट चिडीको बास्सा ढल्छ। उता मिसन सुन्दरमा भारतले मिसाइल दाग्दा यता एउटा तासे धुलो टक्टक्याउँदै उठ्छ र भन्छ, 'हम् नही खेलेंगे।'

एक बिहान पार्कको नियमित दृश्य पूरै बदलियो। रामनाम गायब, तास सम्मेलन गायब। सबैको अनुहारमा त्रास, उदासी र प्रश्न। पार्कको बिचमा पुलिसले पहेंलो डोरीले सिमाना कोरेको थियो। सिमानाबाहिर सन्त्रस्त आँखाहरूको भिड थामिनसक्नु थियो। डोरीभित्र पल्टिरहेको थियो, हातखुट्टा बाँधेर मारिएको एउटा अजनबीको लास। ऊ को हो ? उसलाई कसले किन हत्या गऱ्यो ? प्रश्नको उत्तर कोहीसँग थिएन। एकजना रिक्सा चालकले भिडबाट छेउमा आएर सुनायो, 'इधर हर दो महिनेमें एकका मर्डर होता है। कौन था, कहाँ से था, क्यों मारा गया, किसीको कुछ नहीं पता चलेगा।'

■ लापता

पार्कमा जान बन्द गरेँ। दिल्लीका गल्ली उस्तै घुमिरहेँ। हरगल्ली भरिभराउ, हरगल्ली अस्तव्यस्त। कतै बच्चा रोइरहेका, कतै मान्छे सुतिरहेका। गर्मीले खलखल्ती पसिना बगाउँदै कोही कट्टु मात्रै लगाएर ढल खनिरहेका। कतै अर्धमृत बोइलर कुखुरा शीघ्र मृत्यु पर्खिरहेका। कतै गाईले गऱ्यामगऱ्याम प्लास्टिक चपाइरहेका। कतै अस्तव्यस्त गल्लीको भित्तामा नेताका जन्मदिनका पोस्टर टाँसिएका। स्थानीय कार्यकर्ताले गुलामी बान्तामिश्रित भद्दा शब्दमा 'तुम जियो हजारों साल' लेखेको। यस्तो लाग्यो, मान्छेको के कुरा स्वयं गल्ली नै जुगजुगदेखि हावा र घामको पर्खाइमा तड्पिरहेका छन्।

हरगल्लीका भित्तामा रातो रंगले लेखिएको छ, नशामुक्ति केन्द्र। यस्तो लाग्यो, पूरै दिल्ली नशामा डुबेको छ र नशाबाट मुक्त हुने जिम्मा गल्लीका दिवारले लिएका छन्। आखिर केको नशा लागेको छ दिल्लीलाई ? महलमा बस्ने दिल्लीलाई छेउछाउका गरिब देशलाई ठुँगिरहने नशा पो लागेको छ कि ? दलित, महिला, मुस्लिम र आदिवासीलाई दिनदहाडै मार्ने नशा पो लागेको छ कि ? प्रश्नको उत्तर कोहीसँग छैन। प्रश्नहरू स्वयं लापता भएका छन्। त्यसैले त हरपार्कका दिवारमा, हरगल्लीका भित्तामा टाँसिएको छ, लापता, मिसिङ।

जिबी रोडका गल्लीबाट कति नेपाली मिसिङ भइरहेका होलान्, यसको हिसाब छैन। पहाडगन्जको सडकमा ठेलागाडा ठेल्ने, चाँदनी चोकमा भोकै सुत्ने नेपाली कति लापता भए होलान् केही थाहा छैन। केही महिनाअघि मात्रै पहाडगन्जकै एउटा गल्लीमा अपार्टमेन्ट भत्किएर १० जना मजदुरको मृत्यु भयो। हतपत नाम खोजेँ। धन्न नेपाली

» पृष्ठ ४ मा क्रमशः



दिल्लीको रोहिणी सेक्टर ५ को एक गल्ली



आफ्ना नेताको जन्मदिनको शुभकामना दिँदै कार्यकर्ताले टाँसेको पोस्टर



रोहिणीस्थित अवन्तिका बजारछेउ

गाउँमा पाइला टेक्ने मान्छे नहुने, सहरमा पाइला टेक्ने ठाउँ नहुने। जसले सहर बनाउँछ, उनीहरू सधैँ लापता हुनुपर्ने, जसले सहर सिध्याउँछ, उनीहरू सधैँ सहरप्रमुख बन्नुपर्ने। यो कस्तो नगर सभ्यता हो ? यो कस्तो आधुनिकता हो ? मानव सभ्यताले यो कस्तो सहर जन्मायो ?

■ दिल्लीको गल्लीमा 'म त ढलैं ढलैं ढलैं...'

सोमबजारको गल्लीमा हिँडिरहँदा अचानक एउटा गीत कानमा ठोकिन्छ, 'म त ढलैं ढलैं ढलैं ढलैं....।' ढल्ने लागेपछि समाउनु मानवताको परिचय दिनु हो। अनायासै पाइला टक्क रोकिन्छन्। गीत बजेतिर मुन्टो घुम्छ। 'वाइवाइ पसल' नाम गरेको दोकानमा पुगेर आँखा ठोक्किन्छ। पसलमा मुसुमुसु हाँसेर बसिरहेको हुन्छ, एकजना बुढो मान्छे। उसले विनम्र स्वरमा भन्छ, 'कता हिँड्नुभएको ?' परदेशमा यति मधुर स्वर, त्यसमाथि नेपाली गीत अरू के चाहियो ? संगीतले तानेको पाइला त्यसैत्यसै बुढो मान्छेतिर अघि बढ्छ।

च्यापुमा सेतै फुलेको दारी, चाउरिएका गाला, खुइलिएको टाउको बोकेर बसिरहेको त्यो बुढो मान्छे हेर्दा लाग्छ, पक्कै मधेशतिरको नेपाली हो। वीरगन्जको कुनै व्यापारी पनि हुन सक्छ। अर्को गीत सुरु हुन्छ, 'रुकुम मैकोट, रुकुम मैकोट...।'

'तपाईं नेपाली हो ?' सुरुमा पुग्ने हरनेपालीको यही प्रश्न हुन्छ। म पनि यही सोध्न पुग्छु। मृदु मुस्कानमा उसले भन्छ, 'म नेपाली होइन। तर, असनमा मेरो ठुलो पसल छ। काठमाडौं आउने-जाने गर्छु।' यता बातचित बढिरहन्छ। उता पृष्ठभूमिमा गुञ्जिरहेको नेपाली संगीतले वातावरणलाई रोमाञ्चक बनाउँछ। उसले भन्छ, 'रासनदेखि एसीवाला कोठासम्म सबै व्यवस्था छ। चाहिए भन्नुस्।' अन्तिममा दोकानदारप्रति कृतज्ञ भई वाइवाइ, अन्डा, बिस्कुटलगायत किनेर नेपाली बिदा हुन्छ। बिदा हुँदै गर्दा के लाग्छ कुन्नि, दोकानदारलाई नमस्ते गर्छ। दोकानदारले मन्द मुस्कानमा नमस्ते फर्काउँदै पैसा खल्तीमा हाल्छ। दोकानदार बाटोतिर कोही नेपाली हिँडिरहेको छ कि भन्दै चियाउँछ र गीत बजाउँछ- कता हिँडेको बिजुली बालेर, हट भएर...।

साप्ताहिक राशिफल



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो : ९८५१०६११२४

१० साउन (शनिबार) – **१६ साउन** (शुक्रबार)

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

प्रशस्त धन आर्जन गर्ने मौका छ । कर्मप्राप्तिको योग छ । सोचेजस्तै सफलता मिल्नेछ । सहयोगीले साथ दिनेछन् । उत्साह पनि बढ्नेछ । रोकिएका काम बन्नेछन् । पढाइलेखाइमा राम्रै उन्नति हुनेछ । आफ्नो प्रतिभा अरूलाई देखाउन सकिनेछ । व्यवसायबाट प्रशस्त लाभ होला । प्रतिस्पर्धीलाई पछि पार्न सकिनेछ ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

मानसम्मान बढ्नेछ । बोलीकै प्रभावले महत्त्वपूर्ण काम हुने समय छ । वैचारिक क्षमता बढ्नेछ । तपाईंको अभिव्यक्तिबाट धेरैलाई प्रभाव पर्नेछ । आत्मबल बढ्नेछ । व्यवसायबाट प्रशस्त फाइदा उठाउने मौका छ । आँटिका काममा सहयोगीहरूले साथ दिनेछन् र थप हौसला मिल्नेछ । प्रतिस्पर्धीले हार खालान् । बुधबारदेखि भने अरूको भर पर्दा धोकामा परिने, हानि हुने र विश्वास गुम्ने सम्भावना छ ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

कामबाट विश्राम लिने मौका छ । प्रियजनसँग भेटघाट र प्रसन्नताको समय छ । विभिन्न उपहारसमेत पाइएला । पार्टी, पिकनिक वा खानपान समारोहमा सहभागी भइएला । तपाईंको विचारलाई धेरैले मन पराउनेछन् । बोलीकै भरमा काम गर्ने समय छ । आतिथ्यपूर्ण सम्मान र सहयोगीबाट साथ पाइनेछ । कर्मयोगमा अभिवृद्धि हुनेछ । पराक्रम बढेर जाला । प्रेम र मित्रताको गाँठो कसिने वेला छ । आम्दानी बढ्नेछ ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

स्थानान्तरण र टाढाको यात्रा सम्भावना छ । शुक्रबारदेखि आफन्तजन भेटिएलान् । शरीरमा आरोग्य एवं स्फुर्ति बढ्नेछ । विशिष्ट व्यक्तित्वसँग भेटघाट गर्ने अवसर जुट्ला । मनपर्ने खानपान, वस्त्र, अलंकार आदिबाट आनन्द मिल्नेछ । बोलीको प्रभावले महत्त्वपूर्ण काम बन्न सक्छ । मानसम्मान पाइनुका साथै प्रशस्त धन आर्जन गर्ने योग छ । सहयोगीहरू जुट्नेछन् । काममा उत्साह थपिनेछ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

आँटिका काममा सहयोगीले साथ दिनेछन् । व्यावसायिक कामबाट राम्रो लाभ होला । श्रमको उचित मूल्यांकन हुनेछ । बिहीबार भने आकस्मिक खर्च बढ्नेछ । छरछिमेकमा असमझदारी पनि बढ्न सक्छ । स्थान परिवर्तन वा टाढाको यात्रा सम्भावित छ । नयाँ काम गर्ने मौका आउला । आतिथ्यपूर्ण सम्मान पनि पाइनेछ ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

आफ्नो क्षेत्रको नेतृत्व गर्दै यात्रा गर्ने मौका आउला । अरूलाई प्रभावित पारेर काम बनाउने समय छ । व्यवसायबाट सोचेको लाभ मिल्नेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । उच्च महत्त्वाकांक्षा र विगतका गलत निर्णयले पनि काममा चुनौती आउने देखिन्छ । सप्ताहान्तमा स्थितिमा सुधार आउला । पारिवारिक भेटघाट होला ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

विद्यामा प्रगति हुनेछ । अरूको मन जित्न सकिनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । प्रतिनिधिमूलक यात्रा सम्भावना छ । पुराना साथीभाइसँग भेटघाट गर्ने मौका छ । साताको अन्त्यतिर अलि खर्च बढ्ला । तत्काललाई केही नोक्सानी देखिए पनि दीर्घकालीन काममा लगानी गर्ने समय छ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

नयाँ काम र जिम्मेवारी हात पार्ने मौका छ । धार्मिक तथा परोपकारजन्य क्रियाकलापबाट प्रतिष्ठा पाइनेछ । पढाइमा प्रगति हुनेछ । काममा सफलता मिल्नेछ । मंगलमय कृत्य सम्पादन गर्ने वा तीर्थाटनको योग छ । आइतबारदेखि अनावश्यक वादविवादमा परिने समय छ । प्रशंसकहरूले समेत आलोचना गर्न सक्छन् । तापनि, प्रयत्न गर्दा व्यावसायिक काममा सामान्य फाइदा उठाउन सकिनेछ ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

सुरुमा समय मनोरञ्जनपूर्ण रहला । रमाइलो यात्रा सम्भावित छ । प्रेमको बन्धन पनि कसिने वेला छ । आम्दानी पनि प्रशस्तै बढ्नेछ । नयाँ काम वा नोकरी पाइने समय छ । मनोरञ्जनपूर्ण क्रियाकलापमा सहभागी भइएला । बुधबारदेखि समय अलि प्रतिकूल रहला । चोटपटक लाग्ने, अस्वस्थ भइने र सानातिना समस्यामै अल्झिनुपर्ने समस्या आउला ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

मानप्रतिष्ठा र ख्याति बढ्ने समय आएको छ । सामाजिक काममा संलग्न हुनुपर्ला । घुमघाम र भेटघाटको समय छ, छरछिमेकी, कुटुम्ब वा नातागोताको कामधन्दामा सरसहयोग गर्दा सन्तुष्टि प्राप्त हुनेछ । प्रेमको बन्धन कसिनेछ । रमाइलो यात्रा र मनोरञ्जनमा सहभागी भइएला । व्यवसायको सिलसिलामा भ्रमण गर्ने मौका आउला ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

व्यापार-व्यवसायमा प्रशस्तै फाइदा होला । काम गरेर अरूलाई आकर्षित गर्न सकिनेछ । तपाईंको प्रतिभाको धेरैले कदर गर्नेछन् । शिक्षा र बौद्धिक क्षेत्रमा उन्नति हुनेछ । शत्रुबाधा समाप्त होला । प्रशस्त धन लाभ हुनेछ । अप्ठ्यारा चुनौतीलाई पनि सजिलै पन्छाउन सकिनेछ । प्रेम र मित्रताको गाँठो कसिने समय छ । रमाइला ठाउँको भ्रमण गर्ने योग छ ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

सुरुमा आफन्तसँग असमझदारी बढ्नेछ । अस्वस्थता र कमजोरी अनुभव हुनेछ । महत्त्वाकांक्षी योजना गोप्य राख्नुमै बुद्धिमानी होला । नजिकका व्यक्तिबाट काममा अवरोध हुने देखिन्छ । शुक्रबारदेखि स्थिति अनुकूल बन्नेछ । व्यापार-व्यवसायमा फाइदा हुनेछ । पढाइलेखाइमा प्रगति होला । गुरुजनको साथ मिल्नेछ । प्रतिस्पर्धीहरू पराजित होलान् ।



हिमाल सफाइमा जीवन समर्पण

मेरो जीवन प्रकृतिलाई समर्पण गरिसकेँ । 'प्राण' रहुन्जेल प्रकृति जोगाउने 'प्रण' गरिरहन्छु । अझै धेरै गर्न बाँकी छ ।

पर्यावरण



● पूर्णकुमार (पिके) शेर्पा
सगरमाथा आरोही

मेरो बाल्यकाल ताप्लेजुङको मैवाखोलामा बित्यो । परिवारको मुख्य कर्म खेती-किसानी थियो । बुबाआमाले खेतीपाती र घरगोठ समाल्नुहुन्थ्यो । बुबाआमासँगै गाईगोठ र घरको काम गर्थेँ । मेरो बाल्यकालको दैनिकी गाईगोठ, घाँस-दाउराबाट सुरु हुन्थ्यो । घरपरिवार चलाउन हिमाली भेगको दुःख उस्तै हुन्थ्यो । म काम खोज्ने सिलसिलामा काठमाडौं आएँ । तर, सन् २००५ तिरको कुरा हो । विदेशी टोलीसहित भरियाको रूपमा जाँदा मकालु हिमाल गएको थिएँ । तर, दुर्भाग्य आरोहण गर्न सकिए । मसँग पर्याप्त तालिम थिएन । म शरीरिक रूपमा निकै बलियो थिएँ । हिमालको अनुभव थिएन । त्यसवेला मैले हिमाललाई नजिकबाट देख्न पाएँ । त्यसपछि हिमालप्रति मेरो आकर्षण बढ्यो ।

हिमालको फेदमा जाँदा चक्लेटको खोल देख्थेँ । प्लास्टिक, चक्लेट बिस्कुटको खोल हिमालको फेदमा देख्दा किन यसरी फ्याँकेको होला भन्ने लाग्थ्यो । म भरियाकै रूपमा सगरमाथा पनि जान थालेँ । हिमालप्रति जिज्ञासा बढ्दै गयो । हिमालमा फोहोर देख्दा सफा गर्नुपर्छ भन्ने लाग्यो । सगरमाथा बेस क्याम्पमा आसपास झन् धेरै फोहोर देखिन्थ्यो । मलाई फोहोर नउठाई हिँड्न मन लागेन । भारीसँगै फोहोर उठाएर बोक्न थालेँ । मलाई फोहोर संकलन गर्दा पागल पनि भन्थे ।

सन् २००७ तिरको कुरा हो । आरोहणका क्रममा सगरमाथा बेस क्याम्पमा प्लास्टिकको थुप्रो देखेँ । त्यो प्लास्टिकले हिमालमा कति असर गर्छ होला भन्ने लाग्यो । यो घटना मनमा गडिरह्यो र सन् २०१० मा सगरमाथा आधार शिविरवरपर फाहोर संकलन गर्ने योजना बनाएँ । त्यसअघि मैले 'मेरा पिक', 'आइल्यान्ड पिक'लगायत हिमाल आरोहण गरिसकेको थिएँ । ती हिमाल पनि फोहोर संकलन र अध्ययन गर्न चढेको थिएँ । त्यतिवेला सगरमाथाको शिरमा फोहोर कति होला भन्ने मनमा कुरा खेल्थ्यो । यही कारण सन् २०१९ मा सगरमाथाको 'डेथ जोन'भन्दा माथिबाट सरसफाइ गर्ने योजना बनाएँ । डेथ जोन आफैंमा जोखिमपूर्ण क्षेत्र हो । यसलाई सगरमाथा आरोहण बाटोको 'मृत्यु क्षेत्र' भनेर पनि चिनिन्छ । त्यहाँ झन् कति फोहोर थुप्रिएको होला भन्ने सोच जाग्यो । त्यसवेला १८ सय केजी फोहोर संकलन गर्‍यौं । 'डेड बडी' पनि संकलन गरेका थियौं । सफाइ निकै गाह्रो थियो । खुम्बु आइसफलमा हराएका शवको टुक्रा बेस क्याम्पमा समेत भेटेका थियौं ।

त्यसपछि हिमाल सरसफाइलाई अभियानलाई झन् सशक्त बनाउन मन लाग्यो । सगरमाथासँगै कञ्चनजंघा, मकालुलगायत हिमाल सफाइ अभियान चलाएँ । अधिकांश हिमालको फोहोर संकलन गरेर सचेतना अभियान चलाएँ । हिमाल सफाइ अभियान चलाउने व्यक्ति म नै पहिलो हुँ । त्यतिवेला एक्लो अभियन्ता थिएँ ।

बलिदानलाई घात गर्नेविरुद्ध 'हेडक्वाटर'

चर्चा



● खगेश्वर भण्डारी

समकालीन प्रगतिवादी साहित्यको भण्डारमा थपिएको अर्को कथासंग्रह हो- कथाकार हिरामणि दुःखीको 'हेडक्वार्टर' । दुःखी समकालीन प्रगतिवादी दुनियाँमा कुनै नयाँ नाम होइन, तर 'हेडक्वाटर' कथासंग्रह भने नयाँ हो । यसमा समेटिएका कथाका विषयले नयाँ संसारको कल्पना गर्छन् । जनताको चाहना र क्रान्तिकारीहरूको बलिदानीप्रति अन्तर्घात गर्ने विश्वासघाती हेडक्वार्टरको वास्तविकतालाई शल्यक्रिया गर्न सफल छ 'हेडक्वाटर' ।

वर्तमान राजनीतिक, सामाजिक, सांस्कृतिकलगायत विविध विषयमा लेखिएका १५ वटा कथा यसभित्र संग्रहित छन् । प्रत्येक कथाका पात्रले सामाजिक गतिविधिको चरित्रलाई प्रतिनिधित्व गरेका छन् । खासगरी, जनयुद्ध र त्यसपछिको परिवेशको अवस्थाबोध गराउँदै कथा बुनिएका छन् । आमूल परिवर्तनका लागि जनताको अपार र अतुलनीय योगदान तथा बलिदानीमा अन्तर्घात गर्नेमाथि तीखो प्रहार गरिएको छ ।

दुःखीका परिभाषा (कवितासंग्रह २०६१), जून पस्कने यात्रामा (कवितासंग्रह २०६५), युद्धका कथा (कथासंग्रह २०६९) र स्मृतिका कुइनेटा (संस्मरणसंग्रह २०७०) प्रकाशित कृति हुन् । पत्रकारिता र राजनीतिमा समेत सक्रिय रहेका दुःखी हाल 'इच्छुक सांस्कृतिक प्रतिष्ठान'को अध्यक्षको जिम्मेवारी पनि छन् । दर्जनौं साहित्यिक संस्था एवं सांस्कृतिक संगठनको नेतृत्व गरिसकेका दुःखीको 'हेडक्वाटर' कथासंग्रह पाँचौं कृति हो । यो कृतिलाई भुँडीपुराण प्रकाशनले प्रकाशित गरी बजारमा ल्याएको छ ।

'हेडक्वाटर' कथाले हेडक्वार्टरले क्रान्तिको भविष्यमाथि किन र कसरी बेइमानी गरेको छ भन्ने तथ्य बाहिर ल्याएको छ । लालुपाते अर्को वर्ष पनि फुल्ने आशामा क्रान्तिकारी पर्खिबसेका मात्र हुन् थाकेका होइनन् । शोषित-पीडित अझै पनि लालुपाते फुल्ने उचित मौसमको खोजीमा छन् । हिरासतबाट स्पात बनेर निस्किएका टीकाराम र ईश्वरी सर स्पातिलो हतियार बन्ने वेला भएको छ । चन्द्रबिरे दाइले मन पराएको ठुलाघरे र सानाघरेको नयाँ समाज निर्माण पनि चतुरमान र छट्टुप्रसादहरूले भताभुंग पारिदिएका छन् । विश्वासघातीहरूले चन्द्रबिरेले मन पराएको सत्ता लथालिंग पारिदिए पनि बुद्धिप्रसादले त्यो संसार पुनः जागृत गराउने प्रयास गरिरहेकै छ । निर्माणले क्रान्तिको बाटोमा विश्वासघात गरेको छ, तर पनि शोषित उत्पीडित र परिवर्तनकारी जनताले वर्गसंघर्षलाई निरन्तरता दिने प्रयास गरिरहेकै छन् ।

मनकुमारीको घाउ सुमसुम्याउने व्यवस्था ल्याउन अझ सशक्त विद्रोहका लागि मनकुमारीकै छोरानाति जाग्न थालेका छन् । रोजगारी खोज्न देश छोडेर जाने प्रमोदले पैसा त कमायो, तर अरू सबै चिज गुमायो । उसको पैसाले न देश सम्पन्न भयो न समाज । न त छोराछोरीले असल संस्कार सिके । बाबु-आमालाई नै बिरानो देख्ने संस्कार छोराहरूले सिकेको देखेर प्रमोद पश्चात्तापमा पऱ्यो । सन्तानका लागि सबै चिज त्यागेर बिदेसिएको बाबुको पीडासमेत नबुझ्ने नयाँ पिँढीले के देश बनाउला ? इमानदार क्रान्तिकारी युवाहरूको पसिना खाडीमा बग्दै छ । यता तिनै युवालाई नेतृत्व दिएको चतुरमान चाप्लुसे चम्चेहरू अगाडि र पछाडि लगाएर छोराको बर्थडेमा केक काट्छन् । क्रान्ति गरेर देश बनाउने सपना देखेको सन्तोष विवश भएर तल्लो बाटो अमेरिका पुगेको छ । के अमेरिका पुगेको सन्तोषलाई देशको माया थिएन होला ? दमारे खोलाको पुख्यौंली खेत बेचेर अमेरिका पुगेको सन्तोष देश फर्कोस् भन्ने चाहना सबैको छ । सन्तोष घर फर्कोस् र फेरि कलम उठाओस् लेखोस् क्रान्तिका उद्घोष । लेखोस् परिवर्तनका उद्घोष अनि समृद्ध देशको खाका कोरोस् । देशले असल छोराहरूको चाहना गरेको छ । लेखराज अब देश फर्कनुपर्छ । लेखराजका बुढाबाउ लेखराजको प्रतीक्षामा अझै पनि मिल चलाउँदै बसेका छन् । खेतमा सकिनसकी जान्छन् र धान रोप्छन् । खेत बाँझो हुनदिनु भनेको देशको अपमान गर्नु हो भन्ने राम्ररी बुझेका छन्, तर एउटा क्रान्तिकारी युवकले देश छोडेर निष्ठुरी बन्न नैतिकताले दिँदैन । सायद अमेरिकाबाट पठाएको रेमिट्यान्सले भव्य भवन बनिसकेको छ । त्यो भवनमा बस्दा पनि आमा र बुबालाई सन्तुष्टि पटक्कै मिलेको छैन । लेखराजलाई नै खोजिरहेका छन् । यो देशको आह्वान हो । हामीजस्ता कलम चलाउनेको आह्वान हो ।


'ऊ हेर्नुस् त गहनाको जुलुस् । ... दाइजोको रास लाग्छ ।' संस्कार र संस्कृति परिवर्तन गर्नका लागि गर्जेर भाषण छाँट्दा कहिल्यै नथाक्ने आजादको छोरीको बिहेको रमझमले ठुलै सामन्तको रमझमलाई पनि ओझेलमा पारेको छ । आजादको छोरीको बिहेमा कति खर्च भएको होला ? कथाकारले समेत अनुमान गर्न सकेका छैनन् । त्यसको हिसाबकिताब कमरेडले हेडक्वार्टरमा देखाउँछन् कि देखाउँदैनन् ? जनताले त्यसको आयस्रोत खोज्नुपर्छ ।

कथासंग्रह पढ्दै गर्दा कतै आँसु झरे मेरा । हाम्रानजिकैका साथीभाइका कथा छन् यसमा । कथा पढ्दै गर्दा आफूले चिनेकै मान्छेहरूको जीवनसँग मेल खायो र उनीहरूको झलझली याद आइरह्यो ।

दुःखीले कथाहमा जुन बिम्ब र प्रतीकको प्रयोग गरेका छन्, त्यसले हाम्रै समाजका वरपर घटेका घटना परिघटना एवं यथार्थलाई सम्झाइदिएका छन् । यो स्रष्टाको लेखकीय क्षमताको उत्कृष्ट नमुना हो । कथा पढ्दै गर्दा मजस्ता पाठकको दिमागमा कतै विद्रोहको भाव पैदा हुन्छ त कतै आशाको अंकुरण पैदा हुन्छ ।

अन्त्यमा, कथासंग्रहले क्रान्तिको दिशानिर्देश गरेको छ । कुनै जादुगरी घटना यहाँ लेखिएको छैन । यस कथासंग्रहलाई विविध पक्षबाट समीक्षा गर्न सकिन्छ । हेडक्वाटर संग्रहणीय र पठनीय कथासंग्रह हो । यो कृति वास्तवमा जुन वर्गको प्रतिनिधित्व गरेर लेखिएको छ तिनै वर्गका हातमा पुग्नुपर्छ । बुर्जुवा वर्गले यस कृतिलाई ग्रहण गर्दैनन् । वर्तमानलाई छर्लंग पारिदिएको र आगामी पुस्तालाई दिशानिर्देश गरेको समकालीन प्रगतिवादी कथाको उत्कृष्ट कथाको श्रेणीमा यस कथासंग्रहलाई राख्नुपर्छ ।

कथाहरू राजनीतिक विचारबाट प्रभावित छन् । विचारविहीन साहित्य भनेको प्राणविनाको लासजस्तै हो । कथामा समाजवादी यथार्थवादी विचारलाई बडो तालमेल मिलाएर राखिएको छ । प्रत्येक कथाले समाज परिवर्तनको अपेक्षा गर्छन् ।



दिल्लीका...

पृष्ठ ३ बाट क्रमशः

परेनछन् । यसरी समाचारमै नआउने गरी कति नेपाली लापता भए होलान् ?

मुग्लान भासिने नेपालीको लर्को अझै रोकिएको छैन । नेपालका कुनाकुनाबाट यो खुला ग्यास च्याम्बरजस्तो सहरमा नेपाली ओइरिएकै छन् । कति अँध्यारो गल्लीमा जिन्दगीलाई खुद्राखुद्रामा भजाउँदाभजाउँदै सिद्धिएका छन् । उता पहाडमा एक्लो घर मुग्लान गएको मान्छेलाई पर्खिरहन्छ । यता एउटा मान्छे दिल्लीको कुनै अनजान गल्लीमा गुमनाम अस्ताउँछ ।

हिँड्दाहिँड्दै लापता लेखिएको एउटा फोटोमा आँखा ठोकियो । धेरै बेर हेरिरहेँ । सप्तरीका एकजना मजदुर दिल्लीमा रिक्सा चलाउँछु भन्थ्यो । कतै ऊ हराएको सूचना पो हो कि ? पाँच वर्षअघि सानिमाको छोराले भनेको थियो, 'दाइ, म त रेल चढेर दिल्ली जान्छु । उता ढावामा काम पाइन्छ ।' त्यसपछि ऊसँग सम्पर्क भएन । यो फोटो कतै उसैको पो हो कि ? तर, मैले भुसुक्कै बिर्सें, नेपालीको फोटोको दिल्लीको दिवारमा टाँसिने हैसियत कहाँ छ र ?

तीन करोड ३५ लाख मान्छे खाँदिएको दिल्लीमा सम्भवतः संसारकै सबैभन्दा धेरै मजदुरको जमघट छ । तर, एउटा पनि मजदुरको चीत्कार दिवारमा कुँदिएको देखिन्न । दिवारबाट मजदुरको क्रन्दन गायब छ । कुनै पनि मजदुरले दिल्लीमा हडताल गरेको सुनिन्न । सडकबाट मजदुरको जुलुस लापता छ ।





सगरमाथा हिमालमा संकलन गरेको फोहोर आधार शिवरमा लगिँदै



खुम्बु आइसफल क्षेत्रबाट फोहोर संकलन गरी आधार शिविर झर्दै



कञ्चनजंघा आधार शिविरमा समूह बनाएर फोहोर संकलन गर्दै

हिमाल सफा गर्नु सजिलो थिएन । पछि विभिन्न संघसंस्थालाई जोडेर पनि सफाइ अभियान चलाएँ । त्यसवेला हिमाल सफा राख्नुपर्छ भन्ने मान्छेमा चेतना नै थिएन । हुन त हिमाल आरोहण अध्ययनमा नगएको भए ममा पनि यस्तो सोच आउँदैनथ्यो होला । हिमालबारे धेरै कुरा सिक्न पाएँ । मेरो अभियानलाई सञ्चार माध्यम र सर्वसाधारणले खासै चासो नदिए पनि निरन्तर लागिरहैं । चुपचाप आफ्नै सपनाको बाटोमा हिँडिरहैं । पछि राज्यको आँखा खुल्यो र यो अभियान थप विस्तार भयो ।

जलवायु परिवर्तनको जोखिममा नेपालको सूची शीर्ष स्थानमा पर्छ । यसमा नेपालको योगदान कम भए पनि पीडा व्यहोर्नेमा अग्रस्थानमा छौं । त्यसैले विश्वलाई झक्झकाउनैपर्छ भन्ने सोच आयो । हिमाल सफा अभियान बोकेर सगरमाथाचाहिँ अरोहण गरेरै छोड्छु भन्ने सोच बनाएँ । हिमालको फेदमा प्लास्टिकजन्य फोहोर थुप्रिएको देख्दा एकदमै चिन्ता लाग्थ्यो । एक्लैले सफा गर्न नसके पनि कम्तीमा जनचेतना फैलाउनुपर्छ भन्ने लाग्यो । अर्को प्रकृति बचाउनुपर्छ भनेर संसारलाई सुनाउनु पनि थियो । साथै, नयाँ पुस्तालाई प्रकृति बचाउन उत्तरदायी बनाउनुपर्छ भन्ने महसुस भयो ।

...अनि छोरालाई पनि हिमाल सफा गर्न लगें

सधैं एक्लैले हिमाल सफा गर्ने अभियान चलाउन सक्दिनँ होला जस्तो लागेर चार वर्षअघिदेखि छोरालाई पनि साथै लैजाने गरेको छु । नयाँ पुस्तालाई पनि हिमाल आरोहण र सरसफाइमा जोड्दा पुस्तान्तरण हुन्छ भन्ने आशा छ । त्यसैले १७ वर्षीय छोरा (सोनाम शेर्पा)लाई अभियानमा जोडैं ।


सन् २०२१ मा 'हिउँ रहे पानी, पानी रहे जीवन' र प्रकृति बचाऊ, जलवायु न्यूनीकरण भन्ने नारासहित सगरमाथा आरोहणको तयारी गर्‍यौं । जलवायु परिवर्तनविरुद्ध सन्देश लिएर सातै महादेशको हिमाल आरोहण योजना बनाएँ । जसबाट संसारभर सन्देश दिन सकिन्छ भन्ने लाग्यो । सगरमाथा आरोहणमार्फत हामीले त्यो अभियान सुरु गर्‍यौं । लामो समयको प्रयासपछि १० जेठ ०७८ मा छोरा सोनाम शेर्पासँगै सगरमाथाको सफल आरोहण गरैं ।

मैले रेकर्ड बनाउने इच्छाले कहिल्यै हिमाल आरोहण गरिनँ । मूल उद्देश्य नै फोहोर सफा गर्ने र जनचेता फैलाउने थियो । सगरमाथा आरोहण पनि अभियानकै एक हिस्सा हो । मैले सातवटै हिमाल चढ्ने योजना बनाउँदा अरू कसैले आँट गरेका थिएनन् । अहिले पनि यो अभियानमा निरन्तर लागिरहेको छु । केही समयअघि मात्रै अफ्रिका महादेशका हिमाल आरोहण गरैं । हिमाल आरोहण आफैंमा जोखिम छ । मेरो जीवन प्रकृतिलाई समर्पण गरिसकैं । 'प्राण' रहुन्जेल प्रकृति जोगाउने 'प्रण' गरिरहन्छु । अझै धेरै गर्न बाँकी छ ।

अध्येता भोगिराज चाम्लिङलाई मनपरेका पाँच पुस्तक



पढाइ, पुस्तक भनेको आँखीझ्याल रहेछ, जहाँबाट स-साना स्केलमा यो संसार, मानव समाजलाई अध्ययन गर्न, देख्न र बुझ्न सक्ने रहेछौं । किनभने, मान्छेले आफूले भोगेको र देखेको कुरा मात्र पर्याप्त हुँदैन । आ-आफ्ना ढंगबाट समाज अध्ययन र विश्लेषण गरिरहेको हुन्छ । त्यो सबैको अध्ययन, विश्लेषणबाट हामीले छोटोमा सजिलो तरिकाले समाज बुझ्न, मान्छे बुझ्नका लागि पढ्नु अनिवार्य रहेछ । कुन पुस्तक मन पऱ्यो भन्ने कुरा, कुन समयमा के काम गर्छ भन्नेले फरक पार्छ । जस्तै- अहिले म मुन्धुम, मुन्धुमको विकासक्रम, मुन्धुमको इतिहास, किराँतीको इतिहास, संस्कृति, सम्पदा अध्ययन गरिरहेको छु । त्यसैले त्यस्तै पुस्तक रुचिकर लाग्दै छ । मुन्धुमको इतिहास, किराँतीको इतिहास र संस्कृतिबारे जानकारी हासिल गर्न, नेपाली समाजको विकासक्रम थाहा पाउन मुन्धुम एउटा राम्रो बौद्धिक स्रोत हुन सक्छ । त्यही मुन्धुमलाई बुझ्नका लागि केही पुस्तक उपयोगी लाग्दै छ ।



■ **द ब्रिक एन्ड द बुल : एन अकाउन्ट अफ हाँडीगाउँ, द एन्सेन्ट क्यापिटल अफ नेपाल –** सुदर्शनराज तिवारीको यो पुस्तक अहिले नेपालीमा अनुवाद भएर 'हाँडीगाउँ : प्राचीन नेपालको राजधानी' भनेर प्रकाशित छ । यो पुस्तकको एकदमै गज्जब लागेको पाटो भनेको इतिहासको व्याख्या अथवा प्राक्-इतिहासको व्याख्या गर्दा लिखित दस्ताबेजमा मात्र भर परेर हुँदैन भन्ने हो । किनभने, लिखित दस्ताबेजको व्याख्या, त्यसले भन्ने कुरा एकदमै सीमित हुन्छ । उनले पुस्तकमा इतिहासको अक्षरमा आधारित, शिलालेख वा अभिलेखमा आधारित इतिहासको अपूर्णतालाई पूर्णता दिने र अक्षरमा लेखिएको इतिहासमा भएको अस्पष्टतालाई स्पष्ट पार्ने काम मौखिक ज्ञान प्रणाली, त्यो समाजमा भएको सांस्कृतिक अभ्यास गर्छ भन्ने कोणबाट व्याख्या गरेका छन् । हाडीगाउँको इतिहास लेख्दा उनले त्यो समाजमा प्रचलित, हाँडीगाउँका नेवारहरूको संस्कृतिलाई पनि आधार बनाएका छन् । हाँडीगाउँ किराँतीहरूको राजधानी हुन सक्छ भन्ने कोणबाट व्याख्या गर्ने क्रममा पूर्वी नेपालको किराँतीहरूको मुन्धुम उनीहरूको संस्कृतिलाई पनि तथ्यको रूपमा अगाडि राखेका छन् । त्यसकारण उनले पुस्तकमा इतिहासको व्याख्या अथवा लेखन गर्दा अक्षरमा मात्र भर पर्नुहुँदैन, त्यसमा सांस्कृतिक अभ्यास र मौखिक ज्ञान प्रणालीलाई पनि ध्यान दिनुपर्छ भन्ने बताएका छन् । त्यसैले मलाई उनको यो किताब खुबै मन पऱ्यो ।

■ **नवीन दृष्टिमा प्राचीन नेपालको इतिहास –** प्रारम्भमा हामीले अभिलेख, ऐतिहासिक कागजपत्रमा मात्र आधारित भएर इतिहास लेख्यौं । त्यस्तो इतिहास लेखनले घुमाईफिराइ सत्ताधारी शक्तिवरिपरि मात्र केन्द्रित गरिदियो । किनभने, लिखित इतिहास, लिखित दस्ताबेज जो शासन सत्तामा थिए, उसको मात्र थियो । त्यसकारण लिखित कागजपत्र, अभिलेखका आधारमा लेखिएको इतिहासले हामीलाई सत्ताको वरपर मात्र घुमायो । त्यो परम्परालाई तोड्ने काम नेपाल कम्युनिस्ट पार्टीका संस्थापक नेता पुष्पलाल श्रेष्ठबाट सुरु भएको थियो । पुष्पलालले इतिहासको व्याख्या गर्दा दस्ताबेजले वा कागजपत्रले जे भनेको छ, त्यसमा मात्र सीमित भएर होइन कि समाजको विकास, जनताको अवस्थाको आधारमा पनि लेख्नुपर्छ भनेर नेपालमा मातृसत्ताबारे, राजतन्त्रबारे, भविष्यबारे लामा-लामा लेख लेखेका थिए । त्यो परम्परालाई प्राध्यापक केदारनाथ प्रधानले अगाडि बढाए । उनले एउटा पुस्तक प्रकाशन गरे, नवीन दृष्टिमा प्राचीन नेपालको इतिहास । पुस्तकमा शासकको वरिपरि रहेको इतिहासलाई जनताको वरपर रहेर लेखन गर्नुपर्छ भन्ने दृष्टिकोणबाट प्रारम्भिक खुड्किलो निर्माण गरे । यसमा प्रयोग भएका दस्ताबेज ती नै हुन्, जो हाम्रा इतिहासकारले प्रयोग गर्दै आएका थिए । तिनै दस्ताबेजलाई उनले जनताको पक्षबाट व्याख्या गरे । त्यसैले यो पुस्तक मन पऱ्यो ।

■ **फ्रम लिटरेचर टु कल्चर –** विभिन्न समयमा पत्रपत्रिका, जर्नल, स्मारिकामा प्रकाशित कमलप्रकाश मल्लका लेखहरू संकलन गरेर हिमाल किताबले एउटा पुस्तक प्रकाशन गरेको छ । पुस्तकमा ल्यांग्योइज एन्ड एजुकेसन, इंग्लिस स्टडिज, लिटरेचर, ग्रामर एन्ड ट्रान्सलेसन, कल्चर एन्ड सोसाइटी, प्रिहिस्ट्री इन प्लेसमेन्टलगायत उपशीर्षक छन् । आर्किओलोजी एन्ड हिस्टोरीग्राफी भन्ने उपशीर्षकमा लेखहरू विभाजन गरिएको छ । त्यसमा प्रिहिस्ट्री इन प्लेसमेन्ट मलाई मन परेको च्याप्टर हो । यसमा नेपालको इतिहासको अध्ययन गर्ने हो भने यहाँको स्थानका नामहरूको अध्ययन गर्नुपर्छ भन्ने उल्लेख छ । किनभने, ठाउँको नाममा स्वयं इतिहास छ । इतिहास वा प्राक्-इतिहासको व्याख्या गर्ने नयाँ माध्यमका रूपमा स्थानको नाम, नदीनालाको नामलाई लिन सकिन्छ । स्थान नामको हिसाबले काठमाडौंको खोलानदीको नामको तरिका र पूर्वको किराँतीहरूको खोलानदीको नामको तरिका समान छ । यो समानताले पूर्वी नेपालका हालका किराँतीहरूको र काठमाडौं उपत्यकाबिचमा कुनै न कुनै इतिहासकालभन्दा अघि सम्बन्ध थियो भन्ने तथ्य स्थान नामले बताउँदो रहेछ । इतिहास वा अक्षरभन्दा अगाडिको समयलाई व्याख्या गर्ने हो भने स्थानको नाम गहकिलो स्रोत हो भन्ने पुस्तकले व्याख्या गरेको छ ।

■ **लोकायत : प्राचीन भारतीय भौतिकवादको अध्ययन –** देवीप्रसाद चट्टोपाध्यायले यो पुस्तक लेखेका हुन् । यो पुस्तकको विशेषता संस्कृत ग्रन्थहरूमा जति पनि दर्शनको विकासको व्याख्या छ, त्यो दर्शनलाई उनले फरक कोणबाट व्याख्या गरेका छन् । त्यहाँ भएको धार्मिक दर्शनलाई जुन अध्यात्मीकरण गरिएको छ, त्यो अध्यात्मकृत भएको दर्शनभित्र धेरै ठुलो इतिहास, संस्कृति, भौतिकवादी दर्शन छ भनेर उनले प्रमाणित गर्न खोजेका छन् । जस्तै- गणपतिको व्याख्या उनले भौतिकवादी दृष्टिकोणबाट गरेका छन् । गणेशलाई हिन्दुले गणपतिको रूपमा पूजा गर्छन् । जुन गणपतिलाई भगवान् बनाइयो, प्रारम्भमा आदिवासीहरू गणका नेता थिए, गणको नेता भएकाले गणपति भनिएको हो । यसले भारतको आदिम अथवा प्राचीन इतिहासकालको सांस्कृतिक अभ्यास देखाउँछ । अध्यात्मीकृत भएको धार्मिक अभ्यासलाई इतिहासको कुनै वेलाको सत्य हो भनेर व्याख्या गरेका छन् । यसप्रकारको भौतिकवादी व्याख्या गरेर उनले भारतीय इतिहास, संस्कृति, दर्शनलाई तथ्यपूर्ण र ऐतिहासिकताको नजिक ल्याएका छन् । नेपाली समाजको इतिहास, संस्कृति र दर्शनलाई भौतिकवादी कोणबाट ऐतिहासिक तथ्य हो भनेर प्रमाणित गर्ने गरी काम गर्न यो पुस्तक उपयोगी छ ।

■ **द ग्लोबल प्रि हिस्ट्री अफ ह्युमन माइग्रेसन –** यो पुस्तक पिटर बेलहुडले सम्पादन गरेका हुन् । पुस्तकमा सातवटै महादेशका मानिस को, कहिले, कहाँ पुगे ? भनेर ५३ वटा लेख संकलित छ । पुस्तकमा ६० भन्दा धेरै विद्वान्ले आ-आफ्ना मुलुकको सन्दर्भमा लेखहरू संकलन गरेका छन् । नेपाली समाज कसरी बन्यो ? अथवा विश्वकै विभिन्न मुलुक जुन सामाजिक, जातीय बनोट कहिले बनेको रहेछ ? किन बनेको रहेछ ? कसरी बनेको रहेछ ? भन्ने थाहा पाउन पुस्तकले मद्दत गर्छ । विश्व समाज र नेपाली समाज बुझ्न धेरै हदसम्म यसले सहयोग गर्छ ।

धार्मिक समूहमा विभक्त भई कोही राम नाम जप्दै छन्, कोही अल्लाहलाई जिन्दगी जिम्मा दिएर हिँडेका छन् । कोही गुम्बामा माला जप्दै बसेका छन् । न्यायालय छ, तर न्याय लापता छ । इन्सान छन्, तर इन्सानियत लापता छ । गुम्बा छ, तर शान्ति लापता छ । पीपल छ, तर शीतलता लापता छ । ४२ डिग्री तातोमा छट्पटिरहेको दिल्लीमा सबथोक छ, तर सबथोक लापता छ । गल्ली घुमिरहँदा लाग्यो, यहाँ गाउँदागाउँदै संगीत लापता हुन्छ, बोल्दैबोल्दै मान्छे लापता हुन्छ, हिँड्दाहिँड्दै बाटै लापता हुन्छ ।

इतिहासकारहरूको दाबी छ- दक्षिण एसियामा करिब पँच हजार वर्षअघि नगर सभ्यताको सुरुवात मोहनदोजारो र हडप्पाहरूले सुरु गरेका हुन् । त्यहाँदेखि यहाँसम्म आइपुग्दा नगर सभ्यता पूर्णतः मानवताद्वेषी, प्रकृतिद्वेषी भइसकेको छ । गाउँमा पाइला टेक्ने मान्छे नहुने, सहरमा पाइला टेक्ने ठाउँ नहुने । जसले सहर बनाउँछ, उनीहरू सधैं लापता हुनुपर्ने, जसले सहर सिध्याउँछ उनीहरू सधैं सहरप्रमुख बन्नुपर्ने । यो कस्तो नगर सभ्यता हो ? यो कस्तो आधुनिकता हो ? मानव सभ्यताले यो कस्तो सहर जन्मायो ? सहरवादीहरू उहिल्यै पूर्णतः असफल भइसकेको किन स्वीकार नगरेको ? यी प्रश्न आफैं काठमाडौंमा, दिल्लीमा लापता छन् । प्रश्न सोच्नुपर्ने, उत्तर खोज्नुपर्ने मान्छे पनि मिसिङ छन् ।

विकासको नाममा, आधुनिकता र सहरिया हुने नाममा सिमेन्टीका इमारत खडा गरिए, त्यो इमारतभित्र बस्ने मान्छेको मन पनि सिमेन्टीकै बन्दै गयो । यस्तो पनि लाग्छ, एक दिन सहरबाट मान्छे लापता हुनेछ, केवल रहनेछ सिमेन्टीका खम्बाहरू । यो तितो सत्य भनिदिने कसले ? त्यो भन्ने मान्छे नै लापता छ ।

विर्सा मुन्डाहरू लापत्ता छन्, फुलनदेवीहरू लापता छन्, भगतसिंह र अवतारसिंह पाशहरू पनि लापता छन् । गौरी लंकेश र बरबर रावहरू लापता छन् । भेटिएकाहरू सबै नशामा लट्ठ छन् । नशामुक्ति केन्द्र बन्द गरेर मानवता केन्द्र कसले र कहिले बनाउने ? यो चिन्ता, चासो र प्रश्न गर्ने पनि लापता छन् ।

■ गाईलाई फलिफाप लोकतन्त्र

सबथोक लापता भएको दिल्लीमा गाई भने यत्रतत्र भेटिन्छन् । यति भन्न सकिन्छ, भारतमा लोकतन्त्र सबैभन्दा धेरै गाईलाई फापेको छ । दिल्लीको हरगल्ली, कुना, चोक, बजार गाईको एकछत्र राज छ । ती गाईले कुहिएको फलफूल तरकारी र प्लास्टिकबाहेक अरू केही पाउँदैनन् । तर, प्लास्टिक खाएरै भए पनि एकबारको जुनी कटाउनु नै छ ।

व्यस्त सडकमा ढसमस्स बसेर गाई पनि सोच्दो हो, 'मनुखेको दुनियाँले के त्यस्तो नियम बनायो, जसले हामीलाई यति अमनचयन मिल्यो । हे मान्छे, अब अरू केही चाहिन्न, सिर्फ मिलाइदेऊ, घाँसे मैदान ।' त्यसपछि गाई फुँ गर्दै नाकमा बस्न आउने भिँगा धपाउँछ र पुच्छर हल्लाउँदै आकाशतिर हेरेर प्लास्टिक चपाइरहन्छ ।

गाईलाई सडकबाट धपाउने हिम्मत कसको ? बरु सहरलाई 'सुन्दर' बनाउन वेलावेला हजारौं भिखारी धपाउँछ दिल्ली । दलितलाई कुटिकुटी मार्छ दिल्ली, तर बाटो छेकिरहेको गाईलाई एक लपटा पनि लगाउँदैन । सुकुमवासी बस्तीमा भोकले रुन्छन् मजदुर । उनीहरूका लागि रासन लिएर जाँदैन दिल्ली । तर, घरघरबाट रोटी संकलन गरेर गाईलाई खुवाउँछ दिल्ली ।

सडकमा मस्तमौला सुतिरहेको गाईले पछाडि ट्राफिक जाम गराउँछ । तर, गाईलाई छुने हिम्मत कसको ? पछाडि फसिरहेको छ, कलेज पुगेर विज्ञान पढ्नुपर्ने विद्यार्थी । अफिस पुगेर सलाम ठोक्नुपर्ने कर्मचारी । जाममा फसेको छ, प्राध्यापक, वकिल, विद्यार्थी, किसान, महिला, दलित, आदिवासी । यति मात्रै होइन, जाममा फसेको छ, एउटा विशाल लोकतन्त्र र दक्षिण एसियाली मुलुक पनि ।

अगाडि सुतिरहेको छ, गाई । गाई सुतिरहेको ठिक माथि फरफराइरहेको गेरुवा झन्डा । गाईको पछाडि जाममा फसेको छ समाज, सभ्यता, मानवता । गाईले मस्त चपाइरहेको छ, वर्तमान र भविष्यका सुनौला दिनहरू ।

झ्याप्पै !



रवि मिश्र
@rabimishra



बहिनी पुष्पलताको स्मरणमा पुष्पलाल

माइला दाइ भन्नुहुन्थ्यो- ठुलो दाइको सपना पूरा गर्नु छ

संस्मरण



● पुष्पलता श्रेष्ठ

नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठ र पुष्पलता सहोदर दाजु-बहिनी हुन् । १९८१ असार १५ गते जन्मिएका पुष्पलालको आजभन्दा ४७ वर्षअघि निधन भएको थियो । पुष्पलालको योगदानको नेपाली कम्युनिस्टले आज पनि चर्चा गर्छन् । उनै पुष्पलालको बाल्यकाल र पारिवारिक सम्बन्ध कस्तो थियो ? रामेछाप भँगेरी, जहाँ पुष्पलालको जन्म भएको थियो, त्यहींका (हाल काठमाडौं) रमेशबाबु श्रेष्ठले पुष्पलालकी सहोदर बहिनी पुष्पलतासँग कुराकानीको प्रबन्ध मिलाइदिए । माइला दाइ (पुष्पलाल)को स्मृति दिमागमा ताजै छ नि भनेर सोध्दा ९५ वर्षीया पुष्पलताले 'उमेरसँगै धेरै कुरा बिर्सन थालेको छु, सम्झेजति स्मरण गर्ने प्रयास गर्छु' भनिन् । पुष्पलतासँग ***प्रेम गौतम****ले गरेको कुराकानीको सम्पादित अंश ।*



दाइले भनेअनुसार नै मैले एउटा छोरालाई डाक्टर र अर्को छोरालाई इन्जिनियर बनाएँ । तर, छोराहरू डाक्टर र इन्जिनियर बनेको दाइलाई देखाउन पाइनँ ।

बुबा भक्तलाल श्रेष्ठ सरकारी जागिरे (सुब्बा) हुनुहुन्थ्यो । दुइटी आमाको गरेर हामी १६ जना (आठ-आठ) सन्तान थियौं । माइला दाइ (पुष्पलाल)को जन्म रामेछापको भँगेरीमा भएको हो । बुबा सरकारी सेवामा भएकाले हामीले पढ्ने मौका पायौं । पछि गाउँबाट हाम्रो परिवार काठमाडौं आयो । हामी गणेशस्थानछेउको प्याफल टोलमा बस्थ्यौं ।

हाम्रो लामो घर थियो । घरको बरन्डामा खेल्थ्यौं । विजयलाल र म सानामा काँचको चुरा फुटाउने, गुच्चा खेल्ने आदि गथ्यौं । माइला दाइले चुराले काट्ला है नानीचा भन्नुहुन्थ्यो । उहाँले मलाई मायाले नानीचा भनेर बोलाउनुहुन्थ्यो । चुरा फुटाएर कसले धेरै जम्मा गर्ने भन्दै हामी खेल्थ्यौं । खेल्न बाहिर धेरै जाँदैनथ्यौं । बढीचाहिँ हामी गुच्चा खेल्थ्यौं । मेरो गुच्चालाई उसले ठोक्ने, उसको गुच्चालाई मैले ठोक्ने । जसले धेरै ठोक्काउन सक्यो, उसले जित्ने भन्ने हुन्थ्यो । हामीले गुच्चा धेरै खेल्यौं । विजयलाललले कहिलेकाहीं झेली गथ्र्यो । माइला दाइले चाहिं 'झेली गर्नुहुन्न है' भन्नुहुन्थ्यो । माइला दाइले काखमा राख्नुहुन्थ्यो, धेरै माया गर्नुहुन्थ्यो । हामीभन्दा धेरै ठुलो भएकाले माइला दाइले हामीसँग त्यति धेरै खेल्नुभएन । उहाँले हाम्रो हेरचाह र मायाचाहिँ औधि गर्नुभयो । शिष्ट, सभ्य हुनुहुन्थ्यो ।

> हाम्रो लामो घर थियो । घरको बरन्डामा खेल्थ्यौं । विजयलाल र म सानामा काँचको चुरा फुटाउने, गुच्चा खेल्ने आदि गथ्यौं । माइला दाइले चुराले काट्ला है नानीचा भन्नुहुन्थ्यो । उहाँले मलाई मायाले नानीचा भनेर बोलाउनुहुन्थ्यो । चुरा फुटाएर कसले धेरै जम्मा गर्ने भन्दै हामी खेल्थ्यौं ।

■ दाइबाट आमाको माया

हामी सानै हुँदा आम बित्नुभयो । आमाको त्यति स्मरण पनि छैन मलाई । त्यसैले मेरा दाइदिदीले धेरै माया गरेर हुर्काउनुभयो । हामीलाई अति नै माया गर्नुहुन्थ्यो । विजयलाल र म सबैभन्दा साना थियौं । त्यसैले सबै दिदी र दाजुले हामीलाई अति माया गर्नुहुन्थ्यो । आमाको समेत माया दिनुभयो । माइला दाइले अझ धेरै माया गर्नुहुन्थ्यो । उहाँले मलाई 'नानीचा राम्रो पढ है' भन्नुहुन्थ्यो । आमाले दुःख नदिनू, सुखसाथ राख्नू भन्नुहुन्थ्यो रे !

माइला दाइले पाटन हाइस्कुलमा पढ्नुभयो । आमा बितेपछि घरबाट स्कुलमा दाइहरूलाई लिन पठाएको सम्झना छ । त्यतिवेला आमालाई तल छिँडीमा राखिएको थियो । मलाई चाहिँ भऱ्याङमा राखेर कचौरामा दिदीले भात खुवाउनुभएको थियो । पाटन हाइस्कुलपछि माइला दाइ त्रिचन्द्र कलेजमा भर्ना हुनुभयो । त्यतिवेला पुस्तकका साथै पत्रिका पनि ल्याएर पढ्नुहुन्थ्यो । हामीलाई पनि राम्रो पढ्नू भन्नुहुन्थ्यो । उहाँले हामीलाई जहिले सम्झाउनुहुन्थ्यो । धेरै पढ्नुपर्छ भन्नुहुन्थ्यो ।

निकै अनुशासित, परिश्रमी र स्वाभिमानी हुनुहुन्थ्यो । पहिला फोटो खिच्ने चलन थिएन । फोटो भएको भए अहिले ती पल झनै ताजा हुन्थ्यो ।

आमा बितेपछि मेरो हेरचाह दिदी र दाइहरूले नै गर्नुभयो । दाइदिदीले नै पढाइमा सहयोग गर्नुभयो । पाटनमै स्कुल पढैं, त्यसपछि त्रिचन्द्र कलेजमा कमर्श पढैं । त्यतिवेला त्रिचन्द्र कलेजमा कमर्स पढ्ने म एक्ली छात्रा थिएँ । मलाई केहीकेहीले कस्तो व्यापार गर्न पढेको पनि भन्थे ।

■ दाइ अचानक हराउनुभो

बिचमा माइला दाइ एक्कासि हराउनुभयो, पढ्न जानुभयो कि काम गर्न थाहा भएन । हामी त एक हिसाबले आत्तिएका थियौं । सुरुमा त केही पनि भन्नुहुन्थेन, पछि चाहिँ 'ठुलो दाइ (गंगालाल श्रेष्ठ) को सपना पूरा गर्नु छ' भन्नुहुन्थ्यो । राजनीतिक कारणले भूमिगत भएको कुरा पछि मात्रै हामीले थाहा पायौं । उहाँले नबिराउनू, नडराउनू भन्नुहुन्थ्यो । राम्रो गर्नू, राम्रोसँग बस्नू भन्नुहुन्थ्यो । छोराहरूलाई राम्रो पढाउनू भनिरहनुहुन्थ्यो ।

माइला दाइ बिचमा एक दिन राति ढोका ढकढकाएर अचानक आउनुभयो । मैले छोरालाई काखमा बोकेर राखेको थिएँ । 'तिम्रो छोरा कस्तो राम्रो, कति गोल्टो' भन्दै माइला दाइले 'डाक्टर, इन्जिनियर बनाउनू' भन्नुभयो । केही समय बसेर गइहाल्नुभयो । बल्लबल्ल भेट भएको दाइलाई मिठोमसिनो खुवाउन पाए हुन्थ्यो भन्ने लाग्थ्यो, फलफूल, मासु मन पर्ने उहाँलाई । दाइलाई खुवाउन पनि पाइएन, कहिलेकाहीं आउने गर्नुहुन्थ्यो, फेरि एकै छिनमा हिँडिहाल्नुहुन्थ्यो । लुकिछिपी हिँड्नुहुन्थ्यो । सामान्य लुगा लगाउनुहुन्थ्यो । कहिलेकाहीं मात्रै हाम्रो भेट हुन्थ्यो । अहिलेको जस्तो फोन पनि थिएन । दाइले भनेअनुसार नै मैले एउटा छोरालाई डाक्टर र अर्को छोरालाई इन्जिनियर बनाएँ । तर, छोराहरू डाक्टर र इन्जिनियर बनेको दाइलाई देखाउन पाइनँ । मलाई जहिले भेटे पनि 'हेर तिम्रो छोराहरू कस्तो राम्रो छ । राम्रो पढाऊ है' भन्नुहुन्थ्यो ।

■ वनारसमा भाइपूजा

माइला दाइ इन्डिया जानुभयो । मैले वनारस गएर एकपटक दाइलाई भेटैं । त्यही भाइपूजा पनि गरैं । दाइहरूले एउटा ठुलो घर लिनुभएको रहेछ । त्यहाँ विद्यार्थीहरू मात्रै बस्नुहुन्थ्यो । बुढीआमा एकजना हुनुहुन्थ्यो, सायद घरधनी हुनुहुन्थ्यो होला ।

अहिले नेपालमा गाह्रो छ, यहीबाट काम गर्नुपर्नेछ भन्नुहुन्थ्यो । उहाँले पार्टी खोल्नुभएछ, हामीलाई थाहा थिएन । पछि नेपाल फर्किनुभयो । परिवारभन्दा माथि उठेर देशको बारेमा सोच्नुपर्छ भन्नुहुन्थ्यो । उहाँले सबैलाई मानसम्मान गर्नुहुन्थ्यो, उहाँलाई पनि सबैले माया गर्नुहुन्थ्यो ।

उहाँबारे कुरा गर्दा श्रद्धा लाग्छ । उहाँले सोचेका धेरै कुरा हुन पाएनन् । कतिपय कुरा भए पनि उहाँले देख्न पाउनुभएन ।

दाइले साहना प्रधानसँग बिहे गर्नुभयो । बाजा बजाएर बिहे गरेको होइन, सिम्पल बिहे थियो । माइला दाइले भाउजूलाई बिहेअघि नै राम्रोसँग चिन्नुहुन्थ्यो । बिहेको कुराचाहिँ घरपरिवारले चलाएको थियो । घरपरिवार, समाज सबैलाई बराबरी ठान्नुहुन्थ्यो ।

माइला दाइ इन्डियामा बिरामी पर्नुभयो भन्ने खबर एक्कासि पायौं । त्यसपछि हामी उहाँलाई भेट्न गयौं । उहाँ उतै बित्नुभयो । अस्तुचाहिँ नेपाल ल्याइएको थियो ।

■ निष्ठावान्-मिलनसार

माइला दाइ एकदमै निष्ठावान् हुनुहुन्थ्यो । उहाँले कहिल्यै व्यक्तिगत कुरा गर्नुभएन । दाजुभाइ, दिदीबहिनीका साथै छरछिमेकको बारेमा पनि चिन्ता गर्नुहुन्थ्यो । हामी खेल्ने क्रममा कहिलेकाहीं झगडा परे पनि माइला दाइलाई भन्थ्यौं । उहाँले हाम्रो झगडा मिलाइदिनुहुन्थ्यो । उहाँ साह्रै मिलनसार पनि हुनुहुन्थ्यो । घरपरिवार, समाज सबैलाई प्रभावित गर्न सक्ने क्षमता उहाँमा सानैदेखि थियो । उहाँ संवेदनशील पनि हुनुहुन्थ्यो । 'कसैले पनि अन्याय, अत्याचार गर्नुहुँदैन र सहनु पनि हुँदैन' भन्नुहुन्थ्यो । हामीलाई उहाँप्रति आशा र भरोसा लाग्थ्यो । नराम्रो गर्नु हुन्न है भन्नुहुन्थ्यो । राम्रो गरेपछि डराउनुपर्दैन पनि भन्नुहुन्थ्यो । उहाँको त्यो कुराले हामीमा आत्मविश्वास बढायो, जिन्दगीमा कोहीसँग पनि डराइएन । अहिले पनि डर लाग्दैन ।

बिहारका 'अजातशत्रु'को सत्तायात्रामा लाग्न सक्छ ब्रेक



नितीशले बिहारको राजनीतिमा सधैं युटर्न मारेका छन् । उनी दुनियाँलाई चक्मा दिँदै कित्ता बदलिरहन्छन् । पटक-पटक गठबन्धन परिवर्तन गरेर मुख्यमन्त्री बन्न सफल नितीशलाई धेरैले 'पल्टुराम' भनेर खिसीट्युरी गर्छन् । पदमा बसिरहनुपर्ने उनको स्वभावका कारण विरोधीले उनलाई 'कुर्सीकुमार' पनि भन्छन् । तर, जसले जे भने पनि उनी आफ्नो स्वभावअनुसार अगाडि बढिरहन्छन् ।

विदेश



● आनन्द कोचुकुडी

गत वर्षको अगस्टमा एक पुस्तक विमोचन कार्यक्रममा बिहारका तत्कालीन राज्यपाल राजेन्द्र अर्लेकरले मुख्यमन्त्री नितीश कुमारलाई अनौंठो तरिकाले वर्णन गरेका थिए- 'अजातशत्रु', जसको अर्थ हो शत्रु नभएको व्यक्ति । बिहारको राजनीतिका मूल मियो नितीश साँच्चै नै विपक्षीसँग पनि सौहार्द्रपूर्ण सम्बन्ध राख्छन् । 'उनले सकभर विपक्षीलाई आँच आउने शब्द प्रयोग गर्दैनन्', अर्लेकरले त्यतिवेला भनेका थिए, 'नितीश कसैको विरुद्धमा कुनै शत्रुता राख्दैनन् ।'

आज फर्केर हेर्दा यो कुरा दुई दशकदेखि बिहारमा सत्ताको चाबी बोकेका (नौ महिनाको छोटो अवधिबाहेक) व्यक्तिको हकमा अहिले पनि यो सत्यसाबित हुन सक्छ ।

र, यसै वर्षको अन्त्यमा हुने विधान सभा चुनावपछि पनि शक्तिमा रहने अनुमान गरिएको छ । उमेरले कुनै बाधा बन्ने वाला छैन । ७४ वसन्त पार गरे पनि उनी बिहारमा राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडिए)का किङमेकर हुन् ।

त्यसो त नितीशले विगत दुई दशकमा थुप्रै उतारचढाव सामना गर्नुपऱ्यो । पाँच वर्षअघि नितीशले ठुलो धक्का खानुपरेको थियो । एउटा आश्चर्यजनक झट्कामा उनको जनता दल (युनाइटेड) २४३ सिट भएको बिहार विधान सभामा ४३ सिटमा खुम्चियो । तर, त्यही सिट उनलाई सम्पूर्ण कार्यकालका लागि मुख्यमन्त्री पदमा रहन काफी बन्यो । पहिले भारतीय जनता पार्टी (भाजपा), त्यसपछि राष्ट्रिय जनता दल र फेरि भाजपाकै सहयोगमा उनी मुख्यमन्त्री बन्न सफल भए । नितीशले बिहारको राजनीतिमा सधैं युटर्न मारेका छन् । उनी दुनियाँलाई चक्मा दिँदै कित्ता बदलिरहन्छन् । पटक-पटक गठबन्धन परिवर्तन गरेर मुख्यमन्त्री बन्न सफल नितीशलाई धेरैले 'पल्टुराम' भनेर खिसीट्युरी गर्छन् । पदमा बसिरहनुपर्ने उनको स्वभावका कारण विरोधीले उनलाई 'कुर्सीकुमार' पनि भन्छन् । तर, जसले जे भने पनि उनी आफ्नो स्वभावअनुसार अगाडि बढिरहन्छन् ।

एनडिएमा उनको दबदबासँगै लोकसभामा जनता दल (युनाइटेड)का १२ सांसद भाजपाको २४० सिटका लागि महत्त्वपूर्ण बनेका छन् । उनको पद त्यतिवेलासम्म सुरक्षित हुन्छ जबसम्म विपक्षीहरूको मोर्चा भारतीय राष्ट्रिय विकास समावेशी गठबन्धन (आइएनडिआइए)ले सबै बाधा छिचोलेर जित हासिल गर्न सक्दैन ।

■ एनडिएमा बढ्दो माहोल

पछिल्लो समय बिहारमा राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडिए)मा माहोल बढ्दो छ । परिस्थिति हेर्दा अपरेसन सिन्दुर (पाकिस्तानविरुद्ध भारतीय हमला) र केन्द्र सरकारले जातीय जनगणनाको घोषणापछि भाजपा नेतृत्वको एनडिएको भविष्य उज्ज्वल छ । बिहारमा क्षेत्रीय दलहरूसहितको महागठबन्धनको चर्चा पनि छ । तर, समस्या यो हो कि समाजवादी पार्टी, बहुजन समाज पार्टीलगायतका क्षेत्रीय राजनीतिक दल मिलेर बनेको 'महागठबन्धन' नाम मात्रको हो । यसलाई मुस्लिम क्षेत्रबाहिर आफ्नो आधार विस्तार गर्न हम्मेहम्मे परेको छ ।

अपरेसन सिन्दुरपछि प्रधानमन्त्री नरेन्द्र मोदीले मे २९ मा पटनामा एक विशाल सडक प्रदर्शन आयोजना गरे । यो विगत पाँच महिनामा मोदीको तेस्रो भ्रमण थियो । कंग्रेस नेता राहुल गान्धी पनि पछिल्लो समयमा बिहारमा अलि बढी सक्रिय हुन थालेका छन् । उनका नजिकका सहयोगी कृष्ण अल्लावरुलाई कांग्रेसको महासचिवको रूपमा नियुक्त गरेपछि र दलित नेता राजेश कुमारलाई नयाँ राज्य प्रमुखको रूपमा मनोनीत गरेसँगै उनको चुरिफुरी हेर्नलायक देखिन्छ । कन्हैया कुमारको नेतृत्वमा 'पलायन रोको, नौकरी दो' पदयात्राको पछाडि अल्लावरुको दिमागले काम गरेको छ ।

■ नितीशका लागि खतराको घण्टी

नितीशका लागि खतराको घन्टी बजिसकेको छ । संघीय मन्त्री चिराग पासवानले विधानसभा चुनाव लड्ने आशय व्यक्त गरेका छन् । आफ्नो तन केन्द्रमा रहे पनि मन बिहारको राजनीतिमा डुलेको लोक जनशक्ति पार्टी (रामविलास)का नेता पासवानको भनाइ छ । पूर्वअभिनेता पासवान पछिल्लो समय युवाका ढुकढुकी हुन् । युवा अनुहारसँग प्रतिस्पर्धा गर्न एनडिए पंक्तिभित्रबाट आउने प्रस्तावप्रति निश्चय पनि नितीश खुसी हुनेछैनन् । जे भए पनि उनले तेजस्वी यादव, प्रशान्त किशोर र कन्हैया कुमारजस्ता युवासँग प्रतिस्पर्धा गर्नुपर्नेछ । स्मरणीय छ सन् २०२० मा जेडियू (युनाइटेड)को ४३ सिटको निराशाजनक परिणामका लागि चिराग पासवानको लोजपा (रामविलास) मुख्य रूपमा जिम्मेवार थियो, जसले २८ वटा निर्वाचन क्षेत्रमा एक्लैले पराजित गऱ्यो ।

लोजपाले भाजपाको आशीर्वादमा सो चुनाव लडिरहेको हल्ला चलेको थियो । उक्त पार्टीले १४३ निर्वाचन क्षेत्रका लागि प्रतिस्पर्धा गरेको थियो । चिरागको गुटले अन्ततः उनका काका पशुपति कुमार पारसको नेतृत्वमा रहेको राष्ट्रिय लोक जनशक्ति पार्टी (आरएलजेपी)लाई एनडिएमा प्रतिस्थापन गर्ने सुनिश्चित गरेको थियो । सन् २०२० मा एनडिएको सिट बाँडफाँड व्यवस्थामा आरएलजेपीलाई समावेश गरिएन । तर, आज आरएलजेपी चुनावको पूर्वसन्ध्यामा महागठबन्धनमा सामेल छ । यद्यपि, चुनावी मैदानमा भने यो परीक्षण नभएको पार्टी हो ।

■ भाजपामा पनि छैनन् म्याग्नेटिक नेता

हिन्दीभाषी राज्य बिहारमा भाजपाको मुख्य समस्या भनेको उसले स्वतन्त्र रूपमा सरकारको नेतृत्व गर्न असफल हुनु हो । भाजपामा हरेक प्रमुख जात समूहका नेता छन् । उपमुख्यमन्त्री सम्राट चौधरी (कोएरी समुदाय) विजयकुमार सिन्हा र गिरिराज सिंह (दुवै भूमिहार) मंगल पाण्डे र राजीव प्रताप रुडी (ब्राह्मण) र यादव समूहबाट नन्दकिशोर यादव छन् । त्यस्तै, दलित वर्गको प्रतिनिधित्व गर्ने सञ्जय पासवान र जनक राम र कायस्थबाट रविशंकर प्रसाद छन् । यद्यपि, तिनीहरूमध्ये कसैको पनि बिहारमा लोकप्रियता छैन । गत वर्ष निधन भएका नितीशका पूर्वउपप्रमुख सुशील कुमार मोदी राज्यमा भाजपाको सबैभन्दा परिचित अनुहार थिए । उनी वैश्य जातिका थिए ।

बिहारमा नितीश सबैभन्दा लोकप्रिय कुर्मी नेताको रूपमा स्थापित भए पनि भाजपाले बिहारमा आफ्नै कुर्मी नेता तयार गर्न असफल भएको छ । सम्राट चौधरीको कोएरी समुदायमा केही प्रभाव छ, तर एनडिएभित्र उनका लागि चुनौती छन् ।

■ नितीशको विगत

म्याम्पस अफ इन्डियाका अनुसार नितीश एक समाजवादी राजनीतिक नेता हुन् । राममनोहर लोहिया, जयप्रकाश नारायण, जर्ज फर्नान्डिस, विश्वनाथ प्रताप सिंह र एसएन सिन्हाजस्ता सामाजिक न्याय र पिछडिएका वर्ग-समुदायको मुद्दा उठाउने नेताबाट उनी प्रभावित भए । राजनीतिमा आउनुअघि उनी बिहारको विद्युत् बोर्डमा काम गर्थे । पेसाले उनी इलेक्ट्रिकल इन्जिनियर थिए । पछि जागिरै छाडेर समाजवादी राजनीतिमा होमिए ।

उनी जयप्रकाश नारायणले सन् १९७४ मा चलाएको आन्दोलनमा सहभागी भए । सोही समयदेखि नै उनले विद्यार्थी राजनीतिबाट उदाएका लालु यादवसँग सहयात्रा गरे । उनको चुनावीयात्रा पहिलोपटक सन् १९८५ मा विधायकको रूपमा निर्वाचित भएपछि सफल भयो । उनले स्वतन्त्र रूपमा चुनाव जिते । नितीश भारतीय लोक दलको युवा शाखा युवा लोक दलको अध्यक्षको रूपमा मनोनीत भए । त्यसपछि, उनी राज्यमा जनता दलको महासचिवको रूपमा चुनिए । नितीश सन् १९८९ मा नवौं लोकसभामा प्रवेश गरे । सोही वर्ष उनले बिपी सिंह सरकारमा केन्द्रीय कृषि राज्यमन्त्री बने । उनले १९९१ मा फेरि संसदीय चुनाव जिते । नितीशले माथिल्लो सदनमा जनता दलको उपनेता पद पाए ।

लालु र नितीश दुवैले बिहारमा पिछडिएका जातीय उत्थानका लागि राजनीति गरे । लालुले यादव समुदायको प्रतिनिधित्व गर्दै गर्दा नितीशले यादवपछिको सबभन्दा ठुलो पिछडा वर्ग कुर्मीको प्रतिनिधित्व गरे । सन् १९९२ को अन्त्यसम्ममा कुमार र यादवको सम्बन्धमा दरार आएको थियो ।

जनता दल विभाजन गरेर राष्ट्रिय जनता दल (आरजेडी) गठन गरेका लालुले सन् २००० को विधान सभा चुनावमा बिहारमा बहुमत पुऱ्याएनन् । त्यसपछि नितीश मुख्यमन्त्री बने । तर, बहुमत जुटाउन नसकेपछि उनको सरकार एक सातामै ढल्यो । सन् २००५ मा सम्पन्न बिहारको विधान सभा चुनाव भाजपाको गठबन्धन विजयी भयो । नितीशले कुमारको जनता दल (युनाइटेड) सबभन्दा ठुलो दल बन्यो र उनी दोस्रोपटक मुख्यमन्त्री बने । त्यसपछि उनी पटक-पटक गरेर नौपटक मुख्यमन्त्री बनेका छन् ।

(एनडिटिभीका लागि आनन्द कोचुकुडीको आलेखको ***सुभाष शर्माले*** *गरेको भावानुवाद)*

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार १० साउन ०८२

■ जगदुल्ला हाइड्रोको टेन्डर विवाद

विवादास्पद टेन्डर अघि बढाउन दिने निर्णयमा पाँच सांसदको फरक मत

जिआइ्सीविरुद्धको उजुरीमाथि छानबिन नै नगरी १२ अर्बको ठेक्का दिन बाटो खुला गर्ने लेखा समितिको निर्णयमा आपत्ति

मिलन विश्वकर्मा/नयाँ पत्रिका

एक सय ६ मेगावाटको जगदुल्ला जलविद्युत् परियोजनाको लट-२ को विवादास्पद टेन्डर प्रक्रियालाई अघि बढाउन दिने सार्वजनिक लेखा समितिको निर्णयमा पाँच सदस्यले फरक मत राखेका छन्। सांसद तथा लेखा समिति सदस्य अमनलाल मोदी, असीम शाह, मनीष झा, हरि ढकाल र डा. अमरेशकुमार सिंहले फरक मत बुझाएका हुन्।

सरकारी स्वामित्वमा डोल्पामा बन्ने जगदुल्ला जलविद्युत् परियोजनाको लट-२ अन्तर्गतको सिभिल तथा हाइड्रो मेकानिकल कार्यको ठेक्का जिआइ्सी कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसन लिमिटेड (चीन) र एएनके कन्स्ट्रक्सन कम्पनी प्रालि (नेपाल) अर्थात् जेसिई-एएनके जेभीलाई दिने गरी गत १३ जेठमा आशयपत्र जारी भइसकेको छ। उक्त कम्पनीलाई १२ अर्ब १५ करोड रुपैयाँ ठेक्का दिन लागिएको आशयपत्रमा उल्लेख छ। तर, चिनियाँ कम्पनी जिआइ्सीले फर्जी तथा नक्कली कागज बुझाएको आरोप लागेको छ। यसको प्रमाणसहित लेखा समितिमा उजुरीसमेत परेको छ। तर, लेखा समितिले भने उजुरीमाथि छानबिन गर्नुको साटो ठेक्का प्रक्रिया अघि बढाउन बाटो खोलिएको छ।

लेखा समितिको बुधबारको बैठकले विवादास्पद विषयमा छानबिन गर्नुको सट्टा 'सम्बन्धित निकाय जिम्मेवार भई प्रचलित कानुनअनुसार खरिद प्रक्रिया अघि बढाउन निर्देशन दिने' भनेर निर्णय गरेको छ। त्यसको माइन्युट तयार भएर सार्वजनिक हुन बाँकी छ। समितिले माइन्युट तयार गरिरहेका वेलामा माओवादी, रास्वपा र स्वतन्त्र सांसदले फरक मत पेस गरेका हुन्। लेखा समितिले उक्त फरक मतसमेत समावेश गरेर माइन्युट सार्वजनिक गर्नुपर्छ।

यो विषयमा छानबिन नै गर्नुपर्ने फरक मत राख्ने सांसदको भनाइ छ। 'यस विषयमा



अमनलाल मोदी | असीम शाह | मनीष झा | हरि ढकाल | डा. अमरेशकुमार सिंह

मूल्यांकन समितिका पदाधिकारीसहित जगदुल्ला हाइड्रोपावरका प्रमुख कार्यकारी अधिकृत र यसमा जोडिएका अन्य पदाधिकारीको संलग्नताको आवश्यक छानबिन गरी सत्यतथ्य के हो ? सोको अध्ययन-अनुसन्धान तथा छानबिन हुन आवश्यक छ। छानबिन प्रक्रिया अगाडि नबढाई निर्माण प्रक्रिया अगाडि बढाउँदा भ्रष्टनचार र अनियमितता हुने हुँदा जिम्मेवार निकायले १५ दिनभित्र छानबिन गरी सार्वजनिक लेखा समितिमा पेस गर्न निर्देशन गर्ने,' पाँच सदस्यले बुझाएको संयुक्त फरक मतमा उल्लेख छ।

यही ठेक्कामा प्रतिस्पर्धी रहेको अर्को कम्पनी सिनो हाइड्रो कर्पोरेसन लिमिटेडले जाम्बियामा बनाएको सात सय ५० मेगावाटको काफ्यु गोर्ज लोअर जलविद्युत् परियोजनाको ड्यामको फोटो देखाएर आफूले बनाएको भन्दै जिआइ्सी कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनले प्रस्ताव दिएको आरोप लागेको छ। र, त्यो चीनको एक सय दुई मेगावाटको साङचेङ हाइड्रोपावर स्टेसन भनेर दाबी गरिएको छ। सिनो हाइड्रोले पनि जिआइ्सी कन्स्ट्रक्सन इन्जिनियरिङको दाबी गलत भएको भन्दै उक्त परियोजना आफूले बनाएको र त्यसमा बौद्धिक सम्पत्ति सुरक्षणको विषयसमेत उल्लेख गर्दै जगदुल्लालाई पत्र पठाएको छ। तैपनि, जगदुल्ला हाइड्रोपावर कम्पनीले जेसिई-एएनके जेभीलाई नै ठेक्का दिने गरी आशयपत्र जारी गरेको थियो।

यस विषयमा उजुरी परेपछि २३ जेठमा सार्वजनिक लेखा समितिले तत्काल रोक्न निर्देशन जारी गरेको थियो। 'आशयपत्र प्रस्तुत गर्ने-प्रस्ताव गर्ने निर्माण कम्पनीले नक्कली वा धोकाधडीयुक्त कागजात प्रमाण पेस गरेको भन्ने विषय सार्वजनिक कानुनको परिपालना तथा पूर्वाधार निर्माणका दृष्टिले गम्भीर देखिएकाले यस प्रक्रियालाई अविलम्ब तत्काल रोक्न तथा उक्त कागजातको विषयमा शीघ्र यकिन-परीक्षण तथा छानबिन गरी निष्कर्षमा पुग्न ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, सार्वजनिक खरिद अनुगमन कार्यालय र जगदुल्ला हाइड्रोपावर कम्पनीसमेतलाई निर्देश गर्दछ,' लेखा समितिको यसअघिको निर्देशनमा उल्लेख छ। तर, अहिले समितिले कागजात छानबिन नगरी सम्बन्धित निकायलाई जिम्मेवार बनाएर खरिद प्रक्रिया अघि बढाउन निर्देशन दिँदै छ।

● यस्तो छ विवाद

यो परियोजनाको लट-२ को टेन्डर यसअघि पनि विवादमा थियो। आफूनिकट कम्पनीलाई यो ठेक्का दिन ऊर्जामन्त्री दीपक खड्काले चलखेल गरेको आरोप थियो। त्यसपछि गत २२ पुसमा पहिलो टेन्डर रद्द गरेर ६ माघमा नयाँ टेन्डर आह्वान गरिएको थियो। यसमा २१ फागुनसम्म प्रस्ताव पेस गर्ने समय थियो।

त्यसमा चीनको जिआइ्सी कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसन लिमिटेडले नेपालको एएनके कन्स्ट्रक्सन कम्पनी प्रालिसँग जेभीमा टेन्डर पेस गरेको थियो। अर्को चीनकै सिनो हाइड्रो कर्पोरेसन लिमिटेडले पनि टेन्डर पेस गरेको थियो। उनीहरूको वित्तीय प्रस्ताव २४ वैशाखमा खुला गरिएको थियो। पछि सबैभन्दा कम वित्तीय प्रस्ताव पेस गरेको भन्दै १३ जेठमा जिआइ्सी र एएनके (जेसिई-एएनके) जेभीलाई ठेक्का दिने भन्दै आशयपत्र जारी गरिएको थियो। तर, जिआइ्सीले फर्जी तथा नक्कली कागजपत्र बुझाएको आरोपसहितको कागजात बाहिरिएको छ। यो ठेक्का विवाद सर्वोच्चमा पुगेको छ। जिआइ्सीलाई ठेक्का दिने निर्णयविरुद्ध सिनो हाइड्रोलगायतले सर्वोच्च अदालतमा रिट दर्ता गरेको थियो। तर, त्यसमा सर्वोच्चले अन्तरिम आदेश दिन भने मानेन।

प्रधानमन्त्रीले गरे मधेशको सुक्खाग्रस्त क्षेत्रको अवलोकन

तत्काल पाँच सय डिप बोरिङ जडान गर्ने घोषणा

महोत्तरीमा **रञ्जन भण्डारी**

प्रधानमन्त्री केपी ओलीले मधेशको सुक्खाग्रस्त समस्या समाधानका लागि तत्काल पाँच सय डिप बोरिङ जडान गर्ने घोषणा गरेका छन्। शुक्रबार सुक्खाग्रस्त क्षेत्रको हेलिकोप्टरबाट हवाई अवलोकन गरेपछि महोत्तरीमा निर्माण सम्पन्न पुल उद्घाटन गर्न पुगेका प्रधानमन्त्रीले समस्याको अल्पकालीन समाधानका लागि डिप बोरिङ जडान गर्ने घोषणा गरेका हुन्।

अनावृष्टिका कारण आइपरेको समस्या प्रत्यक्ष देखेको र अवलोकनमा आउनुअघि सुनिसकेको समेत भन्दै उनले यसको अल्पकालीन र दीर्घकालीन समाधानमा सरकार प्रतिबद्ध रहेको बताए। उनले तत्कालीन र दीर्घकालीन योजनामार्फत मधेशको सुक्खाको समस्या समाधान गर्न सरकार अगाडि बढ्ने बताउँदै हाललाई डिपबोरिङ जडान गरिने बताए। एउटा डिपबोरिङले कम्तीमा पनि ६० बिघा जग्गा सिञ्चित गर्न सकिने भन्दै उनले तत्काल यो कार्य अघि बढाउने बताए।

त्यस्तै उनले चुरेमा पानीको रिजर्भवायर बनाउने तथा तालतलैया निर्माण गरी जमिनको सतह सन्तुलनको उपाय गरिने बताए। मनसुनका वेलासमेत तराई-मधेशमा कम पानी परेकाले रोपाइँका लागि मात्रै होइन, पिउने पानीकै अभाव निम्तिएको छ। मधेशमा मध्यबर्खामै चरम खडेरी देखापरेपछि सरकारले बुधबार मधेशका आठवटै जिल्लालाई तीन महिनाका लागि विपत् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ। संकटग्रस्त क्षेत्र घोषणा गरेको दुई दिनपछि शुक्रबार प्रधानमन्त्री सुक्खाग्रस्त क्षेत्रको अवलोकनका लागि निस्किएका हुन्।

हेलिकोप्टरबाट सुक्खाग्रस्त क्षेत्रको अवलोकनपछि महोत्तरीको मटिहानी नगरपालिकामा रहेको विग्ही नदीमा निर्माण भएको पुल उद्घाटन गर्न आइपुगेका प्रधानमन्त्री ओलीले सरकारका सबै अंग तथा निकायलाई सुक्खा संकटको समाधानमा विशेष ध्यान दिन निर्देशनसमेत दिए। उनले गैरसरकारी संघ-संस्थालाई समेत सम्बोधन गर्दै सबैले क्षमताअनुसारको सहयोग गर्न आग्रह गरे।



देश चौतर्फी विकासको गतिमा छ : प्रधानमन्त्री ओली

बारामा **इन्दीप कोइराला**

प्रधानमन्त्री केपी ओलीले नेपाल अहिले चौतर्फी विकासको गतिमा अघि बढिरहेको दाबी गरेका छन्। शुक्रबार बाराको परवानीपुर गाउँपालिकाको नवनिर्मित प्रशासनिक भवन उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले राजतन्त्रको अन्त्यपछि देश समृद्धिको दिशामा अघि बढेको बताएका हुन्। देशले पूर्वाधार, शिक्षा, स्वास्थ्य, खानेपानी, सडकलगायतका क्षेत्रमा उल्लेखनीय फड्को मारेको उनले बताए।

प्रधानमन्त्री ओलीले विकासमा हुलाकी राजमार्गको उदाहरण दिँदै अहिले उक्त परियोजनाको निर्माण तीव्र गतिमा अघि बढिरहेको जानकारी दिए। 'हुलाकी राजमार्गमार्फत अब हामी मेचीदेखि महाकालीसम्म जोडिन गइरहेका छौं, यसले पूर्व-पश्चिम यातायात प्रणालीमा क्रान्तिकारी सुधार ल्याउनेछ,' उनले भने। देशभर १० देखि १२ वटा स्मार्ट सिटी निर्माण गर्ने सरकारको योजना रहेको जानकारी दिँदै उनले यसले सहरी पूर्वाधारमा गुणस्तर वृद्धि गर्ने, व्यवस्थित सहरीकरण गर्ने र समग्र आर्थिक विकासलाई टेवा पुऱ्याउने बताए।

मधेश प्रदेशमा फैलिएको गम्भीर सुक्खा अवस्थालाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले अहिलेको संकटलाई योजनाबद्ध ढंगले सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले संकटग्रस्त क्षेत्र घोषणा मात्र गरेर जनताको पीडा समाधान नहुने भन्दै तत्कालीन तथा दीर्घकालीन उपायहरू अघि सारिने उल्लेख गरे। प्रधानमन्त्री ओलीले परवानीपुर गाउँपालिका कार्यालयको नवनिर्मित प्रशासनिक भवनको उद्घाटन लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुरको हातबाट गराए।

प्रधानमन्त्री ओलीले मधेश प्रदेशका अधिकांश जिल्लामा सडक तथा पुल निर्माणकार्य तीव्र गतिमा भइरहेको जानकारी दिए। तर, केही निर्माणकार्यमा ठेकेदारको लापरबाहीका कारण ढिलाइ भएको उल्लेख गर्दै सरकारले ती ढिलाइ हटाउन कडाइका साथ अघि बढ्ने बताए।

साताको बजार

साताभरमा १४ सय रुपैयाँले बढ्यो सुन

अमेरिका र व्यापारिक साझेदार मुलुकहरूबिच वार्ता सकारात्मक हुने संकेतपछि पछिल्ला दुई दिनमा सस्तियो सुनको भाउ

नयाँ पत्रिका

साताभरमा नेपाली बजारमा सुन प्रतितोला एक हजार चार सय रुपैयाँले महँगिएको छ। आइतबारदेखि निरन्तर बढेको सुन बुधबारसम्म आइपुग्दा तोलामा चार हजार तीन सय रुपैयाँसम्म महँगिएको थियो। तर, अन्तर्राष्ट्रिय बजारमा ओरालो लागेपछि साताका अन्तिम दुई दिन बिहीबार र शुक्रबार नेपालमा पनि सुनको भाउ घटेको छ।

रोयटर्सका अनुसार अमेरिका र त्यसका व्यापारिक साझेदार मुलुकबिचको व्यापारिक वार्ता सकारात्मक हुने संकेत देखिएपछि पछिल्ला दुई दिनमा सुन सस्तिएको हो। यद्यपि, अमेरिकी डलर कमजोर हुँदै गएको र फेडले ब्याजदर कटौती गर्ने सम्भावना रहेकाले पनि सुनको मूल्य बढ्ने अनुमान अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले गरेका छन्।

साउन	सुनको मूल्य (प्रतितोला रु.)	चाँदीको मूल्य (प्रतितोला रु.)
४ गते	१,९३,३००	२,२८५
५ गते	१,९३,७००	२,२८५
६ गते	१,९५,५००	२,३२०
७ गते	१,९७,६००	२,३५०
८ गते	१,९५,२००	२,३३५
९ गते	१,९४,७००	२,३४०

साताको पहिलो दिन ४ साउनमा सुनको मूल्य प्रतितोला एक लाख ९३ हजार तीन सय रुपैयाँ थियो। ५ साउनमा चार सय रुपैयाँ बढेर एक लाख ९३ हजार सात सय रुपैयाँ पुग्यो। ६ साउनमा सुनको मूल्य एक लाख ९५ हजार पाँच सय रुपैयाँमा उक्लियो भने ७ साउनमै यो साता कै उच्च विन्दु एक लाख ९७ हजार ६ सय रुपैयाँमा कारोबार भयो। ८ साउनमा भने मूल्य घट्दै एक लाख ९५ हजार दुई सय रुपैयाँमा झऱ्यो भने ९ साउनमा अझै घटेर एक लाख ९४ हजार सात सय रुपैयाँमा कारोबार भयो। साताभरको मूल्य विश्लेषण गर्दा सुनको मूल्य कुल चार हजार तीन सय रुपैयाँसम्म बढेको र पछिल्लो दुई दिनमा दुई हजार नौ सय रुपैयाँले घटेको देखिन्छ।

साउन ४ देखि ९ गतेसम्म नेपाली बजारमा चाँदीको मूल्यमा पनि निरन्तर वृद्धि देखिएको छ। साताको पहिलो दुई दिन साउन ४ र ५ गते चाँदीको मूल्य प्रतितोला दुई हजार दुई सय ८५ रुपैयाँमा स्थिर थियो। ६ साउनमा दुई हजार तीन सय २० रुपैयाँ र ७ साउनमा दुई हजार तीन सय ५० रुपैयाँमा पुग्यो। ८ साउनमा दुई हजार तीन सय ३५ रुपैयाँ र ९ साउनमा दुई हजार तीन सय ४० रुपैयाँमा कारोबार भयो। साताभरमा चाँदीको मूल्य कुल ५५ रुपैयाँले वृद्धि भएको हो।

सल्यानमा दुई करोडभन्दा बढीका बिरुवा बिक्री

सल्यानमा **दीपक शर्मा**

सल्यानका किसानले एकै सिजनमा दुई करोड रुपैयाँभन्दा बढी मूल्यका बिरुवा बिक्री गरेका छन्। कृषि विकास कार्यालय सल्यानका अनुसार असार मसान्तसम्म किसानले सुन्तला, कागती, ओखर र किवीका गरी तीन लाख ९३ हजार बिरुवा बिक्री गरेका हुन्।

व्यावसायिक रूपमा नर्सरी सञ्चालन गरिरहेका करिब २५ जना किसानले उत्पादन गरेका बिरुवा जिल्ला र जिल्लाबाहिर बिक्री भएको हो। ५७ हजार चार सय ५० बिरुवा जिल्लामा खपत भएका छन् भने बाँकी तीन लाख २५ हजार पाँच सय ५० बिरुवा जिल्लाबाहिर निकासी भएको कार्यालयका सूचना अधिकारी ईश्वरीनारायण घर्तीले जानकारी दिए। सल्यानबाट जाजरकोट, कालीकोट, दैलेख, बाजुरा, अर्घाखाँची, पाल्पा, गुल्मी, स्याङ्जा, कास्कीलगायतका जिल्लामा विभिन्न प्रजातिका बिरुवा जाने गर्छन्।

सल्यानमा सबैभन्दा धेरै सुन्तलाका बिरुवाको माग रहेको उनले बताए। जिल्लाभित्र ३४ लाख ३५ हजार तीन सय रुपैयाँबराबर र जिल्लाबाहिर एक करोड ९४ लाख ६६ हजार सात सय रुपैयाँबराबरका बिरुवा निकासी भएको उनले जानकारी दिए। यसमध्ये करिब दुई लाखभन्दा बढी बिरुवा सुन्तलाका रहेका छन्। कृषि विकास कार्यालय र स्थानीय तहहरूको समन्वयमा नर्सरी व्यवसायलाई प्राथमिकता दिँदै आएको घर्तीले बताए।

'प्लास्टिक टनेल निर्माण, सिँचाइ पोखरी निर्माणलगायत सहयोग गरेका छौं,' सूचना अधिकारी घर्तीले भने। उत्पादनभन्दा माग बढी हुँदा कम गुणस्तरीय बिरुवा पनि बेच्न सक्ने अवस्थालाई ध्यान दिँदै सजग रहन आग्रह गरिएको उनले बताए।



बंगुर पालेर आठ लाख कमाइ

सल्यानको त्रिवेणी गाउँपालिका- ३, लोलाउनेकी सावित्रा महतराले बंगुर पालेर वार्षिक सरदर आठ लाख रुपैयाँ आम्दानी गरिरहेकी छिन्।

सुरुवातमा थोरै संख्याबाट बंगुरपालन थालेकी उनले ०७४ बाट 'महतरा कृषि तथा पशुपक्षी फार्म' दर्ता गरेर व्यावसायिक बंगुरपालन गरिरहेकी छिन्। 'फार्ममा अहिले साना-ठुला गरी ५० वटा बंगुर पालिरहेकी छु,' उनले भनिन्, 'वैशाख र जेठमा मात्रै तीन लाखको बंगुर बिक्री भइसकेको छ। यो वर्ष पहिलेको भन्दा बढी आम्दानी हुने देखेकी छु।'

उनले गत वर्ष बंगुर बेचेर आठ लाखभन्दा बढी आम्दानी गरेकी थिइन्। मासुका लागि ठुला बंगुरभन्दा साना पाठापाठीको माग बढी हुने गरेको महतराले बताइन्। उनले एकजोडी बंगुरका पाठापाठी ४५ सय रुपैयाँसम्ममा बिक्री गर्ने गरेको जानकारी दिइन्। उनले बंगुरलाई स्थानीय गाउँघरमा पाइने खाद्यान्न तथा बारी र जंगलमा खेर गइरहेको सिस्नो खुवाउने गरेकी छिन्।


नेप्से साताव्यापी उकालो यात्रामा : ११२.०१ अंकले बढ्यो, ३ हजारनजिक

नयाँ पत्रिका

नयाँ आर्थिक वर्षको सुरुवातमा नेपाली सेयर बजार उत्साहप्रद देखिएको छ। साउन महिनाको पहिलो साता नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा उल्लेखनीय सुधार देखाएको हो। १ साउनदेखि नै बढ्न थालेको नेप्से परिसूचक ८ साउनसम्म आइपुग्दा ११२.०१ अंकले वृद्धि भई तीन हजारनजिक पुगेको छ।

नेप्से परिसूचक ८ साउनमा २,९८२ विन्दुमा पुगेको छ, जुन पछिल्लो ५२ हप्ताको उच्च विन्दु ३,०००.८१ निकट हो। लगातार ६ दिनसम्मको सुधारले बजारमा सकारात्मक मनोवृत्ति बलियो बनाएको छ। वित्तीय क्षेत्र, जीवन बिमा, बैंकिङ, जलविद्युत्, विकास बैंक, माइक्रोफाइनान्सलगायत समूहहरूमा उल्लेखनीय खरिद दबाब देखिँदा बजार उकालो लागेको हो।

विश्लेषकका अनुसार पछिल्लो समय बैंक तथा वित्तीय संस्थाहरूको नाफा सुधार, ब्याजदर घट्ने आशा र अर्थतन्त्रका सूचकमा सुधार देखिएको छ। साथै, जोखिम बहन गर्ने नयाँ लगानीकर्ताको प्रवेशले बजार विस्तार भइरहेको संकेत पनि दिइरहेको छ।



१ साउन : नेप्से परिसूचक २,८७०.६३, कारोबार रकम १६ अर्ब ३० करोड रुपैयाँ

४ साउन : परिसूचक ०.३२ अंकले बढेर २,८७०.९५, कारोबार रकम २० अर्ब ९६ करोड रुपैयाँ

५ साउन : परिसूचक २१.७६ अंकले वृद्धि भएर २,८९२.७२, कारोबार रकम १६ अर्ब १० करोड रुपैयाँ

६ साउन : ८०.९७ अंकको वृद्धि भई परिसूचक २,९७३.७०, कारोबार रकम १९ अर्ब ८२ करोड रुपैयाँ

७ साउन : परिसूचक ५.१७ अंकले वृद्धि भई २,९७८.८८, कारोबार रकम १९ अर्ब १० करोड रुपैयाँ

८ साउन : परिसूचक ३.७६ अंकले बढेर २,९८२.६४, कारोबार रकम १८.१३ अर्ब रुपैयाँ

पर्यटक नआउँदा वनकरिया होमस्टे संकटमा

लोपोन्मुख वनकरिया समुदायको आर्थिक उन्नति र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित सुरु गरिएको होमस्टे संरचना पनि जीर्ण अवस्थामा

मकवानपुरमा **पोष्टराज अधिकारी**

लोपोन्मुख वनकरिया समुदायको आर्थिक उन्नति र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले सुरु गरिएको वनकरिया होमस्टे अहिले संकटमा परेको छ। मकवानपुरको मनहरी गाउँपालिका- ४, मुसेधापस्थित वनकरिया बस्तीमा निर्माण गरिएको होमस्टे प्रयोगविहीन त छ नै, जीर्णसमेत बनेको छ।

साढे तीन वर्षअघि मनहरी गाउँपालिकाको आठ लाख रुपैयाँको लगानीमा निर्माण गरिएको उक्त होमस्टे संरचना कमजोर बन्दै जाँदा अहिले जीर्ण अवस्थामा पुगेको हो। पर्यटक नआएकै कारण लामो समयदेखि प्रयोगमा नआउँदा संरचना कमजोर बन्दै गएको स्थानीय बताउँछन्। बाँसले बारिएको संरचना चिरा-चिरा पर्न थालेपछि होमस्टेमा अहिले बस्न सक्ने अवस्थामा छैन।

वनकरिया बस्तीलाई पर्यटकीय गन्तव्यस्थलका रूपमा विकास गर्ने उद्देश्यले पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई बसेको घरलाई स्तरवृद्धि गरी दुईकोठे होमस्टे बनाइएको थियो। व्यावसायिक रूपमा सञ्चालन गर्ने गरी उक्त होमस्टे निर्माण गरिएको थियो। तर, पर्यटक नआउँदा प्रयोगविहीन बन्दै गएको होमस्टे अहिले पूर्ण रूपमा जीर्ण बनेको वनकरिया समुदायकी अगुवा सन्तोषी वनकरियाले बताइन्।

'वनकरिया बस्तीलाई पर्यटकीय गन्तव्य बनाउने सोचका साथ होमस्टे सञ्चालनमा ल्याइएको थियो। तर, पर्यटकको अभावमा होमस्टे



सोचेअनुरूप सञ्चालनमा ल्याउन सकिएन,' उनले भनिन्, 'पर्यटक नै भएनन्, पर्यटक नभएपछि पैसा भएन र होमस्टेलाई व्यवस्थित रूपमा सञ्चालन गर्न सकिएन।' बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले उद्घाटन गरेको उक्त होमस्टे मनहरी गाउँपालिकाले लोपोन्मुख समुदाय वनकरियाको जीवनस्तर उकास्ने सोचका साथ सञ्चालनमा ल्याएको थियो।

होमस्टे सञ्चालनसँगै त्यसको दिगोपन र व्यवस्थापनमा ध्यान दिन नसक्दा वनकरिया समुदायको आशा धराशायी अवस्थामा पुगेको छ। अहिले दिउँसो बस्ती घुम्न आउने पाहुनालाई खाना खुवाउने व्यवस्था भए पनि राति वास बस्न सक्ने अवस्था नरहेको वनकरियाकी अगुवा सन्तोषी बताउँछिन्।

नेपालमै लोपोन्मुख वनकरिया समुदायको बस्ती हेर्न र उनीहरूको रहनसहन बुझ्न आउनेलाई बस्न सहज होस् भन्ने उद्देश्यले होमस्टे निर्माण गरिएको हो। होमस्टेले वनकरिया बस्तीको भल्को दिने गरी निर्माण गरिएको थियो। साथै, उक्त बस्तीमा उत्पादन भएको तरकारी, अन्न, फलफूल, सँगैको खोलाको माछा, त्यहींको घट्टमा पिसेको पिठोका परिकार खुवाउने लक्ष्यका साथ होमस्टे निर्माण गरिएको थियो। तर, पर्यटक नहुँदा यो सुनसान बनेको छ।

का.नि.इ.नं.१२८/०६३/६४, म.के.हु.नि.इ.न. १७/०६९/०७०

नयाँ पत्रिका

■ महिला युरो २०२५

उपाधि भिडन्तमा पुगेका स्पेन र इंग्ल्यान्डका स्टार खेलाडी

स्विट्जरल्यान्डमा अहिले महिलातर्फको युरोपियन च्याम्पियनसिप (युरो) २०२५ चलिरहेको छ। युरो २०२५ मा अब एक खेल फाइनल मात्र बाँकी छ। इंग्ल्यान्ड लगातार दोस्रो र स्पेन पहिलोपटक उपाधि भिडन्तमा पुगेका हुन्। इंग्ल्यान्ड प्रतियोगिताकै साबिक विजेता हो। युरोको सर्वाधिक आठपटकको च्याम्पियन जर्मनीलाई हराउँदै स्पेनले पहिलोपटक अन्तिम दुई स्थान रक्षा गरेको हो। सन् २०२३ मा फिफा विश्वकपपछि स्पेन लगातार दोस्रो ठुलो उपाधि उचाल्ने योजनामा छ। लगातार उत्कृष्ट प्रदर्शन गरिरहेको इंग्ल्यान्ड उपाधि रक्षा गर्ने योजनाका साथ अगाडि बढिरहेको छ। स्विट्जरल्यान्डमा आइतबार स्पेन र इंग्ल्यान्डबिच फाइनल खेल हुनेछ। प्रतियोगितामा युरोपका १६ टोलीबिच प्रतिस्पर्धा भएको हो। अहिलेसम्म प्रतियोगितामा १०४ गोल भएका छन्। रंगशालामा ६२ लाख २३ हजारले प्रत्यक्ष रूपमा खेल हेरेका छन्। इंग्ल्यान्ड र स्पेनलाई उपाधि भिडन्तमा पुऱ्याएका ६ मुख्य खेलाडी यस्ता छन् :

■ ऐटना बोनमती (स्पेन)

स्पेनिस क्लब बार्सिलोनाकी स्ट्राइकर बोनमती चालू संस्करणमा उत्कृष्ट प्रदर्शन गरिरहेकी छिन्। दुई वर्षअघि स्पेनलाई विश्वकप दिलाएकी उनले युरो उपाधि दिलाउने योजनासहित मैदानमा छिन्। यसपटक उनी दुई खेलमा म्यान अफ दी म्याच भइसकेकी छिन्। प्रतियोगिताको सेमिफाइनलमा स्पेनले कडा प्रतिद्वन्द्वी जर्मनीविरुद्ध प्रतिस्पर्धा गरेको थियो। जर्मनीविरुद्ध बोनमतीको निर्णायक गोलसँगै स्पेन फाइनलमा पुग्यो। बराबरीतर्फ अग्रसर भइरहेको प्रतिस्पर्धामा उनले अतिरिक्त समयमा विजयी गोल गरेकी थिइन्। बोनमतीको यो गोल विशेष रह्यो। उनकै गोलमा स्पेनले इतिहासमै पहिलोपटक जर्मनीलाई स्तब्ध मात्र बनाए, फाइनल स्थानसमेत पक्का गऱ्यो। २७ वर्षीया बोनमतीले क्वार्टरफाइनलमा आयोजक स्विट्जरल्यान्डविरुद्ध २-० को जित निकाल्दा म्यान अफ दी म्याच अवार्ड जितेकी थिइन्। उनले स्पेनबाट दुई सयभन्दा बढी खेल खेलेकी छिन्।

■ मिचेल अग्येमाङ (इंग्ल्यान्ड)

तीन महिनाअघिसम्म पनि मिचेलले युरो २०२५ खेल्ने अनिश्चितजस्तै थियो। इंग्ल्यान्डले मिचेललाई कुन पोसेसनबाट खेलाउने भन्ने द्विविधामा थियो। तर, डी-बक्सभित्र छिटो र छरितो रूपमा प्रवेश गरी गोल गर्न सक्ने क्षमता भएकी मिचेललाई प्रशिक्षक सेरिना विगम्यानले वाइल्ड कार्डका रूपमा अवसर दिइन्। १९ वर्षीया मिचेल प्राप्त अवसरलाई खेर नफाल्ने स्वभावकी हुन्। यसको उदाहरण उनले इटालीविरुद्धको सेमिफाइनलमा देखाइन्। निर्धारित ९० मिनेटसम्म इंग्ल्यान्ड इटालीसँग ०-१ ले पछि परेको थियो। खेलमा ६ मिनेटको अतिरिक्त समय थप भयो। यसै समयमा मिचेलले आफ्नो जादुमयी खेल देखाउँदै इंग्ल्यान्डलाई १-१ को बराबरीमा ल्याइन्। उनले खेलको ७०औँ मिनेटमा मात्र मैदानभित्र प्रवेश गर्न पाएकी थिइन्। इटालीविरुद्ध इन्जुरी समयमा २-१ को जित निकाल्दा इंग्ल्यान्डका लागि मिचेल गोलनायक भइन्। इन्जुरी समयमै असम्भव गोल गरी उनले इंग्ल्यान्डलाई लगातार दोस्रोपटक युरो २०२५ को फाइनलमा पुऱ्याइन्। यसै खेलबाट इंग्ल्यान्डले युवा खेलाडीका रूपमा स्टार पायो। चार वर्षअघिसम्म इंग्ल्यान्ड टोलीमा उनी 'बल गर्स' थिइन्। इटालीविरुद्धको सेमिफाइनलको प्रदर्शनपछि उनी अहिले विश्वकै चर्चित खेलाडीका रूपमा अगाडि बढेकी छिन्।

■ एलेक्सिया पुटेलास (स्पेन)

स्पेनको फाइनल यात्रामा अट्याकिङ मिड फिल्डर एलेक्सियाले सर्वाधिक तीन गोल गरेकी छिन्। उनले समूह 'बी'मा बेल्जियमविरुद्ध दुई तथा पोर्चुगलविरुद्ध एक गोल गरेकी थिइन्। बार्सिलोनाबाट व्यावसायिक फुटबल खेल्दै आएकी एलेक्सिया 'क्याटलान'की हुन्। उनी स्पेनकै एक अनुभवी खेलाडीमध्येकी हुन्। दुई वर्षअघि अस्ट्रेलियामा पहिलोपटक स्पेनलाई विश्व च्याम्पियन बनाएकी ३१ वर्षीया एलेक्सियाले विश्वकपछि अर्को ठुलो उपाधि जित्ने योजनामा छिन्। उनले स्पेनबाट एक सय अन्तर्राष्ट्रिय खेल खेलेकी छिन्। व्यावसायिक रूपमा उनले बार्सिलोनाबाट तीन सयभन्दा बढी खेल खेलेकी छिन्। पारिवारिक पृष्ठभूमि बास्केटबल खेलाडी भए पनि उनले फुटबल नै रोजेकी हुन्। सन् २०१५ मा व्यवसाय प्रशासन र व्यवस्थापनमा उनले डिग्री हात पारेकी थिइन्।



मिचेल अग्येमाङ (इंग्ल्यान्ड) | ऐटना बोनमती (स्पेन) | एलेक्सिया पुटेलास (स्पेन) | हान्ना ह्याम्पटन (इंग्ल्यान्ड) | क्लो केली (इंग्ल्यान्ड) | एस्थर गोन्जालेज (स्पेन)

■ क्लो केली (इंग्ल्यान्ड)

इंग्ल्यान्डलाई लगातार दोस्रोपटक युरो २०२५ को फाइनलमा पुऱ्याउन केलीले महत्वपूर्ण भूमिका निर्वाह गरेकी छिन्। इटालीविरुद्ध सेमिफाइनलमा लगभग हारको नजिक पुगेको इंग्ल्यान्डका लागि उनले प्ले मेकिङ भूमिका निर्वाह गरेकी थिइन्। इटाली सेमिफाइनलबाट बाहिरिनुपछाडि उनको प्रदर्शन पनि महत्त्वपूर्ण मानिएको थियो। लन्डनकी २७ वर्षीया स्ट्राइकर केलीले इंग्ल्यान्डको राष्ट्रिय टोलीबाट ५८ अन्तर्राष्ट्रिय खेल खेलेकी छिन्। इंग्ल्यान्डको यू-१५ देखि हरेक उमेर समूहबाट उनले प्रतिस्पर्धा गर्न अवसर पाएकी छिन्। व्यावसायिक रूपमा उनी म्यानचेस्टर सिटी, एभर्टन हुँदै आर्सनल पुगेकी छिन्। यसै सिजनमा उनी आर्सनलमा आबद्ध भएकी हुन्।

■ एस्थर गोन्जालेज (स्पेन)

युरो २०२५ मा अब एक खेल मात्र बाँकी छ। प्रतियोगिताको सर्वाधिक गोलकर्ताका रूपमा गोन्जालेज शीर्ष स्थानमा छिन्। उनले अहिलेसम्म प्रतियोगितामा चार गोल गरेकी छिन्। उनका सहकर्मी एलेक्सियासँगै इटालीकी क्रिस्टियना गिरेली र स्विडेनकी स्टिना ब्याकस्टेनीले समान तीन गोल गरेका छन्। ३२ वर्षीया अनुभवी खेलाडी गोन्जालेज अमेरिकी महिला लिग टोली गोथामबाट खेलिरहेकी छिन्। यसअघि उनी स्पेनको रियल म्याड्रिड र एट्लेटिको म्याड्रिडबाट खेलेकी थिइन्। स्पेनिस क्लबपछि उनी सन् २०२३ मा अमेरिका पुगेकी हुन्। अमेरिकन क्लबमा उनले दुई वर्षको सम्झौता गरेकी छिन्। स्पेनबाट उनले ५० अन्तर्राष्ट्रिय खेल खेलिसकेकी छिन्।

■ हान्ना ह्याम्पटन (इंग्ल्यान्ड)

इंग्ल्यान्डको बलियो पक्ष भनेको डिफेन्स लाइन हो। यसमा पनि गोलपोस्ट अझ बलियो मानिन्छ। ह्याम्पटनले लगातार गोलपोस्टमा उत्कृष्ट प्रदर्शन गरिरहेकी छिन्। इंग्ल्यान्डले लगातार दोस्रोपटक फाइनलमा स्थान बनाउँदा उनको उत्कृष्ट प्रदर्शन पनि मुख्य मानिएको छ। प्रतियोगितामा पहिलोपटक फाइनल स्थान रक्षा गरेको स्पेनको बलियो पक्ष फिनिसिङ हो। ह्याम्पटनले स्पेनको यसै फिनिसिङ तोड्ने विश्वास गरेकी छिन्। प्रशिक्षक सेरिनाले प्रतियोगिताभर चेल्सीबाट व्यावसायिक फुटबल खेलिरहेकी २४ वर्षीया गोलरक्षक ह्याम्पटनलाई पहिलो रोजाइमा खेलाएकी छिन्। क्वार्टरफाइनलमा इंग्ल्यान्ड एक समय स्विडेनसँग २-० ले पछि थियो। इंग्ल्यान्डले कमब्याक गर्दै पेनाल्टीमा जित निकाल्दा उनी नै नायक बनिन्। उनले स्विडेनका दुई प्रहार रोकेकी थिइन्। २२ वर्षको उमेरमै एस्टोन भिल्लाबाट चेल्सी पुगेकी ह्याम्पटनले इंग्ल्यान्डबाट दुई दर्जन खेल खेलेकी छिन्। उनले पाँच वर्षको उमेरमा स्पेनिस क्लब भिल्ला रियल एकेडेमीबाट फुटबलको प्रशिक्षण लिएकी थिइन्।

(एजेन्सीको सहयोगमा)

खेल संक्षेप

१२औँ विश्व स्ट्रेन्थ लिफ्टिङमा नेपाली खेलाडीद्वारा विश्व कीर्तिमान

काठमाडौं/ थाइल्यान्डको पटायामा भएको १२औँ विश्व स्ट्रेन्थ लिफ्टिङ एन्ड आइबिपी च्याम्पियनसिपमा नेपालले दुई विश्व कीर्तिमानसहित तेस्रो स्थान रक्षा गरेको छ। नौ खेलाडीको उत्कृष्ट प्रदर्शनको सहयोगमा नेपालले विश्व च्याम्पियनसिपमा सात स्वर्ण, पाँच रजत र दुई कांस्यसहित १४ पदक जितेको छ। करण वाडिया र अमृता खड्काले विश्व रेकर्ड राखेका हुन्। पुरुष सिनियर ६० केजी तौलसमूहमा करणले इन्क्लाइन बेन्च प्रेस (आइबिपी)मा रजत जितेका थिए। उनले स्ट्रेन्थ लिफ्टिङ (हेक लिफ्ट)मा स्वर्णसहित दुई सय २० केजी वजन उठाएर नयाँ विश्व कीर्तिमान राख्न सफल भए। यसैगरी, महिला सिनियर ५८ केजीमा अमृताले ७२.५ केजी वजन उठाउँदै नयाँ विश्व कीर्तिमान बनाइन्। उनले आइबिपी र हेक लिफ्ट दुवैमा स्वर्ण जितिन्। उनले हेक लिफ्ट च्याम्पियन अफ च्याम्पियन कप पनि हात पारिन्। यो प्रतियोगिताकै विशेष उपाधि हो। त्यसैगरी, सिनियर ८० केजी तौलमाथि दीपा विष्टले आइबिपीमा स्वर्ण पदकसहित महिलातर्फ ओभरल च्याम्पियन बन्न सफल भइन्। पुरुषतर्फ सिनियर ६८ केजीमा मोहित गुप्ताले आइबिपीमा स्वर्ण र हेक लिफ्टमा कांस्य जिते। मास्टर १ समूहमा सानुकान्छा लामाले आइबिपी र हेक लिफ्टमा रजत पदक हात पारे। मास्टर २ मा केदारमान स्थापितले आइबिपीमा स्वर्ण, सन्तोषकाजी शाक्यले रजत र राजेश श्रेष्ठले कांस्य पदक जितेका थिए।

विश्व एक्वेटिक्समा चार खेलाडीले प्रतिस्पर्धा गर्ने

काठमाडौं/ सिंगापुरमा हुने विश्व एक्वेटिक्स च्याम्पियनसिपमा नेपालबाट चार पौडी खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन्। प्रतियोगितामा समान दुई पुरुष र महिला खेलाडीले प्रतिस्पर्धा गर्ने नेपाल पौडी संघले जनाएको छ। चारै खेलाडीले समान दुई स्पर्धामा भाग लिनेछन्। पुरुषमा इर्भिन श्रेष्ठले सय र दुई सय मिटर फ्रिस्टायलमा भाग लिनेछन्। अजलकाजी ताम्राकारले ५० मिटर फ्रिस्टायल र ५० मिटर बटरफ्लाईमा प्रतिस्पर्धा गर्नेछन्। महिलामा ओलम्पियन डुवाना लामाले दुई मिटर फ्रिस्टायल र सय मिटर ब्रेस्टस्ट्रोकमा प्रतिस्पर्धा गर्ने संघले जानकारी दिएको छ। आर्या महर्जनले ५० र सय मिटर फ्रिस्टायलमा सहभागिता जनाउनेछन्। नेपाली खेलाडीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप)का पौडी मुख्य प्रशिक्षक शंकर कार्कीले प्रशिक्षण दिएका छन्। ११ जुलाईदेखि ३ अगस्टसम्म प्रतियोगिता चल्नेछ। नेपालको खेल २७ जुलाईदेखि सुरु हुने संघका सचिव गंगालाल गोलेले जानकारी दिए। टोलीलाई राखेपका सदस्यसचिव टंकलाल घिसिङ र संघका अध्यक्ष जगतमान श्रेष्ठले बिदाइ गरेका छन्। श्रेष्ठले विश्व च्याम्पियनसिपमा नेपाली खेलाडीबाट कम्तीमा दुईवटा राष्ट्रिय कीर्तिमानको अपेक्षा रहेको बताए। 'हामीले दुईवटा राष्ट्रिय कीर्तिमान लक्ष्य राखेका छौं,' उनले भने। यसैगरी, मुख्य प्रशिक्षक कार्कीले अर्को वर्ष जापानमा हुने २०औँ एसियन खेलकुद प्रतियोगितामा नेपालको तयारीमा सहयोग पुग्ने बताए।

पल्सर स्पोर्टस् अवार्ड पहिलोपटक पोखरामा



नयाँ पत्रिका

पहिलोपटक एनएसजेएफ पल्सर स्पोर्टस् अवार्ड २०८१ काठमाडौंभन्दा बाहिर हुने भएको छ। आयोजक नेपाल खेलकुद पत्रकार मञ्चले २२औँ संस्करणको अवार्ड २९ भदौमा पोखरामा हुने घोषणा गरेको छ। यसपटक पनि अवार्डको मुख्य प्रायोजक गोल्छा ग्रुप रहनेछ। गोल्छा ग्रुप र मञ्चबिच शुक्रबार प्रायोजकसम्बन्धी सम्झौता भएको छ। मञ्चका अध्यक्ष निरञ्जन अधिकारी र गोल्छा ग्रुपका कार्यकारी निर्देशक अभिमन्यु गोल्छाले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्। लगातार १७ वर्षदेखि मुख्य प्रायोजकको भूमिका निर्वाह गरेको गोल्छा ग्रुपले अवार्डका लागि थप पाँच वर्षको सम्झौता गरेको छ। सम्झौताअनुसार गोल्छा ग्रुपले नगदसँगै ४० लाख रुपैयाँबराबरको प्रायोजन गर्नेछ।

मञ्चका अध्यक्ष अधिकारीले नेपाली खेलकुदको दायरा फराकिलो भइरहेको अवस्थामा स्पोर्टस् अवार्डलाई देशव्यापी फैलाउने उद्देश्यले पोखरामा अवार्ड आयोजना गर्न लागेको जानकारी दिएका छन्। 'काठमाडौंबाहिर लैजाने तयारी केही वर्षअगाडिदेखि भइरहेको थियो। हामीले केही मुख्य सहरका प्रतिनिधिसँग पनि कुराकानी गऱ्यौं,' उनले भने, 'यस क्रममा पोखराले भ्रमण वर्ष २०२५ मनाइरहेका वेला सबै पक्ष अनुकूल बनेपछि अवार्ड पोखरामा गर्ने निर्णय गऱ्यौं।'

गोल्छा ग्रुपका कार्यकारी निर्देशक गोल्छाले १७ वर्षको यो सहकार्य नेपालकै लामो साझेदारीमध्ये एक भएको बताए। 'यसले दुई संस्थाबिचको प्रतिबद्धता र विश्वास देखाउँछ। त्यसैले पनि एनएसजेएफसँग आबद्ध हुन पाउँदा गर्व महसुस हुन्छ,' अभिमन्युले भने।

मञ्चका महासचिव अन्जन खड्काले अवार्डमा १० विधा समावेश भएको जानकारी दिए। वर्षका उत्कृष्ट पुरुष, महिला, युवा, प्रशिक्षक, पिपल्स च्वाइस, पारा एथलिट सम्मान, स्पेसल अवार्ड, लाइफटाइम एचिभमेन्ट, एसियन स्पोर्टस् जर्नालिस्ट र टिम अफ दी इयर विधा रहेको खड्काले बताए।

पाँच विधाका विजेतालाई मोटरसाइकल

दशमध्ये पाँच विधाका विजेताले पल्सर मोटरसाइकल प्राप्त गर्नेछन्। उत्कृष्ट पुरुष, महिला, युवा, प्रशिक्षक र पिपल्स च्वाइस अवार्डका विजेताले साइकल प्राप्त गर्ने महासचिव खड्काले बताए। स्पेसल, लाइफटाइम अचिभमेन्ट, टिम अफ दी इयर र पारा एथलेट सम्मानका विजेताले समान एक लाख रुपैयाँ प्राप्त गर्नेछन्। पिपल्स च्वाइस विधाको मनोनयनका साथै वर्ष खेलाडी पुरुष, महिला, युवा र प्रशिक्षक विधाको मनोनयन केही दिनमै सार्वजनिक गरिने मञ्चले जनाएको छ। एआइपिएस एसियाका कोषाध्यक्ष निरञ्जन राजवंशीले कुनै पनि एक संस्थाले २२ वर्षसम्म एउटै कार्यक्रम गर्नु र एउटै प्रायोजकसँग १७ वर्षको सहकार्य दुर्लभ रहेको बताए।

भारतीय क्रिकेटर यशमाथि बालिका बलात्कारको आरोप

रोयल्स च्यालेन्जर्स बेंग्लोरका फास्ट बलर यश दयालले दुई वर्षसम्म यौन शोषण गरेको एक महिलाले आरोप लगाएकी छिन्

एजेन्सी

भारतीय तीव्र गतिका बलर यश दयालमाथि नाबालिग बलात्कारको आरोप लागेको छ। जयपुरको सांगानेर प्रहरी चौकीमा यशविरुद्ध उजुरी दर्ता भएको भारतीय सञ्चारमाध्यमले जनाएको छ। यशले एक युवतीलाई दुई वर्षसम्म भावनात्मक रूपमा ब्ल्याकमेल गर्दै बलात्कार गरेको आरोप छ।

यशले क्रिकेटमा करिअर बनाइदिने प्रलोभन देखाएर सीतापुराको एक होटेलमा बोलाएको र बलात्कार गरेको ती महिलाले उजुरीपत्रमा जनाएकी छिन्। सोही होटेलमा यशले ती महिलालाई पहिलोपटक यौन दुर्व्यवहार गरेका थिए। पहिलो घटना हुँदा पीडित महिला १७ वर्षकी थिइन्। प्रहरीले यो मुद्दालाई यौन अपराधबाट बालबालिकाको संरक्षण गर्ने कानुनअन्तर्गत दर्ता गरेको भारतीय सञ्चारमाध्यम एनडिटिभीले सम्प्रेषण गरेको छ। जयपुरको घटना बाहिर आउनुअघि नै यश अर्को एक यौन शोषणको मामिलामा पनि मुछिएका थिए।

इलाहाबाद उच्च अदालतले हालै उनको गिरफ्तारीमा रोक लगाएको थियो। न्यायाधीश सिद्धार्थ बर्मा र अनिल कुमारको इजलासले दयालको निवेदनमाथि सुनुवाइ गर्दै गिरफ्तारीमा रोक लगाउने आदेश दिएको थियो। अदालतले सरकारी वकिल र उजुरीकर्ता दुवैलाई जवाफ पेस गर्न भनेको छ। २७ वर्षीय यशविरुद्धको पहिलो उजुरी गाजियाबादको इन्दिरापुरम प्रहरी चौकीमा ६ जुलाईमा दर्ता भएको थियो। भारतीय न्याय संहिताको धारा ६९ अन्तर्गत मुद्दा दर्ता गरिएको छ।

महिलासँग पाँच वर्षअघि भेट

उजुरीकर्ता महिलाले यशलाई पाँच वर्षअघि भेटेकी थिइन्। जयपुरमा आइपिएलको खेल चलिरहँदा नै यश र ती महिलाबिच भेट भएको थियो। यशले ती महिलालाई विवाह गर्ने र क्रिकेटमा भविष्य बनाउने वाचा गरेका थिए। तर, ती महिलाले यशसँग विवाहको बारम्बार प्रस्ताव नराखेकी होइनन्। तर, क्रिकेटरले महिलाको प्रस्ताव सधैं नकार्दै गए। अन्य महिलासँग पनि यशको सम्बन्ध रहेको खुला भएपछि ती महिलाले उजुरी दिएकी हुन्। ती महिलाले सन् २०२३ देखि ०२५ सम्म यशबाट बारम्बार यौन शोषण भएको आरोप लगाएकी छिन्। मुद्दा भारतीय दण्डसंहिता र बाल यौन अपराधविरुद्धको कानुन (पोक्सो)अन्तर्गत दर्ता गरिएको छ।



उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मनिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


ड्रग्स एडिक्सन र शरीरका बिषालु केमिकलहरूबाट मुक्त हुन सम्पर्क गर्नुहोस् ।

नार्कोनन् नेपाल
दक्षिण एसियाको एक मात्र अमेरीकी शाखा

बसन्त राज कुँवर
रिहुयाब स्पेसलिष्ट

पूजा कुँवर
प्युरीफीकेसन स्पेसलिष्ट





यदी तपाईको शरीरमा ड्रग्स, एन्टीबायोटिक्स, रेडिएसन, केमो लगाएत तरकारी र प्रदूषणबाट आएका बिषालु केमिकलहरू छन् भने "New Life Detoxification" कार्यक्रम अन्तर्गतको "Purification" गर्नुहोस् ।

विस्तृत जानकारीको लागि, सम्पर्क गर्नुहोस्

९८५१० ३७५२९, ९८५१० ४८४३२, ०१ ४६५००५४, ०१ ३७७१२४

बुढानिलकण्ठ, काठमाडौं, नेपाल, narcononnepal@gmail.com

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com